# सन्तानलाई स्वदेशकै सेवामा लगाउन अभिभावकलाई सुझाव

भक्तपुर । बाल विकास सेकेन्डरी स्कूलको ३८ औँ वार्षिकोत्सव समारोह नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा पुस २६ गते सम्पन्न भयो । समारोहमा अध्यक्ष बिजुक्छेँले अभिभावकहरूले आफ्ना सन्तानहरूलाई विदेशमा गएर विदेशीको सेवा गर्ने नभई स्वदेशमै आएर देश र जनताको सेवा गर्नुपर्ने कुरा सिकाउनुपर्छ भन्नुभयो ।

उहाँले शिक्षक शिक्षिकाहरूले पाठ्यक्रममात्र पढाएर नपुग्ने र देश विदेशको राजनीतिक स्थितिबारे नयाँ पुस्तालाई जानकार बनाउनुपर्ने र देशको सम्पदा र स्थानको जानकारी हुनेगरी भूगोल सिकाउनु र चिनाउनुपर्छ भन्नुभयो ।

उहाँले विदेशमा पढ्दैमा कोही योग्य र सक्षम नहुने धारणा राख्दै विदेशमा पढेर आएकाहरू मन्त्री र उच्च पदमा पुग्दा देश र देशवासीको नोक्सान हुने निर्णय वा सम्झौता भएका कैयन् उदाहरण छन् भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले विश्वका सार्वभौम देशहरूमाथि हमला गर्ने अमेरिकी साम्राज्यवादको नेपाली जनताले पनि विरोध गर्नुपर्ने बताउनुभयो ।

समारोहमा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सृजना सैजूले नेपालको शिक्षा व्यवस्था राम्रो हुन नसक्नुमा गलत राजनीतिक व्यवस्था र भ्रष्टाचार कारक रहेको बताउनुभयो ।

उहाँले अमेरिकी राष्ट्रपति ट्रम्प र अमेरिकी प्रशासन अहिलेजस्तै अगाडि बढेमा साम्राज्यवादी युद्ध दक्षिण एसिया र नेपालमै आइपुग्न बेर छैन भन्नुभयो ।

उहाँले विदेशी सहायता अझ अमेरिकी डलर सहायता लिएपछि त्यसको मूल्य तिर्न कठिन हुने विश्व घटनाक्रमले देखाइरहेको छ भन्दै विदेशी सहायताले सञ्चालित व्यक्ति, संस्था र पार्टीसँग नेपाली जनता सजग रहनुपर्ने बताउनुभयो ।

उहाँले आजका विद्यार्थीहरूलाई नयाँ विधि र प्रविधिका साथमा हाम्रो मौलिक प्रकृति, संस्कृति, समाज, इतिहास आदिको पनि ज्ञान दिनुपर्ने औँल्याउनुभयो ।

बाँकी पृष्ठ १२ मा

साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३२ ✪ अङ्क ५२ ✪ २९ पुस २०८२, मङ्गलबार ✪ 13 January 2026, Tuesday ✪ मूल्य रू. १०/-

# नेमकिपाका युवा–विद्यार्थीद्वारा राजधानीमा भेनेजुयलामाथि अमेरिकी आक्रमणविरुद्ध विरोध प्रदर्शन र सभा




काठमाडौँ । दक्षिण अमेरिकी सार्वभौम र स्वतन्त्र मुलुक भेनेजुयलामाथि संरा अमेरिकी सेनाले गरेको कायरतापूर्ण एवम् बर्बर हमला गरी भेनेजुयलाका जननिर्वाचित राष्ट्रपति निकोलस मादुरो र प्रथम महिला सिलिया फ्लोरेसलाई राजधानी काराकासबाट बलजफ्ती अपहरण गरी संरा अमेरिका लगेर झूटा मुद्दा चलाएको विरोधमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ र नेपाल क्रान्तिकारी युवा सङ्घको आयोजनामा पुस २५ गते विरोध प्रदर्शन भयो ।

काठमाडौँको रत्नपार्कमा भएको सभामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "संरा अमेरिकाको ट्रम्प प्रशासनले पुस १९ गते भेनेजुयलामा बम वर्षा गरी त्यहाँका राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई अपहरण गरेर अमेरिकी अदालतमा लागुपदार्थ तस्करीको आरोपमा मुद्दा चलायो । नेमकिपाले पुस २० गते भेनेजुयला र ल्याटिन अमेरिकामा ट्रम्प प्रशासनको विरोध गरी मादुरो दम्पतीको सकुशल फिर्ताको लागि आह्वान गऱ्यो ।"

नेपाली कामदारवर्ग र अमेरिकी कामदारवर्ग मित्र भएको र नेपाली जनताको विरोध संरा अमेरिकी साम्राज्यवादको भएको स्पष्ट पार्दै सचिव सुवालले भन्नुभयो, "ट्रम्प प्रशासनको जङ्गली शासनको विरोधमा संरा अमेरिकी जनताले मिनियापोलिसमा झन्डा जलाए भने ग्रीसको एथेन्समा पनि संरा अमेरिकी झन्डा जलाइयो ।"

संयुक्त राष्ट्र सङ्घको बडापत्रमा संसारमा युद्ध रोक्ने, मानव अधिकारको प्रत्याभूत गर्ने, अन्तर्राष्ट्रिय कानुनको पालना गराउने, सामाजिक उन्नति र स्वतन्त्रतासहितको जीवन बनाउने, शान्ति सुरक्षा प्रत्याभूत गर्ने, अन्तर्राष्ट्रिय कानुनको पालना गराउने, हतियार र बल प्रयोग गर्न नदिने, साझा हित हेर्ने उल्लेख छ, सचिव सुवालले उल्लेख गर्नुभयो ।

"संरा अमेरिकाको ट्रम्प प्रशासनको भेनेजुयलामा आक्रमण र ल्याटिन अमेरिकामा धम्की संयुक्त राष्ट्र सङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लङ्घन हो । अन्तर्राष्ट्रिय विवाद समाधान गर्ने संरा सङ्घअन्तर्गतको निकाय अन्तर्राष्ट्रिय अदालत हो, ट्रम्प प्रशासन होइन", उहाँले स्पष्ट गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "संरा सङ्घको सुरक्षा परिषद्मा फ्रान्स, रुस र चीनले भेनेजुयलामाथि ट्रम्प प्रशासनको हमलाको निन्दा गर्दै राष्ट्रपति मादुरो दम्पतीको तत्काल रिहा गर्न जोड दिए । त्यही समयमा संरा अमेरिकी विदेशमन्त्री मार्को रूबियोले संरा सङ्घको निर्णयबारे आफूलाई चासो नभएमो अहङ्कार व्यक्त गरे ।"

उहाँले थप्नुभयो, "ट्रम्प प्रशासनको राष्ट्रिय सुरक्षा नीति २०२५ नोभेम्बरमा संसारमा संरा अमेरिका पहिलो हुने, नाटो देशहरूलाई कुल गार्हस्थ उत्पादन ( जीडीपी) को ५ प्रतिशत बजेट राख्न लगाएको, संरा अमेरिकी डलरलाई विश्वमा आरक्षित मुद्रा बनाउने दाबी गरिएको छ । सो नीतिमा अन्य देशलाई आफूभन्दा बलियो हुन नदिने र सन् १९९० मा युरोपेली देशको विश्वव्यापी जीडीपीमा २५ प्रतिशत हिस्सा पुगेको तर अहिले १४ प्रतिशतमा झरेको उल्लेख छ ।"

सचिव सुवालले भन्नुभयो, "ट्रम्प प्रशासनले भेनेजुयलामा आक्रमण अघिबिजुली निभाएर अँध्यारो पारेको थियो । सार्क विद्युत् ग्रीड सम्झौताको नाममा शासक दलहरूले नेपालको बिजुली बाल्ने र निभाउने स्वीच दिल्लीमा राख्ने उल्लेख गरेको खारेज हुनुपर्छ ।"

सभामा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले राष्ट्र सङ्घमा आबद्ध देशहरू त्यसको बडापत्रमा बाँधिएका हुन्छन् तर संरा अमेरिकाले उक्त वडापत्रको उल्लङ्घन गरेकोमा आक्रोश पोख्नुभयो भने अर्का केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले नेपाली जनताको अन्तर्राष्ट्रिय कर्तव्य पूरा गर्न सार्वभौम भेनेजुयलामाथि अमेरिकाको नाङ्गो हस्तक्षेपको विरोध गरेको बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

# देश र जनताको निःस्वार्थ सेवा नै राजनीति

काभ्रे । तेस्रो नेपालभाषा साहित्य त:मुंज्या र सांस्कृतिक कार्यक्रम बनेपा ७, गा:बह:ननीमा पुस २६ गते सम्पन्न भयो ।

स्थानीय वरिष्ठ समाजसेवी एवं पूर्व जनप्रतिनिधि उद्धव तौजलेले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गरिएको कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेमकिपाले देश र जनताको निःस्वार्थ सेवा नै राजनीति ठानेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सरकारमा गएका दलहरूले राजनीतिको नाममा पक्षपात, नातावाद, भ्रष्टाचार बढाउँदै छन् । यसको परिणाम बहुदल र गणतन्त्रको पैतीस वर्षयता शासक दलहरूले देशलाई २८ खर्ब रुपैयाँ बढी ऋण बोकाए, वर्षको पन्ध्र खर्ब रुपैयाँ बढी व्यापार घाटामा पुऱ्याए । युवालाई राहदानी बाँड्दै वैदेशिक रोजगारीमा पठाए ।"

"नेपालमा भदौ २३ र २४ गते भएको घटनाबारे संरा अमेरिकी पत्रकार र लेखकहरूले नेसनल इन्डोमेन्ट फर डेमोक्रेसी र इन्टरनेसनल रिपब्लिकन इन्स्टिच्युटलगायत संस्थाहरूको हात रहेको उल्लेख गरे । ट्रम्प प्रशासनले इन्डो प्यासिफिक स्ट्राटेजी कोअपरेटिङ मिलिटेरी पर्पोजसहितको एमसीसी उल्लेख गरेको छ । एमसीसीमा संरा अमेरिकी सरकारको नियम र कानुन पालना गर्नुपर्ने प्रावधान छ । यसकारण, नेमकिपाले एमसीसीको विपक्षमा मत दिएको हो", सचिव सुवालले भन्नुभयो ।

सचिव सुवालले थप्नुभयो, "भेनेजुयलाको तेल, ग्यास, सुनलगायत बहुमूल्य धातु कब्जा गर्न ट्रम्प प्रशासनले राष्ट्रपति मादुरोलाई लागूपदार्थ तस्करको आरोप लगाई पुस १९ गते राति अपहरण गरी न्युयोर्कको अदालतमा मुद्दा चलाएको हो । नेमकिपाले मादुरो दम्पतीलाई अपहरण गरी झूटा मुद्दा चलाउने ट्रम्प प्रशासनको निन्दा गरी तत्काल रिहा गर्नुपर्नेमा जोड दियो ।"

संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्मा फ्रान्स, रुस, चीनले पनि ट्रम्प प्रशासनको विरोध एवम् निन्दा गरी मादुरो दम्पतीको तत्काल रिहा हुनुपर्नेमा जोड दिए । तर, ट्रम्प प्रशासनका विदेशमन्त्री मार्को रूबियोले संरा सङ्घमा निर्णय हुन्छ भनी आफूलाई चासो नभएको बताए । हालै ट्रम्प प्रशासनले आफ्नो रक्षा मन्त्रालयको नाम युद्ध मन्त्रालयमा परिणत गरेको हो, उहाँले भन्नुभयो ।

ट्रम्प प्रशासनले कोलोम्बिया, डेनमार्क (ग्रीनलैन्ड), मेक्सिको, इरान र क्युबालाई पनि बल प्रयोग गर्ने धम्की दिँदै गरेको चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, "संरा अमेरिकी जनताले 'राजा चाहिँदैन' भन्दै ट्रम्प प्रशासनको हैकमवादको विरोध गर्दै छन् । भेनेजुयलाका राष्ट्रपति मादुरोको अपहरणको विरोधमा संरा अमेरिकी सहरहरूमा ट्रम्प प्रशासनको विरोध भइरहेको छ ।"

सचिव सुवालले देश र जनताको निःस्वार्थ सेवा गर्ने राजनीति साहित्यकार, कलाकार, खेलाडी, विद्यार्थी र शिक्षक सबैले गर्नु जरुरी भएको बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ साहित्यकार मोहन दुवालले त:मुंज्याले भाषा र साहित्यको माध्यमले जनताको भावना उजागर गर्ने कार्य गरेको बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

# राष्ट्रियसभाको निर्वाचन र त्यसको औचित्य ?

✍ **विवेक**

माघ ११ गते राष्ट्रियसभाको निर्वाचन हुँदै छ । राष्ट्रियसभामा १८ वटा रिक्त स्थानका हुने निर्वाचनका लागि ५ वटा पार्टीले मनोनयन दर्ता गराएका छन् । प्रदेशसभा सदस्यहरू र स्थानीय तहका प्रमुख वा अध्यक्ष र उपप्रमुख वा उपाध्यक्ष मात्र मतदाता रहने उक्त निर्वाचनमा नेका, एमाले, नेपाली कम्युनिस्ट पार्टी, नेमकिपा, जनता समाजवादी पार्टी नेपाल र लोसपाले उम्मेदवारी दर्ता गराएका छन् ।

नेपालको संविधानअनुसार प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएको व्यक्तिसहित आठ जना गरी ७ वटा प्रदेशबाट ५६ जना निर्वाचित हुने र राष्ट्रपतिबाट मनोनित हुने १ जना महिलासहित तीन जना गरी जम्मा ५९ जनाको राष्ट्रियसभाको व्यवस्था छ । हरेक २ वर्षमा एक तिहाइ सदस्यहरूको म्याद समाप्त हुने भएबमोजिम फागुन २० गते १९ जना सदस्यहरूको म्याद सकिँदै छ । ती रिक्त हुने स्थानका लागि अब निर्वाचन हुन लागेको हो ।

रिक्त हुनेमा कोशीबाट ३ जना, मधेशबाट ४ जना, वाग्मतीबाट २ जना, गण्डकीबाट -२ जना, लुम्बिनीबाट -३ जना, कर्णाली र सुदुरपश्चिमबाट २-२ जना रहेका छन् । एक जना राष्ट्रपतिबाट मनोनित सदस्यको पनि कार्यकाल सकिँदै छ ।

राष्ट्रियसभा स्थायी सदन हो । राष्ट्रियसभा विघटन हुँदैन । प्रतिनिधिसभा विघटन भएको अवस्थामा पनि राष्ट्रियसभा क्रियाशील रहन्छ । आगामी राष्ट्रियसभा निर्वाचन पनि शासक दलहरूबिच भागबन्डा गरेर चुनाव लड्दै छन् । नेका ९, एमाले ८ र जनता समाजवादी पार्टी १ मा सहमति गरी सोहीबमोजिम उम्मेदवारी दर्ता गराइएको छ । वाग्मती प्रदेशमा नेमकिपाको तर्फबाट विक्रम ढुकुछु र कविता महर्जन, एमालेको तर्फबाट प्रेमप्रसाद दङ्गाल, नेपाली काङ्ग्रेसबाट गीता देवकोटा, नेपाली कम्युनिस्ट पार्टीबाट प्रेमप्रसाद सापकोटा र सरोजकुमारी झाले उम्मेदवारी दिएका छन् । नेका र एमालेबिच सहमति भए पनि नेपाली कम्युनिस्ट पार्टीसँग भने सहमति भएको देखिएन ।

निर्वाचन एउटा विचारको प्रतिस्पर्धा हो । दलहरूबिच सहमतिमा चुनाव लड्ने संस्कृतिले प्रतिस्पर्धात्मक भावना गौण हुन पुगेको छ । हरेक निर्वाचन सहमतिमा गर्ने हो भने निर्वाचनको 'नाटक' गरिरहनु आवश्यक छैन । सबैलाई निर्विरोध घोषणा गरे भइहाल्यो नि ! त्यत्रो राज्यको पैसा र समयको बर्बादी किन ? ठूला दलहरूबिच गठबन्धन गरी चुनाव लड्नु प्रजातन्त्र होइन । यसलाई सिधै भागबन्डा भनिदिएहुन्छ । पदको लागि जोसुकैसँग जे सुकै विषयमा पनि गठबन्धन गर्नुले अहिले शासक दलहरूप्रति नैतिकताको गम्भीर प्रश्न उठिरहेको छ तर ती दलहरूले भने त्यसलाई वास्ता गरिरहेका छैनन् । युवाहरूको आन्दोलन त्यसैको परिणाम हो ।

राज्य सञ्चालनको लागि साहित्य, कला, विज्ञान तथा विभिन्न विषयका विज्ञहरूको आवश्यकता पर्ने हुन्छ । त्यस्ता व्यक्तित्वहरू निर्वाचनमा नजित्न पनि सक्छन् । प्रतिनिधिसभा निर्वाचनमा जनतासँग भिजेका, राजनीतिमै समर्पित भएर लागेका, शैक्षिक योग्यता भएका वा नभएका व्यक्तिहरू जो जनताबिच लोकप्रिय

बाँकी पृष्ठ ११ मा

# लम्कीमा पार्टी केन्द्रीय परिषद्को सन्देश कार्यक्रम



कैलाली । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा पार्टीको आठौँ अधिवेशनपछिको पहिलो (३७ औँ) केन्द्रीय परिषद्को सन्देशबारे पुस २७ गते कार्यक्रम छलफल लम्कीमा भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पुस १८ र १९ गते सम्पन्न केन्द्रीय परिषद्ले कामदार जनताका प्रतिनिधिले मात्र समाजवादी व्यवस्थाका लागि सङ्घर्ष गर्न सक्छन् भन्ने शिक्षा

बाँकी पृष्ठ १२ मा



तीव्र आर्थिक र सामाजिक विकासबिनाको राजनीतिक स्वाधीनताको कुनै अर्थ हुँदैन ।

**प्याट्रिस लुमुम्बा** (अफ्रिकी नेता)

## सम्पादकीय

# भक्तपुरको राजनीतिमा पुँजीवादी छायाँ !

भक्तपुर नगर र जिल्ला सफाइ आन्दोलन, रात्रि स्कुल सञ्चालन, साँढे धपाउने, किसान आन्दोलन भएका ठाउँ हुन् । उसबेला धानबाली तीन भागमध्ये दुई भाग जग्गा धनी वा सामन्तले बुझ्थे भने जोताहा किसानले एक भागमात्र पाउँथे । गहुँ बाली आधाआधा भई आएकोमा किसानले गहुँ बाली तिर्नै नपर्ने भूमिसुधार कानुन लागू गर्न दुईचार वर्ष लाग्यो । त्यो आन्दोलनबाट गरिब किसानहरूले साहुसँग १ सय रुपैयाँ ऋणको सय रुपैयाँ नै ब्याज लिएको हुँदा ‘भूमिसुधार ऐन’ ले सावाँभन्दा ब्याज बढी गएमा ऋण र ब्याज तिर्नै नपर्ने गरेको हुँदा किसान जनताले केही आर्थिक राहत पाए । किसान जनताको जीवनस्तरमा आएको सुधारबाट भक्तपुरको व्यापार र बजारमा राम्रो प्रभाव पऱ्यो र प्राथमिक विद्यालयहरूमा किसानका छोराछोरीहरूको भर्नामा ठुलो प्रगति भयो । जग्गा धनी सामन्तहरू पुरानै ढङ्गले बाली बुझ्न चाहन्थे भने जोताहा किसान र किसान कार्यकर्ताहरू भूमिसुधार ऐनअनुसार मात्रै बाली बुझाउन चाहन्थे । त्यसले आन्दोलनको लामो रूप लियो । त्यो पनि एक वर्गसङ्घर्ष थियो । भूमिसुधार ऐनअनुसार प्रशासन र प्रशासकहरूसमेत ऐन लागू गर्न उत्सुक थिएनन् र दोहोरो चाल चालेर उनीहरूले किसान र सामन्तहरूबिच बारम्बार जोताहा किसानलाई जग्गा निष्कासन वा बेदखल गर्ने खेल खेल्थे । त्यसैमा किसान स्वयम्सेवकहरू गएर बाली काटी किसानको घरमा फसल पुऱ्याउने काम गर्थे र बाँकी स्वयम्सेवकहरू शोषक सामन्त र प्रहरीसँगको मुठभेद शान्त गर्न सहयोग गर्थे । हरेक घटनामा केही किसान कार्यकर्ताहरू ‘लुटपिट’ र अन्य मुद्दामा कारागार पुऱ्याइन्थे ।

किसान कार्यकर्ताहरू कानुनको भाकाभित्रै बाली बुझाउन जान्थे तर सामन्तहरू ‘तिमी हाम्रो मोही होइनौ’ भनी बाली बुझेर पनि भरपाई दिँदैनथे, विवाद चर्किन्थ्यो । यसरी किसान र सामन्तसँगको सङ्घर्षसँगसँगै ‘साँढे धपाउने आन्दोलन’, भारतीय विस्तारवादले नेपालको सुरक्षामा थिचोमिचो गरेको विरोधमा’ पनि ‘सुस्ता रक्षा आन्दोलन’ मा पनि धेरै किसान कार्यकर्ताहरू जेल गए र ‘राजकाज मुद्दा’ झेले ।

**शिक्षा र सांस्कृतिक आन्दोलन**

किसान रात्रि विद्यालय, रात्रि महिला विद्यालय र स-साना नानीहरूको निम्ति किसान कार्यकर्ताहरूले नै पाटी-पौवा र टहरामा, टोलटोल र केही गाउँमा एक कक्षादेखि पढाउने स्कूल सञ्चालन गर्न सुरु गरे । तर, सरकारले धेरै वर्षपछि मात्रै ती विद्यालयहरूमध्ये केहीलाई स्वीकृति दियो ।

रात्रि किसान स्कूलहरूले नयाँ किसान कार्यकर्ताहरूको राजनीतिक चेतनालाई जगाए र भियतनाममा अमेरिकी साम्राज्यवादी आक्रमणको विरोधमा नेपालमा पहिलो भियतनामी जनताप्रति ऐक्यबद्धता प्रकट गर्न प्रदर्शनहरू भएका थिए । केही किसान कार्यकर्ताहरू पक्राउ परे, बाँकी कार्यकर्ताहरूले चोक चोकमा भियतनामको फोटो प्रदर्शनीहरू गर्दै गए । त्यसले पनि एक आन्दोलनकै रूप लियो । समाजमा व्याप्त विसङ्गतिविरुद्ध गाईजात्रा र इन्द्रजात्रामा पनि गाईँचा म्ये (व्यङ्ग्य गीत) प्रहसन र प्रगतिशील नाटकहरू टोल-टोलमा मञ्चन भए ।

२०१७ सालपछि राजनीतिक दलहरूमा प्रतिबन्ध लगाइए पनि केही पुराना कम्युनिस्ट नेताहरू जेल गए, केही भारत प्रवासमा गए, केही भूमिगत बसेर तथा बाँकी नेताहरू शिक्षक, पत्रकार र अन्य पेसामा लागे । त्यसपछि नेपालको कम्युनिस्ट आन्दोलन एक प्रकारले विश्रृङ्खलित भयो ।

भक्तपुरमा पुराना मठमन्दिर जीर्णोद्धार गर्न किसानहरूको घर-घर र टोल-टोलमा पनि चर्पी बनाउने र ढल बनाउन ‘जर्मन प्रोजेक्ट’ को तर्फबाट सरकारले काम सुरु गऱ्यो । त्यसको निम्ति जर्मन प्रोजेक्टमा नेपाली अधिकारीहरू र जर्मन प्राविधिकहरू मिलेर काम सुरु गर्दा इँटाको काम गर्ने आवश्यक डकर्मी र सिकर्मीहरूलाई काम दिन थाले । त्यसमा टोलटोलका धेरै कामदारहरूले तालिम र काम पाए । पहिले नगरभित्र खुला रक्सीको भट्टी पसल थिएन तर ज्यामीहरूले दिउँसो खाजा खाने चोकचोक र गल्ली-गल्लीमा भट्टीहरू खोल्न थाले ।

जर्मन प्रोजेक्टलाई आवश्यक इँटाहरू पाउन धनी किसान र मध्यम किसानका युवाहरूलाई इँटाभट्टाहरू बनाउन उत्साहित गरियो । यसरी भक्तपुरमा ठुलठुला इँटाका मालिकहरू नै ट्रक ड्राइभर र पछि ट्रक र बसका मालिक पनि बन्न थाले । काठमाडौँ उपत्यकामा जिल्ला-जिल्लाबाट जनसङ्ख्या बढाउने सरकारहरूको नीतिले पचहत्तरै जिल्लाका शोषक, सामन्त, साहुमहाजन र जालीफटाहाहरूबाट उपत्यका भर्दै गयो । अपराधको सङ्ख्या पनि बढ्दै गयो । घर जग्गाको व्यापारले नयाँ व्यापारीहरूको असङ्ख्य समूहहरू देखिए । उपत्यकाका अन्य ठाउँ जस्तै भक्तपुरको जग्गाको मूल्य पनि बढ्यो र सहर तथा गाउँमा पनि निर्माण कार्यहरू बढे । निजी कारहरू राख्न सक्ने हजारौँ परिवार भक्तपुरमा पनि देखिए । नयाँ पुस्ताका धनी र मध्यम किसानका छोराछोरीहरू पनि जग्गा बेचेको रकमले उद्योग र व्यापारी भए, डाक्टर, इन्जिनियर र प्राध्यापकहरू बने । तीमध्ये केही राजनीतिमा लागेका हुनाले भक्तपुरको राजनीतिमा पुँजीवादको छायाँ पर्नु अस्वाभाविक होइन ।

# ट्रम्प प्रशासनको नयाँ राजाको हैकमविरुद्ध संरा अमेरिकामा विरोध

✍ **प्रज्ज्वल**

संरा अमेरिकाको ट्रम्प प्रशासनले यही पुस १९ गते भेनेजुयलामा बम वर्षा गऱ्यो । त्यहाँका राष्ट्रपति मादुरो र उहाँकी पत्नीलाई अपहरण गरी संरा अमेरिकाको न्यूयोर्कको अदालतमा लागुपदार्थ तस्करीको आरोपमा मुद्दा चलायो । नेमकिपाले पुस २० गते वक्तव्य प्रकाशित गरेर भेनेजुयला र ल्याटिन अमेरिकी देशमा ट्रम्प प्रशासनको आक्रमण र हस्तक्षेपको विरोध गऱ्यो र मादुरो दम्पतीको तत्काल सकुशल फिर्ताको लागि आह्वान गऱ्यो । नेमकिपाका युवा र विद्यार्थीहरूले संयुक्त रूपमा पुस २५ गते काठमाडौँमा ट्रम्प प्रशासनको विरोधमा प्रदर्शन पनि गरे ।

नेपाली कामदारवर्गका जनता र अमेरिकी कामदारवर्गका जनता मित्र हुन् । नेपाली जनताको विरोध संरा अमेरिकी साम्राज्यवादको हो । ट्रम्प प्रशासनको तानाशाहीको विरोधमा संरा अमेरिकाभरी विरोध भइरहेको छ । मिनियापोलिसका जनताले संरा अमेरिकी झन्डा जलाएर विरोध गरे । संरा अमेरिकाको ग्रीसको एथेन्समा पनि प्रदर्शनकारीले संरा अमेरिकी झन्डा जलाए ।

संयुक्त राष्ट्र सङ्घको बडापत्रमा संसारमा युद्ध रोक्ने, मानव अधिकारको प्रत्याभूत गर्ने, अन्तर्राष्ट्रिय कानुनको पालना गराउने, स्वतन्त्रतासहितको सामाजिक उन्नति गर्ने, शान्ति सुरक्षा प्रत्याभूत गर्ने, कुनै एउटा देशको विरोधमा हतियार र बल प्रयोग नगर्ने, सबै देशको साझा हित हेर्ने उल्लेख छ ।

संरा अमेरिकाको ट्रम्प प्रशासनको भेनेजुयलामा आक्रमण र ल्याटिन अमेरिकी देशमा धम्की संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हो । अन्तर्राष्ट्रिय विवाद समाधान गर्ने संरा सङ्घअन्तर्गतको निकाय अन्तर्राष्ट्रिय अदालत हो, ट्रम्प प्रशासन होइन ।

संरा सङ्घको सुरक्षा परिषद्मा फ्रान्स, रुस र चीनले ट्रम्प प्रशासनको भेनेजुयलामाथि हमलाको निन्दा गरे र राष्ट्रपति मादुरो दम्पतीको तत्काल रिहा गर्न जोड दिए । तर संरा अमेरिकी विदेशमन्त्री मार्को रूबियोले संरा सङ्घले के बोल्छ भन्नेबारे आफू (संरा अमेरिका) लाई चासो नभएको अहङ्कार व्यक्त गरे ।

ट्रम्प प्रशासनको राष्ट्रिय सुरक्षा नीति, २०२५ (नोभेम्बर) मा संसारमा संरा अमेरिका पहिलो हुने, नाटो देशहरूलाई कुल गार्हस्थ उत्पादन (जीडीपी) को ५ प्रतिशत बजेट खर्च गराउने, संरा अमेरिकी डलरलाई विश्वमा आरक्षित मुद्रा बनाउने दाबी गरिएको छ । सो नीतिमा अन्य देशलाई आफूभन्दा बलियो हुन नदिने र सन् १९९० मा युरोपेली देशको विश्वव्यापी जीडीपीमा २५ प्रतिशत हिस्सा रहेकोमा अहिले १४ प्रतिशतमा झरेको उल्लेख छ । संयुक्त राष्ट्र सङ्घकै सदस्य देशहरूमाथि आक्रमण र लुट मच्चाएर ट्रम्प प्रशासनले धनी हुने लक्ष्य राखेको न्यायोचित होइन ।

ट्रम्प प्रशासनले भेनेजुयलामा आक्रमण अघि बिजुली निभाएर अँध्यारो पारेको थियो । सार्क विद्युत् ग्रीड सम्झौतामा नेपालका शासक दलहरूले नेपालको बिजुली बाल्ने र निभाउने स्वीच दिल्लीमा राख्ने गरी अनुमोदन गरे । यो देशघाती सम्झौताको संसद्मा नेमकिपाले मात्र विरोध गरेको हो ।


नेपाल मजदुर किसान पार्टी देश र जनताको नि:स्वार्थ सेवालाई राजनीति ठान्दछ । तर, सरकारमा गएका दलहरूले राजनीतिको नाममा पक्षपात, नातावाद, भ्रष्टाचार बढाउँदै छन् । यसको परिणाम बहुदल र गणतन्त्रको पैतीस वर्षयता शासक दलहरूले देशलाई २८ खर्ब रुपैयाँ बढी ऋण बोकाए भने वर्षको पन्ध्र खर्ब रुपैयाँ बढी व्यापार घाटा पारे । युवालाई राहदानी बाड्दै वैदेशिक रोजगारीमा पठाउनु राजनीति होइन एक देशद्रोह हो ।

नेपालमा भदौ २३ र २४ गते भएको घटनाबारे संरा अमेरिकी पत्रकार र लेखकहरूले नेसनल इन्डोमेन्ट फर डेमोक्रेसी र इन्टरनेसनल रिपब्लिकन इन्स्टिच्युटलगायत संस्थाहरूको हात रहेको उल्लेख गरे । ट्रम्प प्रशासनको इन्डो प्यासिफिक स्ट्राटेजीमा सैन्य उद्देश्य भएको एमसीसीमा उल्लेख गऱ्यो । एमसीसीमा संरा अमेरिकी सरकारको नियम र कानुन पालना गर्नुपर्ने प्रावधान छ । यसकारण, नेमकिपाले संसद्मा एमसीसीको विपक्षमा मत दिएको हो ।

ट्रम्प प्रशासनले कोलोम्बिया, डेनमार्क ( ग्रीनलैन्ड), मेक्सिको, इरान र क्युवालाई पनि बल प्रयोग गर्ने धम्की दिँदै छ । संरा अमेरिकी जनताले ‘राजा चाहिँदैन’ भन्दै ट्रम्प प्रशासनको हैकमवादको विरोध गर्दै छन् । भेनेजुयलाका राष्ट्रपति मादुरोको अपहरणको विरोधमा संरा अमेरिकी सहरहरूमा ट्रम्प प्रशासनको विरोध भइरहेको छ ।

भेनेजुयलाको कार्यवाहक राष्ट्रपति ट्रम्प आफै भएको घोषणा पनि सार्वजनिक भयो । यसको विरोध न्यायप्रेमी जनताले गर्नु जरुरी छ ।

भेनेजुयलाका राष्ट्रपति ह्युगो चाभेजले तेल र ग्यास खानीलाई राष्ट्रियकरण गर्ने र विदेशी कम्पनीहरूलाई समेत निषेध गर्ने समाजवादी कार्यक्रम अघि बढाउनुभयो । चाभेजको यो कार्यक्रमलाई राष्ट्रपति मादुरोले पनि निरन्तरता दिनुभयो । यसकारण, ट्रम्प प्रशासनले राष्ट्रपति मादुरोलाई अपहरण गरी झुटा मुद्दा चलाएको हो । ट्रम्प प्रशासनले संयुक्त राष्ट्र सङ्घको औचित्यलाई नै समाप्त पार्न खोज्दै छ । यसकारण, संसारका न्यायप्रेमी जनताले ट्रम्प प्रशासनको विरोध र निन्दा गर्नु जरुरी छ ।




# पशुपन्छीमा अत्यधिक एन्टिबायोटिक प्रयोगबाट मानव स्वास्थ्यमा आघात

**पाठक स्तम्भ**

**शुक्र**

‘एन्टिबायोटिकले काम नगर्दा नेपालमा वार्षिक ६ हजार मृत्यु’ भएको समाचारबाट नेपालीलाई चिन्ताको विषय बन्यो । चिकित्सकको सिफारिसविना एन्टिबायोटिक बिक्री हुँदा बर्सेनि नेपालीको मृत्यु हुने सङ्ख्या बढ्दो छ ।

आवश्यक औषधिको डोज पूरा नहुँदा पनि एन्टिबायोटिक खानेहरूमा स्वास्थ्य समस्या बढ्दो छ । स्वास्थ्य मन्त्रालयले सन् २०२४ देखि नेपालमा एन्टिबायोटिकले काम नगर्दा मृत्यु हुनेको अध्ययन र तथ्याङ्क सङ्कलन गर्न थालेको हो । मन्त्रालयका अनुसार सन् २०२४ मा पाँच हजार हाराहारी मृत्यु भएकोमा सन् २०२५ अक्टोबरसम्म करिब ६ हजारको मृत्यु भयो । अस्पतालहरूमा उपचारमा आउने बिरामी र उपचारमा संलग्न चिकित्सकले दिएको रिपोर्टका आधारमा तथ्याङ्क तयार गरेको मन्त्रालयले जनायो ।

पछिल्लोपटक अस्पतालहरूमा नमुना सङ्कलन गरेर हेर्दा एन्टिबायोटिकले काम नगर्ने अवस्था बढ्दै गइरहेको मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा. सरोज शर्माले बताए । अस्पतालहरूमा मृत्यु हुनेको रिपोर्ट र बिरामीको उपचार अभिलेखको आधारमा मन्त्रालयले एन्टिबायोटिकले काम नगरेको बताएको हो ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २०५० सम्म एन्टिबायोटिकको कारण विश्वमा वार्षिक एक करोड मानिसको मृत्यु हुने प्रक्षेपण गरेको अर्को समाचार छ । एन्टिबायोटिकको बढी प्रयोगले मानिसको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउँदासमेत नेपाल सरकार के गर्दै छ ?

कम समयमै बढी तौल लिनका लागि पशुपंछीलाई प्रयोग गरिने दाना र इन्जेक्सनमा एन्टिबायोटिक मिसाउने गरेको जानकारहरू बताउँछन् । बढी एन्टिबायोटिक खुवाएको पशुपक्षीका मासु खाँदा सीधै मानिसको शरीरमा असर पुगेको विभिन्न तथ्याङ्कले बताएको चिकित्सकहरूको भनाइ छ । खाद्यान्न बालीमा पनि विभिन्न प्रकारका विषादीको प्रयोग बढ्दो छ । एन्टिबायोटिक मिसाएको विषादीले उपभोक्ताको स्वास्थ्यमा असर पारिरहेको विभिन्न तथ्याङ्कले देखाए पनि नेपाल सरकार कानमा तेल हालेर बस्दै छ ।

चिकित्सकहरूले आवश्यकताभन्दा बढी एन्टिबायोटिक मानव स्वास्थ्यका लागि हानिकारक रहेको समयमै सुझाए पनि सरकारको बेवास्ताले वर्षमा हजारौँ नेपालीको मृत्यु हुनु दु:खद हो । सरकारले बढी एन्टिबायोटिक प्रयोग गर्दा हुनसक्ने असरका बारेमा समयमै जनचेतना किन दिएन ? यसबारे विश्व स्वास्थ्य सङ्गठन (WHO) ले नेपाल सरकारलाई बेलैमा सचेत गराएको समाचार छ । सरकारले विदेशी औषधीको नाममा नेपालीलाई विष खुवाएको गम्भिर अपराध नै हो । यसबारे आजसम्मका प्रधानमन्त्री, मन्त्रीहरूलाई जवाफदेही बनाउनु जरुरी छ ।

# स्थानीय तह जनताको नजिकको सरकार हुँदा जनअपेक्षा स्वाभाविक

आजबाट भक्तपुर नगरपालिकाको १९ औं नगरसभा सुरु हुँदै छ । यस नगरको विकास र प्रगतिका लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति हामी उच्च सम्मान व्यक्त गर्दछौं ।

२०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामी निर्वाचित भएको साढे तीन वर्ष पूरा भयो । ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको यस भक्तपुर नगरपालिकाको नेतृत्वमा बसेर काम गर्न पाउँदा हामीलाई गौरवको अनुभूति भइरहेको छ । भक्तपुर नगरपालिकाको हरेक काममा यहाँका जनताले गरेको साथ र सहयोगप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं । जनताको बलियो साथ र सहयोगबिना भक्तपुरको यो स्तरको विकास सम्भव थिएन ।

स्थानीय तहको निर्वाचनको बेला नेपाल मजदुर किसान पार्टीको घोषणापत्रमार्फत गरिएका प्रतिबद्धताहरू हामी एक-एक गरी पूरा गर्दै छौं । स्थानीय तह जनताको नजिकको सरकार भएको हुँदा स्थानीय तहप्रति जनताको अपेक्षा बढी हुनु अस्वाभाविक होइन । नगरपालिकाको सीमित स्रोत र साधनहरूको अधिकतम प्रयोग गरी जनताका असीमित आवश्यकताहरूलाई प्राथमिकताको आधारमा हामी क्रमश: पूरा गर्दै छौं ।

स्थानीय तहहरू अधिकारसम्पन्न र स्वायत्त भएमात्रै जनताका आवश्यकता छिटो-छरितो पूरा गर्न सकिन्छ भन्ने मान्यताअनुसार भक्तपुर नगरपालिकाले पूर्ण स्वायत्तताको अभ्यास गरिरहेको छ । स्थानीय तहहरूलाई अधिकारसम्पन्न बनाउन समय-समयमा सरकारको ध्यानाकर्षण गरिरहेका छौं । स्थानीय तह प्रजातन्त्रको जग भएको हुँदा स्थानीय तह बलियो भएमात्र प्रजातन्त्र बलियो हुने र जनता बलियो हुनेमा हामी विश्वास गर्छौं ।

हामी निर्वाचित भएदेखि नै नगर र नगरवासीहरूको हितलाई केन्द्रबिन्दुमा राखेर काम गर्दै छौं । नगरको शान्ति सुरक्षादेखि जनताको आधारभूत आवश्यकता पूरा गर्न विभिन्न सरकारी सङ्घ-संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्दै अगाडि बढ्दै छौं । यसले हाम्रा हरेक गतिविधि सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याएको हाम्रो अनुभव छ ।

भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र सम्पदा संरक्षित तथा पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने हाम्रा अग्रजहरूले देख्नुभएको सपनालाई साकार पार्न भक्तपुर नगरपालिका कटिबद्ध भएर लागिरहेको छ । भक्तपुरवासीहरूको लामो र निरन्तरको प्रयासपछि अहिले भक्तपुर सबैको आकर्षणको केन्द्र बन्दै छ ।

नेपालको संविधान र प्रचलित कानुनको अधीनमा रही शिक्षा, स्वास्थ्य उपचार, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माणका कार्यहरू गर्दै युवाहरूका लागि सीपमूलक तालिमहरू दिएर आत्मनिर्भर बनाउने प्रयास गरिरहेका छौं ।

नेपाल र विभिन्न देशका स्थानीय सरकार प्रमुखहरू, प्रदेश र सङ्घ सरकारका प्रतिनिधिहरूको बराबर हुने भक्तपुर भ्रमणसँगै भक्तपुरका जनताले इमानदारीपूर्वक गरेका काम विश्वलाई देखाउने अवसर प्राप्त भएको छ । यसले हामी जनप्रतिनिधिहरूलाई जनताको सेवामा समर्पित भएर काम गर्न थप उत्साहित गरेको छ । जनप्रतिनिधि, स्थानीय जनता र राजनैतिक कार्यकर्ताहरूको एकमनको एकतालाई अझ बलियो बनाउनुपर्ने आवश्यकता हामी महसुस गर्दै छौं ।

भदौ २३ र २४ गतेको युवाहरूको प्रदर्शनले देश नराम्ररी प्रभावित भयो । त्यो क्रममा भक्तपुर पनि अछुतो रहेन । भक्तपुरको जिल्ला प्रशासन कार्यालय, स्काउट भवनलगायत केही सरकारी कार्यालयहरू जलाइए । नेपाल आउने पर्यटकहरूमा निकै कमी आयो । भक्तपुर नगरपालिकाको आर्थिक स्रोतमध्येको पर्यटन शुल्कमा केही प्रभाव पऱ्यो । विगतका वर्षहरूदेखि नै बाह्य पर्यटकसँगै आन्तरिक पर्यटक वृद्धिका लागि भक्तपुर नगरपालिकाले विभिन्न गतिविधिहरू गर्दै आइरहेको छ ।

भक्तपुर नगरपालिकाले नीति तथा कार्यक्रम र बजेट पारित गरेर त्यसको आधारमा काम गरिरहेको छ । आ.व. २०८२।८३ मा पारित बजेटको आधारमा साउनदेखि पुस २० गतेसम्म भएका कार्यहरूलाई सङ्क्षिप्तमा यहाँ प्रस्तुत गर्न चाहन्छौं ।

**आयतर्फ** :

यस नगरपालिकाको चालु आ.व. २०८२।८३ को स्वीकृत बजेटअनुसार आन्तरिक स्रोततर्फ


सुनिल प्रजापति, प्रमुख

अनुमानित रु. ६४ करोड ७१ लाख १० हजार प्रक्षेपण गरिएकोमा २०८२ पुस २० गतेसम्म २६ करोड ११ लाख ९५ हजार रुपैयाँ सङ्कलन भएको छ भने बाह्य स्रोततर्फ १ अर्ब ५० करोड १३ लाख रुपैयाँ अनुमान गरिएकोमा ५८ करोड १७ लाख ७१ हजार सङ्कलन भएको छ । २०८२ पुस २० गतेसम्म नगद मौज्दातसमेत रु. १ अर्ब १६ करोड ७६ लाख ६६ हजार आय भएको हुँदा त्यो कूल अनुमानित आय रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजारको ४७ प्रतिशत प्रगति भएको देखिन्छ ।

**व्ययतर्फ** :

यस नगरपालिकाको स्वीकृत बजेटअनुसार आ.व. २०८२।८३ मा चालु खर्च शीर्षकमा रु. १ अर्ब ५२ करोड ५३ लाख ११ हजार र पुँजीगत खर्च शीर्षकमा रु. ८० करोड ४८ लाख तथा वित्तीय व्यवस्थातर्फ रु. १४ करोड ३० लाख गरी कूल रु. २ अर्ब ४७ करोड ३१ लाख ११ हजार विनियोजन भएकोमा आ.व. २०८२।८३ को पुस २० गतेसम्म चालुतर्फ रु. ५५ करोड २ लाख ४९ हजार खर्च भई विनियोजित रकमको ३६.०७ प्रतिशत खर्च भएको छ । त्यसैगरी पुँजीगत खर्च शीर्षकतर्फ रु. ११ करोड ७७ लाख ४२ हजार खर्च भई विनियोजित रकमको १४.६३ प्रतिशतमात्र खर्च भएको छ र वित्तीय व्यवस्थातर्फ रु. १ करोड खर्च भई विनियोजित रकमको ६.९९ प्रतिशत खर्च भई कुल रु. ६७ करोड ७९ लाख ९२ हजार खर्च भई विनियोजित रकमको २७.४१ प्रतिशतमात्र खर्च भएको देखिन्छ ।

**क) शिक्षा** :

- भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरिकै विद्यार्थीलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको छ । नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले समय-समयमा विभिन्न विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनको आयोजन गर्दै आएको छ । हाले त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, ख्वप कलेज अफ इन्जिनियरिङ र काठमाडौं विश्वविद्यालय भौतिकशास्त्र विभागको संयुक्त आयोजनामा पुस ५ र ६ गते 'खाद्य सामग्री, स्वास्थ्य र कृषि क्षेत्रमा प्लाज्माको प्रयोग' विषयमा अन्तर्राष्ट्रिय कार्यशाला गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ । ख्वप इ. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा २०८२ माघ ५ गतेदेखि ७ गतेसम्म 4th International Conference on Earthquake Engineering and Post Disaster Reconstruction Planning विषयक अन्तर्राष्ट्रिय सम्मेलन हुँदै छ । त्यसैगरी आगामी फागुनको १ गते 'कम्प्युटर, इलेक्ट्रोनिक्स र इलेक्ट्रिकल इन्जिनियरिङ' विषयको राष्ट्रिय सम्मेलन गर्ने तयारी भइरहेको छ । हाम्रा इन्जिनियरिङ कलेजहरूले नियमित रूपमा प्रत्येक वर्ष सम्पदा संरक्षण र आर्किटेक्चर विषयको राष्ट्रिय सम्मेलन पनि आयोजना गर्दै आएका छन् । साथै २०८३ जेठ ८ र ९ गते ख्वप कलेजको आयोजनामा चौथो राष्ट्रिय सम्मेलन गर्ने तयारी भइरहेको छ ।
- नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले गुणस्तरीय शिक्षालाई पनि उत्तिकै जोड दिइरहेको छ । ख्वप कलेज अफ इन्जिनियरिङको सिभिल इन्जिनियरिङ शैक्षिक कार्यक्रम २०७६ समूहका विद्यार्थी ई. गौरव भूपाल वि.सं. २०८० सालको सिभिल इन्जिनियरिङ विषयको स्नातक (बि.ई. सिभिल) मा सर्वप्रथम भई त्रिभुवन विश्वविद्यालयको ५१ औं दीक्षान्त समारोहमा शिवराज पन्त स्मृति पुरस्कारबाट पुरस्कृत भएका छन् भने ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा शैक्षिक वर्ष २०७९।८० मा भर्ना भएका १९ औं समूहका विद्यार्थीहरूको अन्तिम परीक्षाको नतिजामा जम्मा ३९ जना विद्यार्थीहरूमा ३७ जना विद्यार्थीहरू विशिष्ट श्रेणीमा र २ जना विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण भई गुणस्तरीय शिक्षाको उदाहरण प्रस्तुत गरेको छ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन नगर शिक्षा समितिअन्तर्गत नगर परीक्षा समिति गठन गरी कक्षा ५, ८ र १० को परीक्षा सञ्चालन गर्दै आएका छौं । गत २०८१ सालको एसईई परीक्षामा भक्तपुर नगरपालिकाभित्रका ६० वटा विद्यालयबाट २ हजार ४१० जना परीक्षामा सहभागीहरूमध्ये २ हजार १६६ जना उत्तीर्ण भएका थिए । यो परीक्षामा सहभागी परीक्षार्थीहरूमध्ये ८९.८८ प्रतिशत हो ।
- भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा गरिब तथा जेहनदार विद्यार्थीहरूका लागि वर्षको ४ करोडभन्दा बढी छात्रवृत्तिको व्यवस्था हुँदै आएको छ । आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्न सहुलियत ब्याजदरमा शैक्षिक ऋणको व्यवस्था छ । आर्थिक वर्ष ०८२।८३ मा ९९ जना विद्यार्थीहरूको लागि प्रतिविद्यार्थी रु. ५ लाखसम्म शैक्षिक ऋण स्वीकृत गरी चालु आ.व.मा ५० जनालाई रु. १ करोड ७२ लाख २७ हजार रुपैयाँ ऋण प्रदान गरिसकेको छ । राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, अर्थशास्त्र र दर्शनशास्त्र अध्ययन गर्ने नगर क्षेत्रभित्रका विद्यार्थीहरूका लागि पूर्ण छात्रवृत्ति प्रदान गर्ने नीतिअनुसार यस अवधिमा ६ जना विद्यार्थीहरूलाई स्नातक/स्नातकोत्तर/ एफ.फिल/ विद्यावारिधि तहसम्मको लागि छात्रवृत्ति प्रदान गरेका छौं । हालसम्म यसरी नगरपालिकाले तोकेका विषयहरू छात्रवृत्तिमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या २५० भन्दा बढी छन् ।
- वडा वडामा शिशुस्याहार केन्द्र सञ्चालन गर्ने योजनाअनुरूप यो वर्ष भनपा १० कमलविनायकमा शिशु स्याहार केन्द्र सञ्चालनको तयारी भइरहेको छ । यसरी शिशुस्याहार केन्द्रदेखि स्नातकोत्तर कक्षासम्मको शिक्षा दिने भक्तपुर नगरपालिका नेपालको एक मात्र नगरपालिका हो । नेपाल सरकारले ख्वप विश्वविद्यालय विधेयक पारित गरिदिएको खण्डमा विश्वविद्यालयसमेत चलाउने भक्तपुर नगरपालिका देशको पहिलो नगरपालिका हुनेछ ।

**ख) स्वास्थ्य** :

- भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा, वडा-वडामा स्वास्थ्य केन्द्रको सञ्चालनदेखि १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै आएको छ । ख्वप अस्पतालको स्वास्थ्य सेवा र सुविधाको गुणस्तर वृद्धिको लागि आधुनिक स्वास्थ्य उपकरणहरू थप्ने क्रम जारी छ । ख्वप अस्पतालमार्फत वर्षको ३६५ दिन ११ घण्टा ओपीडी सेवा प्रदान गर्दै जनताको स्वास्थ्य उपचारमा सहज पहुँच पुऱ्याउन प्रयत्नशील छौं । चालु वर्षको ५ महिनाको अवधिमा अस्पतालले १ लाख ३३ हजारभन्दा बढी बिरामीलाई सेवा प्रदान गरिसकेको छ । गत आ.व.२०८१।८२ मा ७० भन्दा बढी जिल्लाका २ लाख ८९ हजारभन्दा बढी बिरामीहरूको सेवा गरेको थियो । अस्पतालले गुणस्तरीय उपचार सेवा प्रदान गर्दै आएकोमा आगामी माघ महिनाबाट सीटी स्क्यान सेवा सञ्चालनमा ल्याउने तथा थप एउटा अत्याधुनिक ल्याप्रोस्कोपिक मेसिनबाट सर्जरी सेवालाई अझ विस्तार गर्ने तयारी भइरहेको छ । अस्पतालले सेवाग्राहीहरूको सहजताको लागि क्यु.आर. प्रविधिमा आधारित ल्याब रिपोर्ट वितरण प्रणालीको सुरुआत गरेको छ ।
- चालु आ.व.मा नगरपालिकाको व्यवस्थापनमा सञ्चालित आर्युवेद उपचार केन्द्रबाट २ हजार २५८ जनालाई र घरदैलो नर्सिङ सेवा २४ हजार ११७ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरिएको छ । यस अवधिमा ख्वप तिलगङ्गा आँखा अस्पतालबाट ११ हजार ४९१ जनालाई आँखाको उपचार तथा ३३८ जनाको आँखाको शल्यक्रिया सेवा गरिसकेको छ । त्यसैगरी श्वासप्रश्वास पुन:स्थापना केन्द्रबाट १ हजार ८८० जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरेको अभिलेख छ ।
- नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर नियमित रूपमा स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आइरहेको छ । हाल वडावडामा भी.आई.ए. टेस्टमार्फत महिलाहरूको पाठेघरको मुखको क्यान्सर परीक्षण तथा स्तन क्यान्सर, हाडजोर्नी तथा नशा रोगसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविरहरू सञ्चालन भइरहेका छन् ।
- नगरपालिका क्षेत्रका नगरवासीहरूलाई नि:शुल्क रगत र नि:शुल्क अक्सिजन वितरण व्यवस्थालाई निरन्तरता दिँदै आएकोमा चालु आ.व.मा ६५५ जनालाई रु. १२ लाख १० हजार रकम बराबरको नि:शुल्क रगत र ७ हजार १३७ वटा ठुलो र सानो अक्सिजन सिलिन्डर नि:शुल्क उपलब्ध गराइएको छ । कडा रोग लागेका ९६ जना नगरवासी बिरामीलाई आर्थिक सहयोगबापत यस अवधिमा रु. १४ लाख ४० हजार रुपैयाँ प्रदान गरिएको छ ।
- २०८२ पुस ८ देखि ११ गतेसम्म भक्तपुर नगरक्षेत्रका सामुदायिक र संस्थागत विद्यालयहरूका शिशु कक्षादेखि १० कक्षासम्मका विद्यार्थीहरूको मुटुरोग परीक्षण सम्पन्न गरियो । उक्त शिविरमा ३० हजार ६८३ जना विद्यार्थीहरूको मुटुको परीक्षण गरेकोमा १४२ जनामा जन्मजात मुटुको समस्या पहिचान भएको छ । ती विद्यार्थीहरूको नि:शुल्क उपचार भइरहेको छ । छोटो अवधिमा यति धेरैको सङ्ख्यामा स्वास्थ्य परीक्षण गरेको यो पहिलो पटक हो ।

**ग) संस्कृति तथा सम्पदा संरक्षण** :

- यस आ.व. मा भक्तपुर नगरपालिका वडा नं. ८ स्थित हामा चो मन्दिर र भक्तपुर नगरपालिका वडा नं. ९ स्थित सलाँ गणेश मन्दिर पछाडिको पाटी पुन:निर्माण सम्पन्न भयो । भनपा वडा नं. २ स्थित इन्द्रायणी द्यो छेँ पुन:निर्माण, भ.न.पा ४ स्थित हाडा छेँ पुन:निर्माण र इखालाछी मठ पुन:निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ । भ.न.पा वडा नं. ३ दरबार क्षेत्रमा अवस्थित थंथु दरबार पुन:निर्माण आयोजनाअन्तर्गत उक्त दरबारको पहिलो तलाको कार्य सम्पन्न भई दोस्रो तला निर्माण भइरहेको छ ।

**घ) कृषि** :

- चालु आ.व.मा भक्तपुर नगरपालिकाका २५ जना कृषक परिवारलाई ५० प्रतिशत अनुदानमा प्रतिपरिवार तीस हजार बराबरको कृषि सामग्रीहरू वितरण गरियो । कृषकहरूलाई नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मल समानुपातिक वितरणको व्यवस्था मिलाइएको छ । नगरपालिकाबाट उत्पादित प्राङ्गारिक मल र कृषि चुन सहुलियत दरमा स्थानीय कृषकहरूलाई उपलब्ध गराउँदै आएका छौं । साथै कृषि मल र जैविक विषादीबारे अभिमुखीकरण कार्यक्रम पनि यस अवधिमा सम्पन्न भएको छ ।
- सामुदायिक कुकुर तथा बिरालो बन्ध्याकरणको प्रक्रिया अगाडि बढाइएको छ ।

**ङ) पर्यटन** :

- भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको नेतृत्वमा आठ सदस्यीय प्रतिनिधिमण्डलले २०८२ असोज ३ गतेदेखि असोज ८ गतेसम्म भगिनी सहर जनवादी गणतन्त्र चीनको सिचाङ स्वशासित क्षेत्रअन्तर्गतको सान-नान नगरपालिकाको भ्रमण गरी २०८२ असोज ४ गते भगिनी सम्बन्ध नवीकरण सम्झौता सम्पन्न गऱ्यो । त्यसैगरी २०८२ असार १० गते (जून २४, २०२५) ल्हासा सहरमा सम्पन्न चीनको सिचाङ स्वशासित क्षेत्र (तिब्बत) र नेपालबिच भगिनी सम्बन्ध स्थापना भएका १९ वटा नगरपालिकाहरूको बैठकमा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व र प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईको टोली सहभागी भएको थियो । विदेशी सहरसँग भगिनी सम्बन्धका लागि सिचाङ जनमैत्री सङ्घ र तिब्बतस्थित नेपाली महावाणिज्यदूतावासको संयुक्त आयोजनामा Share.Build.Create Together भन्ने मूल नारासहित उक्त बैठक आयोजना गरिएको थियो ।
- आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनको उद्देश्यले 'भक्तपुरको पोखरी चिनौं, सम्पदा संरक्षणमा अघि बढौं' भन्ने नाराका साथ भक्तपुर नगरका दक्षिणी भेगका पोखरीहरूको अवलोकन गरी 'सांस्कृतिक सम्पदा पदयात्रा' आयोजना गरियो । त्यस्तै नेवार समुदायको महत्त्वपूर्ण सांस्कृतिक पर्व योमरी पूर्णिमाको अवसरमा योमरी प्रतियोगिता सञ्चालन गरी खाद्य महोत्सव तथा सांस्कृतिक कार्यक्रम गरियो ।
- आ.व २०८२।८३ मा गैरसार्क पर्यटकहरू ६१ हजार ८५८ जना र सार्क तथा चिनियाँ पर्यटकहरू ४१ हजार २०७ जना गरी कुल १ लाख ३ हजार ६५ जनाले भक्तपुर भ्रमण गरेको पर्यटन सेवा तथा सूचना केन्द्रको अभिलेख छ । गत आ.व. ०८१।८२ को सोही अवधिमा गैरसार्क पर्यटक ६७ हजार ५२९ जना र सार्क पर्यटक ५० हजार ६८१ जना गरी जम्मा १ लाख १८ हजार २१० जना पर्यटकले भक्तपुर भ्रमण गरेका थिए । भदौ २३ र २४ गतेका युवाहरूको आन्दोलनबाट पर्यटन क्षेत्र नराम्ररी प्रभावित भयो । देशको राजनीतिक स्थिति र अन्तर्राष्ट्रिय परिस्थितिका कारण यस अवधिमा गत वर्षको तुलनामा भक्तपुर भ्रमण गर्ने पर्यटकहरूमा १५ हजार १४५ जना विदेशी पर्यटकहरू कमी देखिएका छन् ।

**च) वातावरण तथा सरसफाइ** :

- भक्तपुर नगर क्षेत्रभित्र उत्पादन हुने फोहोरलाई घरघरबाटै कुहिने र नकुहिने छुट्याई नियमित सङ्कलन गर्दै कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गरिरहेका छौं भने नकुहिने फोहोरमध्येबाट पुन: प्रयोग गर्न मिल्ने सामग्री छुट्याई बाँकी फोहोर अन्तिम बिसर्जनको व्यवस्था मिलाउँदै आएका छौं ।

बाँकी पृष्ठ ४ मा

# सा‌म्राज्यवादविरोधी आवाज : ‘हाम्रो अमेरिका र तिनीहरूको’

✍ समा

अर्थतन्त्र र राजनीति एक अर्कासँग जोडिएको हुन्छ । कुनै देशमा अर्को देशको आर्थिक प्रभाव अत्यधिक छ भने कालान्तरमा त्यो राजनीतिक प्रभावमा फेरिन्छ । त्यसकारण आर्थिकरूपमा स्वतन्त्र र आत्मनिर्भर नरहेको देश स्वतन्त्र बन्न सक्दैन, सार्वभौम रहन सक्दैन । आफ्नै खुट्टामा उभिएको अर्थतन्त्रविना आर्थिक सहयोग र भिक्षाटनले देश समृद्ध बन्दैन । त्यसैले देशको स्वाधीनताको निम्ति आर्थिक आत्मनिर्भरता महत्त्वपूर्ण विषय हो ।


अन्तर्राष्ट्रिय जगतसँग आर्थिक अन्तरक्रियाको निम्ति तयार हुनु देश प्रगतितर्फ उन्मुख हुनु हो । एउटा स्वतन्त्र देशले विश्व जगतसँग सन्तुलित आर्थिक सम्बन्ध राख्छ । तर साम्राज्यवादी देश संरा अमेरिका विकासोन्मुख र स-साना देशहरूलाई यसो गर्न दिँदैन, ती देशहरूमा भएका प्राकृतिक स्रोत साधन आफ्नो फाइदाको लागि कब्जा गर्छ । अफ्रिकाको इतिहासले त्यही भन्छ । ल्याटिन अमेरिका संरा अमेरिकाको साम्राज्यवादी लुट तथा हमलाबाट मुक्त हुन सकेको छैन । सिङ्गो विश्वलाई आफ्नो दबाबमा राख्न चाहन्छ संरा अमेरिका । आर्थिक रूपमा स्वतन्त्र र आत्मनिर्भर हुन खोजेका देशहरूमा आक्रमण गर्छ । प्रभुत्व र एकाधिकारका लागि संरा अमेरिका ‘डलर कूटनीति’ (Dollar Diplomacy) अघि सार्छ, हमला गर्छ, बमबारी गर्छ । त्यतिले पनि भएन भने राष्ट्राध्यक्षकै अपहरण गर्छ, हत्या गर्न पछि हट्दैन । साम्राज्यवादी स्वार्थका लागि संरा अमेरिकाले गरेको अपराधको इतिहास निकै लामो छ । जनवरी ३ को रातमा भेनेजुयलामाथि संरा अमेरिकी साम्राज्यवादले गरेको बर्बर आक्रमण र राष्ट्रपति मादुरो दम्पत्तिको अपहरण पछिल्लो दृष्टान्त हो । भेनेजुयलामा तेल, ग्याँस, खनिज कब्जासँगै विश्व व्यवस्थामा खस्कँदो उसको अर्थव्यवस्था, पेट्रोडलर प्रणाली जोगाउने संरा अमेरिकी स्वार्थ प्रस्टै छ । ल्याटिन अमेरिकालाई दक्षिणी विश्वसँग अलग गर्ने र त्यहाँको समाजवादी आन्दोलन सिध्याउने संरा अमेरिकाको प्रयास पनि संसारले बुझेको छ । डिडलराइजेसन तीव्र बढिरहेको यो समयमा संरा अमेरिका आफ्नो ‘डलर साम्राज्य’ जोगाउन न्वारनदेखिको बल प्रयोग गरिरहेझैँ देखिन्छ ।

अनुदान, सहयोग या ऋण कुनै पनि नाममा डलर फाल्ने र अन्य देशको अर्थतन्त्र, राजनीति आफ्नो हातमा लिने संरा अमेरिकाको प्रवृत्ति इतिहासकै निरन्तरता हो । ल्याटिन अमेरिकामा त्यही ‘डलर उपनिवेश’ को पासो थापेको थियो शताब्दी अघि नै । संरा अमेरिकी एमसीसी परियोजनामार्फत दक्षिण एसियाली देश नेपालमा डलर आइपुग्नुले सार्वभौमिकता र शान्तिमाथि सङ्कटको सङ्केत जरुर गर्छ । तसर्थ आजको परिप्रेक्ष्यमा ‘हाम्रो अमेरिका र तिनीहरूको’ (Our America and Theirs) बारे चर्चा गर्नु सामयिक र उपयुक्त होला । पुस्तकले ल्याटिन अमेरिकामा संरा अमेरिकी डलर कूटनीतिको तथ्य उजागर गर्छ ।

यस पुस्तकले सन् १९६१ मा सम्पन्न उरुग्वेको पुन्टा डेल इस्ते (Punta del Este) सम्मेलनमा पाठकलाई पुऱ्याउँछ । ल्याटिन अमेरिकी देशहरूको उक्त सम्मेलनमा तत्कालीन संरा अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले ‘प्रगतिका लागि गठबन्धन’ (Alliance for Progress) को आह्वान र प्रस्ताव गरे । प्रगतिका लागि ल्याटिन अमेरिकी देशहरूको गठबन्धनले सम्पूर्ण अमेरिकी महादेशको क्रान्ति सम्पन्न हुने, ल्याटिन अमेरिकामा शान्ति, अमनचयन र समृद्धि स्थापित हुने तर्क केनेडी गर्छन् । राष्ट्रपति केनेडीको सो प्रस्ताव र वास्तविकताबारे सम्मेलनमा समाजवादी देश क्युवाका प्रतिनिधि अर्नेस्टो चे ग्वेभाराले दिनुभएको अत्यन्त सारगर्भिक मन्तव्य र टीभी अन्तर्वार्ता पुस्तकमा समेटिएको छ ।

ल्याटिन अमेरिकामा समाजवादी आन्दोलन र सङ्घर्षदेखि क्युवाको समाजवादी क्रान्तिसम्म, क्युवाली स्वाधीनता आन्दोलनका नेता होशे मार्तीदेखि क्रान्ति नायक फिडेल क्यास्ट्रोसम्म, क्युवाको सामाजिक अवस्थादेखि आर्थिक-राजनीतिक गतिविधिसम्मका विषयमा पुस्तकले चर्चा गर्छ ।

पुस्तकले पुन्टा डेल इस्ते सम्मेलन र केनेडीको ‘प्रगतिका लागि गठबन्धन’ बारे मिहिन चर्चा गर्छ । सो सम्मेलनलाई आर्थिक सम्मेलन भनिएको थियो । तर, चे ग्वेभाराले त्यसलाई आर्थिक आँखाले मात्र होइन राजनीतिक दृष्टिले पनि विश्लेषण गर्नुभयो । ‘प्रगतिका लागि गठबन्धन’ ले सम्पूर्ण ल्याटिन अमेरिकी जनताको आकाङ्क्षा पूरा गर्छ र ल्याटिन अमेरिकाको विकास एवम् प्रगतिका लागि कोषको बन्दोबस्त गर्छ भनियो तर चे ग्वेभाराका अनुसार त्यो ‘नयाँ प्रस्ताव’ क्युवाली क्रान्ति भड्काउनको निम्ति थियो, ल्याटिन अमेरिकामा आफ्नो वर्चस्व र प्रभुत्व कायम राख्नको लागि थियो । संरा अमेरिका क्युवाको सङ्घर्षशील भावना र आत्मनिर्भर चरित्र अन्य ल्याटिन अमेरिकी देशहरूमा पनि फैलिने भयले आक्रान्त थियो । नयाँ प्रस्ताव सकारात्मक परिवर्तनको निम्ति थिएन बरु क्युवालाई अलग्याउनको लागि अघि सारिएको थियो । त्यतिमात्र होइन क्युवाको समाजवादी व्यवस्थाविरुद्ध आक्रमणको तयारी पनि थियो ।




अन्तर - अमेरिका आर्थिक र सामाजिक परिषद् (CIES), अमेरिकी राज्यहरूको सङ्गठन (OAS), अमेरिकी स्वतन्त्र व्यापार क्षेत्र (FTAA) जस्ता संस्थाहरू अघि सारिए । नाम जुनसुकै राखिए पनि, संरा अमेरिकाका सम्पूर्ण आर्थिक संस्थाहरूले साम्राज्यवादी स्वार्थ नै बोक्छन् । ती अमेरिकी आर्थिक या वित्तीय सहयोग संस्थाहरूले गरिब देशहरूलाई उम्कनै नसक्ने गरी निमोठ्छन् । त्यसकारण केनेडीको नयाँ गठबन्धनको योजना पनि ल्याटिन अमेरिकाको वित्त र आर्थिक क्षेत्रलाई वालस्ट्रिटको नियन्त्रणमा राख्ने हतियार अर्थात् ल्याटिन अमेरिकामाथिको अर्को आर्थिक आक्रमण थियो । चे ग्वे भाराले सम्मेलनमा संरा अमेरिकाको साम्राज्यवादी चरित्र उदाङ्गो पार्नुभयो ।

ल्याटिन अमेरिकालाई युगयुगसम्म उठ्न नदिने नियतसहित संरा अमेरिकाले ‘प्रगतिका लागि गठबन्धन’ भन्दै आएको थियो । ल्याटिन अमेरिकालाई युद्धमा फसाउने, रक्तपात मच्चाउने, कमजोर बनाई आफ्नो इसारामा चलाउने संरा अमेरिकाको योजनाविरुद्ध क्युवा उभिएको थियो । विगत ७ दशकदेखि निरन्तर साम्राज्यवादविरुद्ध इस्पात बनेर क्युवा खडा छ । आर्थिक नाकाबन्दीविरुद्ध सङ्घर्षरत छ । आर्थिक सहयोगको प्रलोभनमा दासता नस्वीकार्न आह्वान चे ग्वेभाराले सम्मेलनमा गर्नुभएको स्मरण पुस्तकले गराउँछ । साम्राज्यवादी देश संरा अमेरिकाले उत्तिबेला सोभियत सङ्घले बर्लिन शान्ति सम्झौतामा हस्ताक्षर गर्न लाग्दा बर्लिनमा युद्धको घोषणा गऱ्यो । बर्लिनमात्र होइन लावस, कङ्गोमा पनि साम्राज्यवादी आक्रमण गऱ्यो । भियतनाम विभाजित भयो, कोरिया टुक्रा भयो, ताइवान च्याङ काइ सेकको हातमा गयो । अल्जेरिया रगताम्य बन्यो, ट्युनीसियाका जनतामाथि गोली बर्साइयो । यी केही दृष्टान्तहरूमात्र हुन् ।

क्युवा मानिसले मानिसमाथि गर्ने शोषण र साम्राज्यवादले निम्त्याउने अशान्ति र रक्तपातको विपक्षमा खडा भयो । सम्मेलनमै साम्राज्यवादविरोधी नायक क्यास्ट्रोमाथि हिलो छ्याप्ने काम गरियो । क्युवाको समाजवादमाथि प्रश्न उठाइयो । यसले केनेडीको पूर्वाग्रह र भय दुवै देखाउँछ । क्युवा आफूमात्र होइन, अफ्रिकी र एसियाली देशहरूको निम्ति पनि ऊर्जा बन्दै थियो । समाजवादी देश सोभियत सङ्घसँग क्युवाको राम्रो सम्बन्ध थियो । सोभियत सङ्घसँग क्युवाको राम्रो व्यापारिक र आर्थिक सम्बन्धले संरा अमेरिका असन्तुष्ट थियो । त्यसकारण, पनि क्युवालाई एक्ल्याउने योजना संरा अमेरिकाले बनायो ।

संरा अमेरिकाको औपनिवेशिक मानसिकता होइन भने उसले दिने अनुदान राजमार्ग बनाउने, बाटो फराकिलो पार्ने, ढल खन्न मात्रै प्रयोग हुनुपर्छ भन्ने सर्त किन राख्छ ? देशको उद्योग, कृषि र उत्पादनशील क्षेत्रमा किन सघाउन चाहँदैन ? प्रविधि खरिदको निम्ति सहयोग किन दिँदैन ? चे ग्वे भाराले सम्मेलनमा यी प्रश्न राख्नुभएको थियो । मौद्रिक सहयोगबाट देश बन्दैन । उत्पादन र विश्वमा त्यसको सन्तुलित वितरणले देश प्रगतिउन्मुख हुन्छ । त्यसैले प्रस्ट छ, क्युवाले ल्याटिन अमेरिकी देशहरूबीच सौहार्द्र सम्बन्ध स्थापित गर्न, सहकार्य गर्न र आदानप्रदान अगाडि बढाउन नचाहेको होइन । क्युवाको वैदेशिक नीति नै सहयोगको नीति हो । त्यसकारण, संरा अमेरिकाको वैदेशिक नीति र राजनीतिक सिद्धान्तको कसीमा घोटेर मात्र केनेडीको नयाँ योजनाको मूल्याङ्कन गरिनुपर्दछ । सोचविचार र बुद्धिको प्रयोगबाट मात्र हस्ताक्षर गर्न चे ग्वेभाराले सम्पूर्णलाई आग्रह गर्नुभएको थियो । शान्ति, विकास र समृद्धिका लागि संरा अमेरिकालाई नाघेर जान सकेमात्रै त्यो प्राप्त गर्न सकिने उदाहरण क्युवा आफै थियो । यद्यपि, संरा अमेरिकाको गोजीबाटै चल्ने देशहरूले गठबन्धनमा सहभागी हुन हस्ताक्षर गरे ।

चे ग्वेभाराले संरा अमेरिकालाई चुनौती दिँदै बोल्नुभएको थियो - के संरा अमेरिका आर्थिक आक्रमण बन्द गर्न तयार छ ? क्युवाको राजनैतिक बन्दोबस्त र विश्वसँग क्युवाको सम्बन्ध स्वीकार्न तयार छ ? के संरा अमेरिका व्यापार संरक्षणवादी नीति त्याग्न तयार छ ? ल्याटिन अमेरिकामा शान्ति कायम गर्ने ग्यारेन्टी दिन्छ ? आफू बाहेकको देशलाई कृषि र उद्योगमा अगाडि बढ्न दिन्छ ? के संरा अमेरिका साम्राज्यवादी चरित्र त्याग्न तयार छ ? यी प्रश्नहरूको जवाफविना हस्ताक्षर गर्नु आत्मसमर्पण तुल्य हुनेछ । त्यसकारण, क्युवा सहभागी बनेन र इतिहास भन्छ त्यही नै सही निर्णय थियो । क्युवाको औद्योगिक विकास, कृषि क्षेत्रमा क्युवाको अद्वितीय उपलब्धि साम्राज्यवादसामु कहिल्यै नझुक्नुको फल नै हो । पुस्तकले थुप्रै तथ्यतथ्याङ्कहरू प्रस्तुत गरेको छ । समाजवादी व्यवस्था, जनतामा साम्राज्यवादविरोधी भावना र आर्थिक आत्मनिर्भरता नै विकास र समृद्धितर्फको वास्तविक बाटो हो । क्युवाले आजभन्दा ५७ वर्ष अगाडि नै उदाहरण बनेर देखाएको स्मरण पुस्तकले गराउँछ ।

क्युवा आज पनि हिजो जस्तै भेनेजुयला र सिंगो ल्याटिन अमेरिकालाई साम्राज्यवादी चङ्गुलबाट मुक्त गर्न सङ्घर्षरत छ । जेम्स मुनरोदेखि केनेडी हुँदै आज ट्रम्पसम्म आइपुग्दा पनि संरा अमेरिकी साम्राज्यवादको चरित्र या स्वरूप पटक्कै बदलिएको छैन । त्यसविरुद्ध हिजो सिमोन बोलिभार, फिडेल क्याष्ट्रो, चे ग्वेभारा, ह्यूगो चाभेजहरूले लड्नुभयो, आज मिगुयल र मादुरोहरू लड्दै हुनुहुन्छ ।

अत्यन्त पठनीय यस पुस्तक संरा अमेरिकाको वास्तविकता बुझ्न नपढी हुन्न । क्युवाली सङ्घर्षका पृष्ठहरू, तथ्यतथ्याङ्क र घटनाबारे बताउने यो पुस्तक सङ्ग्रहनीय समेत छ । साथै, यसले क्युवाली क्रान्तिका नायकहरूसँग साक्षात्कार गराउँछ, समग्र ल्याटिन अमेरिकाको सामाजिक, आर्थिक तथा राजनीतिक परिदृश्य छर्लङ्ग पार्छ । ११९ पृष्ठको यस पुस्तकको गातामा चे ग्वेभाराको फोटोले आकर्षण एवम् भाव थपेको अनुभूत हुन्छ ।

---

**स्थानीय...**

- नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा स्थानीय जनताको सहभागितामा नगरका खुला क्षेत्र, नदी किनार, पोखरी, मन्दिर परिसर तथा सार्वजनिक क्षेत्रहरूमा हरेक महिनाको १ गते र १५ गते नियमित सरसरफाइ कार्य भइरहेको छ ।
- नगरपालिकाभित्रका आवास क्षेत्रका सडक पेटी, खोला किनार तथा सार्वजनिक स्थलहरूमा वृक्षरोपण गरी हरियाली व्यवस्थापन गर्ने कार्य भइरहेको छ ।

**छ) खेलकुद :**

- नगरपालिकाको आयोजनामा २०८२ मङ्सिर २५ गतेदेखि पुस १ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालयस्तरीय विविध खेलकुद प्रतियोगिता (भलिबल, फुटबल, कबड्डी, कराँते, एथलेटिक्स, उसु, टेबलटेनिस, खोखो, पोर्टबल, ब्याडमिन्टन, तेक्वाण्डो, बुद्धिचाल, जिम्नास्टिक, कसिमला पाँय् र बाघचाल) भएकोमा ८४ वटा विद्यालयका ३ हजार ४ सय ५६ जना खेलाडीहरू सहभागी भएका थिए । वडा वडामा छिकोङ शारीरिक व्यायाम प्रशिक्षणलाई निरन्तरता दिँदै अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भ.न.पा. १ स्थित भाजु पोखरी परिसरमा बृहत छिकोङ शारीरिक व्यायाम प्रदर्शनी गरियो ।
- भक्तपुर नगर क्षेत्रभित्रका सम्पूर्ण संस्थागत र सामुदायिक विद्यालयका छात्राहरूलाई लक्षित गरी आत्मरक्षा तालिम र विद्यालय भलिबल प्रशिक्षक प्रशिक्षण तालिम पनि यस अवधिमा सम्पन्न भयो ।

**ज) युवा तथा रोजगार :**

- लघु उद्यमीहरूको व्यवसाय प्रवर्द्धनको लागि उपयुक्त प्रविधि हस्तान्तरण, युवालक्षित ४ महिने चिनियाँ र जापानी भाषा तालिम प्रशिक्षण तथा सिलाइ, हेयर कटिङ, पाक शिक्षा, कम्प्युटर, छाला जुत्ता बनाउनेलगायतका सीपमूलक तालिमहरू यस अवधिमा प्रदान गरियो । यसबाट सयौँ युवाहरू लाभान्वित भएका छन् । तालिम प्राप्त युवाहरूलाई स्वरोजगार बनाउन सहुलियत दरमा युवा उद्यमशील ऋण प्रदान गर्दै आएका छौँ ।

**झ) विकास निर्माण :**

- भक्तपुर नपा वडा नं. ६ अँचा पुखुमा आदर निकेतन भवन निर्माण सम्पन्न भई सञ्चालनको क्रममा रहेको छ । भक्तपुर नपा वडा नं. ६ देकोचास्थित अरनिको सभाभवन निर्माण आयोजनाअन्तर्गत पहिलो तलाको फ्रेम स्ट्रक्चरको ब्लक A र B को कार्य सम्पन्न भएको र ब्लक C को निर्माण कार्य चालु छ ।
- भनपा वडा नं. ८ लिबालीस्थित शीत भण्डार गृह निर्माण कार्य रु. ३ करोड ५९ लाख ६५ हजारमा सम्पन्न भइसकेको र सञ्चालनको लागि आवश्यक अन्य मेसिन उपकरणलगायतका सामग्रीहरू खरिद प्रक्रियामा रहेको छ । नगरका विभिन्न स्थानहरू देकोचा, कमलविनायक, कांलाचालगायतका क्षेत्रमा बाटो पिच गर्ने कार्य सम्पन्न भएका छन् । भ.न.पा. ४ स्थित तारा मा.वि. भवन निर्माण कार्य टेन्डर आह्वान गरी ठेक्का सम्झौता भई कार्य अगाडि बढिरहेको छ । भ.न.पा वडा नं. ७ खँचास्थित स्वास्थ्य केन्द्र भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने भ.न.पा १० बेखालस्थित जनस्वास्थ्य केन्द्र भवन सञ्चालनमा आइसकेको छ । त्यसैगरी भनपा वडा नं. १ दूधपाटीस्थित बहुउद्देश्यीय भवन निर्माण प्रक्रिया अगाडि बढिरहेको छ भने सोही वडाको ईशानेश्वर मन्दिर निर्माण कार्य र सल्लाघारी इटापाके सडक स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ ।

**ञ) विविध :**

- विभिन्न स्थानीय तह अध्ययन भ्रमणको क्रममा २०८२ कार्तिक १७ गते सिन्धुलीको कमलामाई नगरपालिकाका उपप्रमुख मञ्जु देवकोटा, कार्तिक १८ गते धनुषाको नगराइन नगरपालिकाका प्रमुख विनयकुमार यादव र जनकपुर उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, कार्तिक १९ गते जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार, वर्दिवास नगरपालिकाका प्रमुख प्रल्हादकुमार क्षेत्री र कार्तिक २३ गते सिरहाको लाहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीसँग भेटघाट गरी अनुभव आदानप्रदान भयो । सोही क्रममा बाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँसँग भेटघाट भयो ।
- झापाको दमक नगरपालिकाका नगर प्रमुख रामकुमार थापा नेतृत्वको जनप्रतिनिधि र कर्मचारीहरूको टोलीले भक्तपुर अध्ययन भ्रमण गऱ्यो । यस अवधिमा इलामको सूर्योदय नगरपालिकाका उपप्रमुख दुर्गाप्रसाद बराल र मोरङको रंगेली नगरपालिकाका जनप्रतिनिधिसहितको टोलीले पनि भक्तपुर भ्रमण गऱ्यो ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेका नवप्रवेशी शाखा अधिकृतहरूको ६ महिना अवधिको ‘आधारभूत प्रशासन प्रशिक्षण’ का प्रशिक्षार्थी अधिकृतहरूको १२० जनाको टोलीले भक्तपुर नगरपालिकाका पुरातात्त्विक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण गऱ्यो ।
- यस अवधिमा जनवादी गणतन्त्र चीनको East China University of Technology छिङहाइ मिन्चु युनिभर्सिटीका प्रतिनिधिमण्डल र जापान इन्टरनेसनल मेडिकल टेक्नोलोजी फाउन्डेसन (जिमटेफ) का चिकित्सक टोलीले भक्तपुर भ्रमण गर्नुका साथै भेटघाट भयो ।
- भनपा वडा नं. २ र ६ मा सञ्चालित देको मिवा इटापाके आवास योजना सञ्चालनमा देखिएका केही समस्याहरूबारे सम्बन्धित जग्गा धनी र मोहीहरूसँग आवश्यक छलफल गरी समाधानको प्रयास भइरहेको छ ।
- भक्तपुर नगरपालिकाको बजार अनुगमन टोलीले समय समयमा बजार अनुगमन गरी बजार व्यवस्था गरिरहेको छ ।
- भक्तपुर नगरपालिकाको आयोजनामा १५ दिने ज्येष्ठ नागरिक हेरचाह तालिम र टेलिभिजनसम्बन्धी १५ दिने तालिम सम्पन्न भयो ।
- कार्तिक १५ गतेदेखि भक्तपुर नगरपालिका वडा नं. ४ बोलाछेँदेखि राममन्दिर पुल पारिसम्म र भ.न.पा. वडा नं. ३ बाराही पुलदेखि वंशगोपालसम्म चारपाङ्ग्रे सवारी साधन निश्चित समय तोकी एकतर्फी सञ्चालनको व्यवस्था गरेका छौँ ।

अन्त्यमा, भक्तपुर नगरपालिकालाई सफा, सुन्दर र आकर्षक नगर बनाउन निरन्तर सहयोग गरिरहेका तमाम जनताप्रति भक्तपुर नगरपालिकाको तर्फबाट हामी पुनः धन्यवाद व्यक्त गर्दछौँ ।

***(भक्तपुर नगरपालिकाको १९ औँ नगरसभामा बिहीबार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)***

# नेपालमा संसद् विघटनको शृङ्खला र सर्वोच्चको व्याख्या-२



रामप्रसाद प्रजापति

**संविधानसभाबाट नयाँ संविधान**

प्रतिनिधिसभा पुनस्थापनाको माग गर्दै प्रतिगमन विरोधी आन्दोलनले लामो समयपछि चर्को रूप लिंदै गयो र २०६२/६३ को आन्दोलनको सफलता पछि जननिर्वाचित संसद्बाट नयाँ संविधान निर्माण गर्ने गरी संविधानसभाको निर्वाचन गर्न नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो। जुन संविधान २०६९ सालसम्म १२ पटक संशोधन भएको देखिन्छ।

संविधानको धारा २ ले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने स्पष्ट व्यवस्था गऱ्यो। धारा ४ ले नेपाल राज्य गणतन्त्रात्मक राज्य भएको घोषणा गऱ्यो।

धारा ३६ ले नेपालमा एकजना राष्ट्रपति रहने र राजनैतिक सहमतिका आधारमा राष्ट्रपतिको निर्वाचन संविधानसभाले गर्ने व्यवस्था गरे।

धारा ५९ ले संविधानसभाले नै व्यवस्थापिका संसद्को अधिकार प्रयोग गर्ने व्यवस्था गरे। प्रधानमन्त्रीले धारा ५५ बमोजिम विश्वासको मत लिनुपर्ने व्यवस्था गरेको पाइन्छ।

धारा ६३ बमोजिम संविधानसभाको गठन हुने, जसमा निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारित २४० जना प्रत्यक्ष निर्वाचित सदस्य, समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने ३३५ जना र मन्त्रीपरिषद्बाट मनोनित हुने २६ सदस्य गरी कूल ६०१ जनाको संविधानसभा रहने व्यवस्था गरेको पाइन्छ।

धारा ६४ मा संविधानसभाको कार्यकाल ४(चार) वर्षको हुने र मुलुकमा सङ्कटकालीन स्थितिको घोषणा भएको कारणले संविधान निर्माण गर्ने काम पूरा हुन नसकेमा थप ६(छ) महिना लम्ब्याउन सकिने संवैधानिक व्यवस्था रहेको थियो।



संविधानसभाको विघटन संविधान प्रारम्भ भएको दिनदेखि हुने व्यवस्था धारा ८२ मा गरेको पाइन्छ। तर, नयाँ निर्वाचन नभएसम्म व्यवस्थापिका संसद्को रूपमा काम गर्ने उल्लेख छ।

२०६४ चैत २८ गते भएको आम निर्वाचनबाट गठित संविधानसभाले आफ्नो कार्यकालमा नयाँ संविधान बनाउन सकेन। प्रम बाबुराम भट्टराइले २०६९ जेठ १५ गते संविधानसभा विघटन गरी नयाँ संविधानसभाको निर्वाचनको मिति तोकेका थिए। तर, राजनीतिक सहमतिका आधारमा भट्टराईलाई प्रधानमन्त्री पदबाट हटाएर सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीलाई मन्त्रीपरिषद्को अध्यक्ष पदमा नियुक्ति गरेर निर्वाचन सरकार गठन गरे। रेग्मी सरकारले २०७० मङ्सिर ४ गते दोस्रो संविधानसभाको लागि निर्वाचन गराए।

दोस्रो संविधानसभाले मिति २०७२ असोज ३ गते नेपालको संविधान, २०७२ जारी गरे। आफ्नो अनुकूलको नागरिकतासम्बन्धी व्यवस्थालगायतका कुराहरूमा चित्त नबुझेकोले भारत सरकारले असोज ३ देखि करिब ६ महिना नेपाललाई अमानवीय नाकाबन्दी गरेको हाम्रो स्मरण छ।

**नेपालको संविधान, २०७२**

२०७२ असोज ३ गते नयाँ संविधान जारी भएसँगै भारतले नेपालमा अघोषित रूपमा अमानवीय नाकाबन्दी गरे। करिब ६ महिना विभिन्न बहानामा अमानवीय रूपमा नाकाबन्दीलाई लम्ब्याइएको थियो। भारतीय विस्तारवादी सरकारको चाहाना अनुरूपको संवैधानिक व्यवस्था खासगरी नागरिकतासम्बन्धी व्यवस्थामा हेरफेर गराउन नाकाबन्दी गरेको देखियो।

नेपालको संविधान, २०७२ ले पनि द्विसदनात्मक संसदीय व्यवस्थालाई नै अङ्गीकार गरेको पाइन्छ। संविधानको धारा ८४ बमोजिम प्रतिनिधिसभा २७५ जनाको हुने व्यवस्था गरेको पाइन्छ। जसमा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित १६५ जना र समानुपातिक निर्वाचन प्रणालीबाट दलहरूले प्राप्त गरेको मतको आधारमा निर्वाचित हुने ११० जना सांसद रहेको प्रतिनिधिसभा अर्थात् सङ्घीय संसद् रहने व्यवस्था गरेको पाइन्छ।

धारा ८६ बमोजिम माथिल्लो सदन राष्ट्रियसभा स्थायी सदन हुने, जसमा ५९ जना सदस्य रहने संवैधानिक व्यवस्था गरेको पाइन्छ।

प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री पदमा नियुक्ति गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुने व्यवस्था धारा ७६ ले गरेको छ। कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई प्रधानमन्त्री नियुक्ति गर्ने, त्यसरी नियुक्त प्रधानमन्त्रीले ३० (तीस) दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने, त्यसरी नियुक्ति भएका प्रधानमन्त्रीले पनि विश्वासको मत प्राप्त गर्न नसकेको विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्ने प्रतिनिधिसभामा रहेका कुनै सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री पदमा नियुक्त गर्ने र निजले पनि ३० दिनमा विश्वासको मत प्राप्त गर्नुपर्ने, गर्न नसकेमा वा त्यसरी प्रधानमन्त्री नियुक्ति हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्ने (धारा ७६ को उपधारा (७) व्यवस्था रहेको पाइन्छ।

यसरी नेपालको संविधान, २०७२ ले विगतका संसद् विघटनका अनुभवहरूलाई आत्मसात गरी प्रतिनिधिसभामा सरकार गठन हुन सक्ने सम्भावनाहरूलाई खुला गरेको र अन्तिम विकल्पबाट पनि सरकार गठन हुन नसक्ने अवस्थामा प्रतिनिधिसभा विघटन गर्न सकिने संवैधानिक व्यवस्था गरेको पाइन्छ।

तर राजनीतिक खिचातानीका क्रममा तत्कालीन प्रम केपी शर्मा ओलीले २०७७ पुस ५ गते प्रतिनिधिसभाको विघटन गरी वैशाख १७ र २७ गते निर्वाचनको मिति तोकेर राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष सिफारिस गरेकोमा राष्ट्रपतिले सोही दिन विघटन स्वीकृत गरेका थिए।

सो उपर सर्वोच्च अदालतमा परेको मुद्दामा सर्वोच्च अदालतबाट मिति २०७७ फागुन ११ गते विघटनको निर्णय असंवैधानिक ठहर गर्दै प्रतिनिधिसभा पुन:स्थापना गरिदियो। सर्वोच्च अदालतले १३ दिनभित्र संसद्को अधिवेशन बोलाउन प्रत्यर्थी नेपाल सरकार, प्रतिनिधिसभा समेतका नाममा परमादेशको आदेशसमेत जारी गरेको थियो। सन्तोष भण्डारीसमेत विरुद्ध केपी शर्मा ओली भएको (२०७७-WC-००२८) रिटमा उक्त आदेश भएको हो। त्यसपछि २०७७ फागुन २३ गते प्रतिनिधिसभा बैठक बसेको थियो।

त्यस्तै पुन: दोस्रो पटक प्रम ओलीले २०७८ जेठ ७ गते संसद् विघटनको सिफारिस गर्दै २०७८ कार्तिक २६ र मङ्सिर ३ गते मध्यावधि निर्वाचनको मिति घोषणा गर्न सिफारिस गरेका थिए। राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसअनुसार प्रतिनिधिसभा विघटन गरे।

त्यस उपर परेको मुद्दामा सर्वोच्च अदालतले उक्त विघटनलाई संविधानको मर्म, मूल्य र मान्यताविपरीत तथा अवैधानिक ठहर गर्दै संसद्मा रहेको दोस्रो ठूलो संसदीय दलका नेता शेरबहादुर देउवालाई दुई दिनभित्र प्रधानमन्त्री पदमा नियुक्ति गर्न र २०७८ असार ३ गते प्रतिनिधिसभा बैठक बोलाउन परमादेशको आदेश जारी गरेको थियो।

राष्ट्रपतिको विघटनको निर्णय उपर प्रतिनिधिसभामा विपक्षी दलका नेता शेरबहादुर देउवा सहित १४९ जना सांसद सदस्यहरूले सर्वोच्च अदालतमा निवेदन गरेका थिए। उक्त मुद्दामा सर्वोच्च अदालतले २०७८ असार २८ गते रिट जारी गरेको हो। (शेरबहादुर देउवासमेत विरुद्ध राष्ट्रपतिको कार्यालय, समेत, ०७७ - WC-००७१)

पछिल्लो पटक २०८२ भदौ २३ र २४ को घटनापछि भदौ २७ मा गठित सुशीला कार्कीले आफू प्रधानमन्त्री पदमा नियुक्त हुनेबित्तिकै सोही दिन तत्काल गरेको प्रतिनिधिसभा विघटनको सिफारिस र उक्त सिफारिसका आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले गरेको प्रतिनिधिसभा विघटनको निर्णय, जारी सूचना समेतका विरुद्ध अहिले सर्वोच्च अदालतमा रिट निवेदन दायर भई मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

भदौ २३ र २४ को घटनाका कारण बदलिएको राजनीतिक परिस्थितिले बाध्यात्मक अवस्था सृजना गरेको र २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन अर्थात् नयाँ जनादेश नै देशको वर्तमान समस्याको उचित निकास हुने एकथरी विज्ञहरूको भनाइ रहेको देखिन्छ। यद्यपि विभिन्न कारणले तोकिएको मितिमा आम निर्वाचन हुन सकेन भने नेपालको सर्वोच्च अदालतमा विचाराधीन रिट निवेदनका आधारमा संवैधानिक निकासको रूपमा प्रतिनिधिसभा पुनर्स्थापनाको विकल्प रहेको पनि बताइन्छ।

देश आफ्नो बलबुट्टामा आफ्नो खुट्टामा उभिनुको विकल्प छैन। विदेशीको दबाब र प्रभावमा हुने राजनीतिक परिवर्तनबाट नेपाल र नेपालीको दीर्घकालीन हित हुने, सार्वभौमसत्ताको रक्षा हुने स्थिति कदापि बन्दैन। त्यसैले हरेक राजनीतिक परिवर्तन र राजनीतिक गतिविधिहरूलाई मिहिन रूपमा सही सुझबुझका साथ आत्मसात गर्न आवश्यक छ।

हल्लैहल्लाको भरमा भिडले बनाएका नेता र हत्तारमा बनेका नेताले देश र जनताको नि:स्वार्थ सेवा गर्न सक्दैन भन्ने कुरा संसारका विभिन्न देशहरूको अनुभवहरूबाट पटक पटक प्रमाणित भएको देखिन्छ। सबैले सुझबुझका साथ नेपालमा बढ्दो विदेशी हस्तक्षेपलाई विस्तारै न्यूनीकरण गर्दै आफ्नो खुट्टामा उभिएर आफ्नै बलबुट्टाले परिवर्तन गर्नु जरुरी छ।

*२०८२ पुस २६*

## नेपालमा संसद/संविधानसभा/प्रतिनिधिसभा विघटन

(२०१७ पुस १ गतेदेखि २०८२ भदौ २७ सम्म)

| क्र.सं. | बि.सं. | प्रधानमन्त्री/ शासक | संविधान | संवैधानिक व्यवस्था | विघटनको आधार | सर्वोच्च अदालतको ठहर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १, | २०१७ पुस १ | राजा महेन्द्रले प्र.म.बी.पी. कोइरालालाई अपदस्थ गर्दै जेल चलान | नेपालको संविधान, २०१५ | सार्वभौम सत्ता राजामा | राजकीय कदम, सत्ता केन्द्रीकरण | न्यायिक समीक्षा नै भएन | २०१९ को संविधान जारी |
| २, | २०५१ असार २६ | गिरिजाप्रसाद कोइराला | नेपाल अधिराज्य को संविधान, २०४७ | धारा ५३ उपधारा (४) | राजनीतिक अस्थिरता, पार्टी विभाजन | वैध ठहर | मध्यावधि चुनाव, २०५१ कार्तिक २९ गते |
| ३, | २०५२ भाद्र १२ | मनमोहन अधिकारी | ऐ.ऐ. | ऐ.ऐ. | अल्पमतको सरकार, अविश्वास प्रस्ताव दर्ता भएपछि अविश्वासबाट बच्न, उम्कन | विघटनको निर्णय बदर/अवैधानिक ठहर (०५२/०५/१२) | अर्को गठबन्धन सरकार गठन, प्रम लोकेन्द्रबहादुर चन्द, २०५६ वैशाख २० र जेठ ३ गते चुनाव |
| ४, | २०५४ पुस २५ | सूर्यबहादुर थापा | ऐ.ऐ. | ऐ.ऐ. | अल्पमतको सरकार | राजाद्वारा सर्वोच्चको राय माग | विघटनको सिफारिस कार्यान्वयन भएन। अर्को सरकार गठन |
| ५, | २०५५ माघ १ | गिरिजाप्रसाद कोइराला | ऐ.ऐ. | ऐ.ऐ. | अल्पमतको सरकार | राजाबाट अनुमोदन | २०५६ वैशाख २० गते निर्वाचन |
| ६, | २०५९ जेठ ८ | शेरबहादुर देउवा | ऐ.ऐ. | ऐ.ऐ. | २०५९ जेठ ९ गते प्रतिनिधिसभाको २२ औ अधिवेशन बोलाएको अवस्था | राजा ज्ञानेन्द्रले धारा ११५ को सङ्कटकालीन अधिकारको प्रयोग | २०६३ वैशाख ११ गते २०६२/६३ को आन्दोलनको दबाबमा प्रतिनिधि सभा पुनस्थापना गरी १५ गते बैठक बोलाउने घोषणा |
| ७, | २०६९ जेठ १५ गते | बाबुराम भट्टराई | नेपालको अन्तरिम संविधान, २०६३ | धारा ६४ र ८२ | निर्धारित समयभित्र संविधान निर्माण हुन नसक्नु | स्पष्ट व्याख्या नभेटिएको | राष्ट्रपतिसमक्ष विघटन प्रस्ताव, तर सबै दलको सहमतिमा प्र.न्या.खिलराज रेग्मीलाई मन्त्रीपरिषदको अध्यक्ष बनाएर निर्वाचन |
| ८, | २०७७ पुस ५ | केपी शर्मा ओली (पहिलो) | नेपालको संविधान, २०७२ | धारा ७६ | करिब दुईतिहाइ बहुमत हुँदाहुँदै विघटन वैशाख १७ र २७ मध्यावधि चुनाव प्रस्ताव | असंवैधानिक ठहर प्रतिनिधि सभा पुनस्थापना | राष्ट्रपति विद्यादेवी भण्डारी विवादित, |
| ९, | २०७८ जेठ ७ | केपी शर्मा ओली (दोस्रो) | नेपालको संविधान, २०७२ | धारा ७६ | धारा ७६ को उपधारा (५) को गलत प्रयोग, २०७८ कार्तिक २६ र मङ्सिर ३ गते चुनाव प्रस्ताव | असंवैधानिक ठहर र ४८ घण्टाभित्र शेरबहादुर देउवालाई प्रधानमन्त्री पदमा नियुक्ति गर्न आदेश। | २०७९ मंसिर ४ मा निर्वाचन घोषणा तर सर्वोच्चबाट प्रतिनिधिसभा पुनस्थापना |
| १०, | २०८२ भदौ २७ | सुशीला कार्की | ऐ.ऐ. | धारा ६१ | २३ गतेको जेन जी प्रदर्शन र २४ गतेको तोडफोड, आगजनी | विचाराधिन | २०८२ फागुन २१ गते निर्वाचन घोषणा |

# साम्राज्यवादको गुन्डागिरी चरण

✍ प्रभात पटनायक




सोभियत सङ्घको विघटन भयो । उदार पुँजीवादी लेखकहरूले सदाका लागि प्रजातन्त्र र स्थिरताको विश्वव्यापी विजयको युगारम्भ भएको घोषणा गरे । उनीहरूले समाजवादी चुनौतीलाई अनावश्यक र प्रत्युत्पादक हुने माने । पुँजीवादले पहिले नै उपनिवेशहरूलाई राजनीतिक स्वतन्त्रता दिएको, बालिग मताधिकार दिएको र लोककल्याणकारी नीति हृदयङ्गम गरेको विश्वास गरे । समाजवादी चुनौतीबेगर नै पनि पुँजीवादले मानव जातिलाई शान्ति, आर्थिक सुरक्षा र व्यक्तिगत स्वतन्त्रता प्रत्याभूत गर्न सक्छ भन्ने ती बुद्धिजीवीहरू निर्धक्क बने । अर्कोतर्फ कतिपय वामपन्थी लेखकहरूले उपनिवेशवादबाट विमुक्ति, बालिग मताधिकारको आरम्भ र लोककल्याणकारी नीतिलाई समाजवादी चुनौतीले गर्दा आइलागेको अस्तित्वको सङ्कटको बेला पुँजीवादले दिनुपरेको सहुलियतको रूपमा देखे । यो चुनौती हटेपछि पुँजीवादी प्रणाली पुनः आफ्नो सामान्य परजीवी चरित्रमा फर्किने र यी सहुलियत पनि फिर्ता लिने उनीहरूले आकलन गरे । ती वामपन्थी बुद्धिजीवीको अनुमान सही कालान्तरमा सही ठहरियो । साम्राज्यवादले आफ्नो नाङ्गो आक्रामक चरित्र देखायो । यसलाई हामी यसको 'गुन्डागर्दी चरण' भन्न सक्छौँ । ( साम्राज्यवाद पुँजीवादकै एक चरण हुनाले हामी यहाँ साम्राज्यवादबारे मात्र चर्चा गर्छौं ।)

अमेरिकी साम्राज्यवादले सैन्य कारबाहीमार्फत एक अर्कै देश भेनेजुयलाका जननिर्वाचित राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीलाई उनीहरूको घरबाटै अपहरण गऱ्यो । उनीहरूमाथि फर्जी मुद्दा चलाउन हातमा हत्कडी लगाएर अमेरिका ल्यायो । अमेरिकाले आफूले लगाएको आरोप प्रमाणित गर्न कुनै भरपर्दो प्रमाण पेश गर्न सकेको छैन । यसका साथै अमेरिकाले तिनको देशलाई उपयुक्त कठपुतली सरकार नबन्दासम्म सिधै शासन गर्ने बतायो । अन्तर्राष्ट्रिय व्यवहारका सम्पूर्ण कानुनी र नैतिक मान्यतालाई उल्लङ्घन गर्ने गजबको धृष्टता देखियो अमेरिकाको । यस घटनामा साम्राज्यवादको 'गुन्डागर्दी चरण' झल्किन्छ ।

साम्राज्यवादको गुन्डागर्दी चरणको पछिल्लो घटना यही हो । इराकका सद्दाम हुसेनलाई जबर्जस्ती हटाएर पूर्णतः झूटो अभियोगमा मृत्युदृण्ड दिनु; लिबियाका मुअम्मर गद्दाफीको नृशंस हत्या गर्नु; सिरिया कब्जा गर्नु; साम्राज्यवादको आड पाएर बसोबासी उपनिवेशवाद लागु गरिरहेको शक्तिले घर खाली गर्नभन्दा नमानेको 'झूटो' आरोप लगाई प्यालेस्टिनी जनताको जातिसंहार गर्नु; डोनाल्ड ट्रम्पले छनोट गरेका 'भाइसरोय' ले शासन गर्ने गरी गाजालाई अमेरिकी उपनिवेशको रूपमा अधिग्रहण गर्नु र त्यसलाई घरजग्गा कारोबारीहरूको अखडा बनाउनु - यी सबै साम्राज्यवादको गुन्डागर्दी चरणका विविध अध्याय हुन् ।

उदारवादी बुद्धिजीवीहरूले अहिले पुनः (साम्राज्यवादी) गुन्डागर्दीको लागि पुनः डोनाल्ड ट्रम्पको अलग आचरणलाई मात्र दोष दिँदै छन् । तर, माथि चर्चा गरिएका धेरै घटना डोनाल्ड ट्रम्प सत्तामा आउनुभन्दा अगाडिका हुन् । ट्रम्प र अघिल्ला अमेरिकी राष्ट्रपतिहरूको भेद एउटै छ । अघिल्ला राष्ट्रपतिहरूले 'सभ्य' शब्दावलीले छोपेर गुन्डागर्दी गर्थे भने ट्रम्पले सरकारी बदनियत नलुकाई गुन्डागर्दी गर्छन् । प्यालेस्टिनी जनताको जातिसंहारलगायत माथि चर्चा गरिएका प्रत्येक घटनामा अन्य साम्राज्यवादी देशहरूको समेत पूर्ण सहमति थियो । यी तिनै साम्राज्यवादी देशहरूले हुन्, जो आफ्नो तथाकथित 'उदारवादी' सिद्धान्तहरूको विज्ञापन गरेर कहिल्यै थाक्दैनन् । निकोलस मादुरोको अपहरणकै घटनालाई हेरौँ । विश्वका तमाम देशले यो अपहरणको विरोध गरे । तर, जर्मनी, फ्रान्स र बेलायतले यसमा सक्रिय वा मौन समर्थन जनाए । त्यसैगरी, ट्रम्पको अनुकम्पा लिने लोभमा भारतलगायत दक्षिणी गोलार्द्धका केही मुलुकले पनि यो अपहरणको पक्ष लिए ।

खासगरी संरा अमेरिकाका युरोपेली साझेदारहरूले निकोलस मादुरो निरङ्कुश शासक हुनाले उनलाई बेदखल गर्दा आँसु झार्नुपर्दैन भन्ने भाषा बोल्दै छन् । यो ताइँ न तुइँको तर्क हो । अन्तर्राष्ट्रिय कानुनले संरा अमेरिकालगायत कुनै पनि देशलाई प्रजातन्त्र स्थापना गर्न अन्य देशको मामिलामा सैन्य हस्तक्षेप गर्ने अधिकार दिएको छैन । कुनै पनि देशको शासक छनोट गर्ने अधिकार त्यहीका जनतालाई हुन्छ । मादुरो निरङ्कुश थिए वा थिएनन् भन्ने कुरासँग अमेरिकी हस्तक्षेपलाई एकदम असान्दर्भिक छ ।

मादुरोलाई पक्राउ गरेपछि शासन चलाउनका लागि भेनेजुयलामा मादुरोकी मुख्य विरोधी मारिया कोरिना मचाडोसँग पर्याप्त जनाधार नभएको तथ्य ट्रम्प आफैले स्वीकारे । कुनै पनि देशमा दुई मुख्य राजनीतिक शक्ति छन् र तीमध्ये एउटासँग पर्याप्त जनाधार छैन भने यसको सोझो अर्थ हुन्छ अर्कोसँग पर्याप्त जनाधार छ । यस्तो स्थितिमा ट्रम्प र युरोपका धेरै नेताहरूको 'मादुरोसँग राजनीतिक वैधता छैन' भन्ने दाबी खुला झूट साबित हुन्छ । ट्रम्पले मचाडो र मादुरो दुवैसँग राजनीतिक वैधता छैन भन्छन् भने भेनेजुयलामा कोसँग राजनीतिक वैधता छ त भनी उनले बताउनुपर्छ ।

ट्रम्पले आफ्नो ठाडो शैलीमा मादुरोलाई हटाउनुको सक्कली कारण बताए । जनवरी ३ गते शनिबारका दिन आयोजित पत्रकार भेलामा उनले भने, "अब हामीले भुइँबाट विशाल मात्रामा धन निकाल्ने छौँ ।" उनको भनाइ अनुसार त्यहाँबाट कमाइ हुने रकम भेनेजुयलाका जनताले मात्र पाउने छैनन्, अमेरिकी इन्धन कम्पनीहरूले पनि पाउनेछन् । साथै, त्यो रकम "त्यो देशले गर्दा पुगेको क्षतिको हर्जानास्वरूप संरा अमेरिका" ले पनि पाउनेछ रे । भेनेजुयलाले इन्धन सम्पदालाई राष्ट्रियकरण गर्दाको परिणामलाई ट्रम्पले 'क्षति' भनेका हुन् । भेनेजुयलामा जतिको तेल सम्पदा संसारमा अर्को कुनै देशसँग छैन । विश्वको तेल भण्डारको १७ प्रतिशत तेल भेनेजुयलामा छ । भेनेजुयलाको तेल लुट्न ट्रम्पले राखेको प्रस्ताव आफैमा त्यो देशलाई हातमा लिएर 'चलाउने' ट्रम्पको ठाडो स्वीकारोक्तिले उनको कुनियत प्रस्ट हुन्छ । यसलाई खुला गुन्डागर्दीबाहेक अरू भन्नै मिल्दैन । तिमीहरूसँग तेल छ; हामी त्यो तेल खोस्नेछौँ; हाम्रो काममा अडचन बने तिमीहरूको राष्ट्रपतिलाई अपहरण गर्नेछौँ; तिम्रो देशलाई सिधै उपनिवेश बनाएर हुन्छ कि तिम्रो देशलाई लुट्न दिने कुनै कठपुतली सरकारलाई सत्तामा राखेर हुन्छ, हामीले त्यो तेल खोस्नेछौँ - यस्तो भाषा गुन्डा र डाँकाहरूको हुन्छ ।

साम्राज्यवादले सदैव अरू देशका प्राकृतिक स्रोतसाधन, तिनको भूमि र भूमिजन्य उत्पादनहरू लुट्दै आएको छ । लुटपाट साम्राज्यवादको मूल चरित्र रहँदै आएको छ । दोस्रो विश्वयुद्धपछि औपनिवेशिक शासनबाट देशहरू मुक्त हुन थाले । त्यसपछि साम्राज्यवादले आफ्नो डकैतीको बीचमा बाधक बन्ने सरकारहरूलाई ढलाउन र तिनका स्थानमा चाकर सरकारहरूलाई राख्न थाल्यो । अमेरिकी गुप्तचर निकाय 'सिआइए' ले ग्वाटेमालामा अर्बेन्जविरुद्ध, इरानमा मोस्सादेगविरुद्ध, कङ्गोमा लुमुम्बाविरुद्ध, चिलीमा एयेन्डेविरुद्ध सत्ताविद्रोह गराउन सरसहयोग गरेको कुरा सहज ज्ञान भइसकेको छ । हालै मात्र पूर्वी युरोप तथा पूर्व सोभियत गणतन्त्रहरूमा भएका रङ्गीन क्रान्तिहरू र पश्चिम एसियामा भएको आक्रमण यही कोटीका कुकर्म हुन् । यी सबै घटना र भेनेजुयलाको घटनामा एउटा मूल भिन्नता छ । यसअघि अमेरिकाले (डकैती गर्ने) देशको आन्तरिक द्वन्द्वको कुनै एउटा पक्षलाई सहयोग गरे जस्तो गर्थ्यो र पर्दा पछाडिबाट सत्ताविद्रोह गराउँथ्यो । तर, यसपालि भेनेजुयलामा उसले द्वन्द्वरत पक्षमध्ये एउटालाई आड दिने देखावा नगरी सिधै सैन्य हस्तक्षेप गऱ्यो ।

अमेरिकाले साम्राज्यवादविरोधी सरकारहरूलाई पनि निसानामा राख्ने गरेको जगजाहेर छ । यसको लागि ती देश खनिज पदार्थमा सम्पन्न हुनैपर्छ भन्ने छैन । जस्तो, कुख्यात मुनरो नीतिलाई ब्युँताउने सिलसिलामा ट्रम्पले यसअघि नै क्युबा, मेक्सिको र कोलम्बियाविरुद्ध योजना सुनाइसकेका छन् । तर, कुरा ल्याटिन अमेरिका वा क्यारिबियाको मात्र होइन । उनको साम्राज्यमा यी क्षेत्र मात्र पर्दैनन् । वास्तवमा आजका मितिमा विश्वको कुनै पनि देश अमेरिकी हस्तक्षेपबाट सुरक्षित छैन ।

तथाकथित क्युबाली मिसाइल सङ्कटको बेला अमेरिकाले क्युबामाथि आक्रमण गर्ने धम्की दिँदा सोभियत सङ्घले क्युबाको प्रतिरक्षा गर्नुपरेको थियो । संरा अमेरिकासँग हुन सक्ने आणविक युद्धकै जोखिम मोलेर सोभियत सङ्घले क्युबाको रक्षा गरेको थियो । त्यसअघि इजिप्टका नासिरले स्वेज नहरलाई राष्ट्रियकरण गरेपछि बेलायत र फ्रान्सले आक्रमण गर्ने धम्की दिँदा सोभियत सङ्घ नै इजिप्टको प्रतिरक्षामा उभिएको थियो । यी दुवै घटनामा साम्राज्यवाद पछि हट्न बाध्य भएको थियो । आज सोभियत सङ्घ छैन । आज अमेरिकी नेतृत्वमा रहेको साम्राज्यवादको गिद्देदृष्टिमा परेका विश्वका सबै देशले सोभियत सङ्घको अनुपस्थितिलाई गहिरो गरी महसुस गर्दै छन् ।

साम्राज्यवादको यो गुन्डागर्दी चरण साम्राज्यवादकै उच्चतम रूप पनि हो । तर, यो रूप लामो समय टिक्ने छैन । साम्राज्यवादको सिकार बन्दै आएका विश्वका जनता र खासगरी तेस्रो विश्वका जनताले फेरि एकपल्ट साम्राज्यवादी दबदबाको दासतामुनि पिल्सिन चाहने छैनन् । वास्तवमा साम्राज्यवादले अरब जगतमा गुन्डागर्दी मच्चाउन खोज्दा उल्टो परिणाम निस्केको उदाहरण छ ।

भेनेजुयालामा पनि त्यही भयो । मादुरोलाई बाटोबाट हटाउँदैमा उनको स्थानमा आएकी भेनेजुयली उपराष्ट्रपति डेल्सी रोड्रिगेजले अमेरिकाले जसो भन्छ, त्यसै गर्नेछिन् भन्ने ट्रम्पको सामान्य अनुमानलाई घटनाक्रमले फिक्का साबित गरिसकेको छ । रोड्रिगेजले अमेरिकी कारबाहीको निन्दा गरेकी छिन् र मादुरोको तत्काल रिहाइको माग गरेकी छिन् । त्यही भएर ट्रम्पले उनलाई पनि 'मादुरोकै नियति भोग्नुपर्ला' भन्दै धम्की दिन थालेका छन् । तर, उनको पछाडि सारा देश छ । अमेरिकी गुन्डागर्दीविरुद्ध समग्र भेनेजुयला जुरुक्क उठेको छ । सोभियत सङ्घको अनुपस्थितिमा विश्वभरि एकछत्र प्रभुत्व लाद्ने अभियानमा साम्राज्यवादको साहस बढेकै हो । तर, एकछत्र प्रभुत्व लाद्ने उसको एक खोक्रो सपना साबित हुनेछ ।

(प्रभात पटनायक विश्वविख्यात भारतीय अर्थविद्का साथै खरो राजनीतिक विश्लेषक पनि हुन् । पुँजीवादी अर्थतन्त्रबारे उनका अनेकौं पुस्तक प्रकाशित छन् ।)

*स्रोत : एमआर अनलाइन । सम्यक*

# मादुरोमाथिको कारबाहीमा नोरिएगा प्रकरणको छाया

✍ होम्स लिब्रान्ड/हाना राब्लनोल्ज

तीन दशकअघि अमेरिकी सरकारले एकजना अर्का विदेशी नेतालाई गिरफ्तार गरेको थियो । अभियोजक, प्रतिरक्षा वकिल र न्यायाधीशहरूका लागि पानामाका सैन्य तानाशाह राष्ट्रपति म्यानुएल नोरिएगाको अचानकको गिरफ्तारीपछि चलेको मुद्दा भेनेजुयलाका निर्वाचित नेता निकोलस मादुरोविरुद्धको मुद्दामा मार्गदर्शक हुनेछ ।

मादुरोजस्तै, नोरिएगालाई संयुक्त राज्य अमेरिकामा लागुपदार्थ तस्करीमा संलग्न भएको आरोप लगाइएको थियो । नोरिएगालाई पनि अमेरिकाले विशेष सैन्य अप्रेसनमार्फत उनको देशबाटै पक्राउ गरेर अमेरिका लगेको थियो । पक्राउलगत्तै नोरिएगाका वकिल उनको प्रतिरक्षामा सक्रिय भएका थिए । नोरिएगाका वकिलले तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज एच डब्ल्यू बुसको न्याय मन्त्रालयले पानामामाथि आक्रमण गरेर पक्राउ गर्नु आफैँमा अन्तर्राष्ट्रिय कानुन र उचित प्रक्रियाको उल्लङ्घन भएको आरोप लगाएका थिए । नोरिएगा एक देशको राष्ट्र प्रमुख भएकाले उनले कानुनी उन्मुक्ति पाउने दाबीसमेत गरिएको थियो । नोरिएगालाई जस्तै मादुरोलाई पनि 'राज्य प्रायोजित आपराधिक गिरोह' सञ्चालन गरेको र भेनेजुयलाबाट लागुपदार्थ तस्करलाई सहजीकरण गरेको आरोप लगाएको छ । 'मादुरोका वकिलहरूले पनि नोरिएगाका वकिलले विगतमा प्रयास गरेजस्तै रणनीति अपनाउने सम्भावना छ,' जर्जटाउन युनिभर्सिटी ल सेन्टरका प्राध्यापक स्टिभ भ्लाडेकले भने । यसपटक मादुरोको मुद्दामा सम्भवतः 'संवैधानिक र अन्तर्राष्ट्रिय कानुनका नयाँ-नयाँ तर्क' समावेश हुनेछन् । यसपटक निकै उच्च-प्रोफाइल बनाएका शीर्ष आपराधिक प्रतिरक्षा वकिल मादुरोको प्रतिरक्षामा संलग्न हुन सक्ने वरिष्ठ कानुनी विश्लेषक एली होनिङले बताए । 'अहिलेसम्म नदेखिएको स्तरको ठुलो कानुनी लडाइँ हुँदै छ,' एली होनिङले भने ।

नोरिएगाको प्रतिरक्षा समूहको तर्क अन्ततः असफल भएको थियो । सन् १९९१ मा उनलाई दोषी ठहर गर्दै ४० वर्षको जेल सजाय सुनाइयो । (पछि एकजना सङ्घीय न्यायाधीशले नोरिएगा युद्धबन्दी भएको ठहर गर्दै जेलमा उनलाई केही अधिकार प्रदान गरिनुपर्ने फैसला गरे । तर, अमेरिकामा न्यायाधीशले कैदीलाई सुविधा दिनेबारे फैसला गर्न सके पनि कुन जेलमा कस्तो सुविधा दिने भनेर फैसला गर्न सक्दैनन् ।)

'नोरिएगाको प्रतिरक्षा असफल हुनुको मुख्य कारण अमेरिकी अदालतले नोरिएगालाई पक्रन पानामामाथि अमेरिकाले आक्रमण गरेको भन्ने दलिलको वैधतालाई नै अस्वीकार गरेको थियो,' लिबरटारियन थिंक-ट्यांक क्याटो इन्स्टिच्युट' मा आबद्ध क्लार्क निलीले शनिबार एक लेख लेख्दै औँल्याए,' सङ्घीय अदालतले प्रतिवादीलाई अमेरिकी अदालतसम्म ल्याउन बल प्रयोग गर्नु र विदेशी भूमिबाट नियन्त्रणमा लिनुले पनि उनीमाथिको अपराध क्षम्य नहुने ठहर गरेको थियो ।' यदि मादुरोले पनि आफूलाई अवैध रूपमा अमेरिका ल्याइएको तर्क गर्ने प्रयास गरे भने उनीविरुद्ध मुद्दा लाग्ने नजिर नोरिएगाकै प्रकरण छ । अर्थात्, कुनै व्यक्तिलाई अमेरिका ल्याउन गैरकानुनी मार्ग प्रयोग गरिएको भए पनि ती व्यक्तिमाथिको अपराधमा अनुसन्धान हुन रोकिनेछैन ।

यदि मादुरोको गिरफ्तारीलाई जायज ठहऱ्याउन दबाब दिइयो भने अभियोजकहरूले न्याय मन्त्रालयको कानुनी सल्लाहकार कार्यालयका विलियम बारको १९८९ को ज्ञापनपत्रलाई औँल्याउन सक्छन् । त्यसमा राष्ट्रपतिसँग विदेशी देशका मानिसलाई हिरासतमा लिन एफबिआईलाई आदेश दिन सक्ने 'संवैधानिक अधिकार' रहेको दाबी गरिएको छ, भलै त्यस क्रममा अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन नै किन नहोस् । बार पछि गएर बुस प्रशासन र ट्रम्पको पहिलो प्रशासनमा महान्यायाधिवक्ता बनेका थिए । उनको ज्ञापनपत्र कानुनी विद्वान्माझ भने विवादास्पद बनेको थियो । 'अभियोजकहरूलाई सबैभन्दा कठिन तर्क मादुरो भेनेजुयलाको 'राज्य प्रमुख' भएको कारणले उन्मुक्तिका लायक छन् वा उनलाई लागेका अपराध सबै सरकारी अधिकारबाटै सञ्चालन गरिएका आधिकारिक कार्यबाट उत्पन्न भएको हो भन्ने हुन्छ,' भ्लाडेकले भने ।

नोरिएगाको मुद्दामा अदालतले केही ढिलो गरी कार्यकारी निकायको निर्णयलाई सदर गर्दै नोरिएगा उन्मुक्तिको हकदार नभएको निर्णय गरेको थियो । 'आरोपित कार्य स्पष्ट रूपमा आपराधिक' भएकाले नोरिएगालाई उन्मुक्त गर्न नसकिने बताएको थियो । तथापि, त्यस बेलाको मुद्दा र मादुरोको मुद्दामा एउटा महत्त्वपूर्ण भिन्नता रहेको छ । त्यो हो, अमेरिकाको विदेश मन्त्रालयले नोरिएगालाई पानामाको राष्ट्र प्रमुख मान्न अस्वीकार गरेको थियो । नोरिएगाले कठपुतली राष्ट्रपति बनाएर विनाकुनै पद सैन्य तानाशाही चलाएका थिए । तर, मादुरोको राष्ट्रपति हैसियतका कारण अदालतले नोरिएगाको नजिरमाथि पुनर्विचार गर्ला या नगर्ला, स्पष्ट छैन । तर, न्याय मन्त्रालयद्वारा शनिबार खोलिएको अभियोगपत्रमा उनलाई भेनेजुयलाका 'वास्तविक तर अवैध शासक' भनेर उल्लेख गरेको छ । विशेषतः मादुरोको मुद्दाका सन्दर्भमा आगामी अभियोजन पहिले नै तय भएको मुद्दा नभएको भ्लाडेकले निष्कर्ष निकाले ।

*(होम्स सिएनएनका रिपोर्टर हुन् भने हाना सिएनएनका लागि न्याय मन्त्रालयको रिपोर्टिङ गर्छन्)*

*- सिएनएनबाट*

# अर्को भेनेजुयला बन्नेछैन इरान

● जसिम अल-अज्जाबी



इरानका सुरक्षा बलहरूले शान्तिपूर्ण प्रदर्शनकारीलाई मारेको खण्डमा अमेरिका हतियार चलाउन तयार छ भन्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको घोषणाले विशेष उत्तेजना निम्त्यायो । २४ घन्टाभन्दा कम समयमा अमेरिकी विशेष बलले काराकासमा आक्रमण गरे, भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोलाई निवासबाटै अपहरण गरे र 'लागुऔषध ओसारप्रसार र आतङ्कवाद' मा मुद्दाको सामना गर्न न्युयोर्क लगे । भेनेजुयलामा उनको प्रशासनले धम्की देखाउँदै ट्रम्पले इस्लामिक गणतन्त्रमाथि मनोवैज्ञानिक दबाब बढाएका छन् । इरानी विदेशमन्त्री अब्बास अराघचीले ट्रम्पको भनाइलाई 'लापरवाह र खतरनाक' भने । स्पष्ट रूपमा इरानी सरकारले पहिल्यै चेतावनी पाएको थियो । यद्यपि, इरान भेनेजुयला होइन । शनिबार काराकसमा जे भयो, त्यो वास्तवमा तेहरानमा हुन सक्दैन ।

भेनेजुयलामा आक्रमण गर्न अनुमति दिने सञ्चालन क्षमताको वास्तविकताले इरानमा यस्तै हस्तक्षेप अमेरिकाका लागि किन सम्भव छैन भनेर प्रकाश पार्छ । सिआइएले काराकसमा ६ महिनादेखि अप्रेसनको तयारी गरिरहेको थियो । गुप्तचर निकायसँग मादुरोनिकट एक व्यक्ति सम्पर्कमा थिए, जसले उनलाई पत्ता लगाउन मद्दत गरे । शनिबार अमेरिकी लडाकु विमानले काराकास र वरपरका सैन्य लक्ष्यमा हवाई आक्रमण गरेपछि मादुरोलाई उनको निवासबाट अपहरण गर्न अमेरिकी विशेष बलको टोली पठाइएको थियो । अप्रेसनको सफलता सुनिश्चित केले गरेको थियो भने भेनेजुयलाको सेना अस्तव्यस्त थियो र मादुरोलाई उनका सहयोगी रुस र चीनले धेरै हदसम्म त्यागेका थिए । ६ महिनाअघि इरानले स्पष्ट पारेको थियो, यो शासन परिवर्तनको सजिलो लक्ष्य होइन । जूनमा इजरायलसँग १२ दिनको द्वन्द्वमा तेहरानका कमजोरी प्रकट भए । तर, यसको लचिलोपन पनि त्यस्तै थियो ।

इजरायलको अचानक आक्रमणले इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) का केही महत्त्वपूर्ण नेता र इरानी आणविक वैज्ञानिकलाई मारे पनि विभिन्न अधिकारी र उच्च पदस्थ सैन्य अधिकारीलाई मृत्युको धम्की दिने इजरायली मनोचिकित्सा प्रयासका बाबजुद इस्लामिक गणतन्त्र डगमगाएको छैन । बङ्कर बस्टर बम ( बङ्कर फुटाउने बम) प्रयोग गरेर इरानको भूमिगत आणविक स्थलमा अमेरिकी आक्रमणले पनि शासनलाई हल्लाएन । प्रतिक्रियामा, इजरायलको आइरन डोमलाई छेड्दै र सैन्य लक्ष्यमा प्रहार गर्दै इरानी सेनाले प्रतिशोधमा सयौँ क्षेप्यास्त्र प्रहार गर्न सक्षम भयो । यो दृढता बाह्य झट्काबाट इरानी शासनले आफूलाई लागु गरेको एक्लोपनबाट उत्पन्न हुन्छ । निर्माण, दूरसञ्चार र निर्यातमा आइआरजिसीको विशाल व्यापारिक साम्राज्यले यसका शीर्ष कमान्डरलाई यसको वैचारिक आधार जस्तोसुकै भए पनि शासनको अस्तित्वमा ठोस व्यक्तिगत चासो प्रदान गर्छ ।

इरानसँग यस क्षेत्रमा सबैभन्दा ठुलो सेना छ, जसमा दश लाख सक्रिय र आरक्षित सैनिक छन् । आइआरजिसीले मात्र कम्तीमा एक लाख पचास हजार सैनिकको नेतृत्व गर्छ, जसमध्ये धेरैजसो पहिल्यै मध्यपूर्वका युद्धमा परिचालित भइसकेका छन् । त्यसपछि बासिज मिलिसिया छ, जसका आफ्नै लाखौँ नियमित र आरक्षित सदस्य छन् । इरानमा आक्रमण भेनेजुयलाजत्तिकै सजिलो हुनेछैन । पहाडी इरानी परिदृश्य र विशाल सहरी क्षेत्रलाई ध्यानमा राखेर यसलाई इराकसँग तुलना गर्न पनि सकिँदैन । यसबाहेक, चिनियाँ र रुसीहरूले भेनेजुयलाभन्दा धेरै महत्त्वपूर्ण साझेदार इरानलाई त्याग्न असम्भव छ । तिनले तेहरानलाई उच्च उन्नत गुप्तचर र हतियारका साथै राजनीतिक समर्थन र सहयोग प्रदान गर्ने सम्भावना छ ।

पछिल्ला दिनमा इरानले आर्थिक सङ्कटका कारण ठुला विरोध प्रदर्शन अनुभव गरिरहेको छ । तर, यो अमेरिका र इजरायलले सोचेको अवसर नहुन सक्छ । उथलपुथल २०२२ मा हुने जुलुसको स्तरको नजिक अझै आउन बाँकी छ । विगत केही दिनमा २० प्रदर्शनकारी मारिएका छन् । तर, हामीले शासनमा प्रस्ट दरार देखेका छैनौँ । उदाहरणका लागि आइआरजिसीमा त्यस्तो कुनै विद्रोह भएको छैन, जसले सेनालाई अस्थिर बनाएर अन्ततः शासनको पतन निम्त्याउन सकोस् ।

यसबाहेक, इतिहासले देखाउँछ कि बाह्य आक्रमणले समाजलाई टुक्राटुक्रा पार्नुको सट्टा एकताबद्ध गर्छ । यो कुरा वर्षाको मौसममा स्पष्ट भयो, जब इरानी आफ्नो सरकारविरुद्ध इजरायली उक्साहटमा लागेनन् । उनीहरूको दमनकारी रणनीतिका बाबजुद तेहरानका अधिकारीले पनि प्रदर्शनकारीको चिन्तालाई स्वीकार गरेका छन् । शनिबार, इरानका सर्वोच्च नेता अली खामेनीले भने कि 'महँगीको विरोध... वैध छ' र सरकार समस्या समाधान गर्न खोजिरहेको छ ।

निःसन्देह इरानको सङ्कट वास्तविक छ । गम्भीर आर्थिक मन्दी र मुद्रास्फीति, इरानको आणविक योजनामा विवाद र सर्वोच्च नेताको खराब स्वास्थ्य तथा उत्तराधिकारको प्रश्नले शासनमा दरार सिर्जना गर्न सक्छ । तर, यी ढिलो गतिमा चल्ने सङ्कट हुन् र भेनेजुयलाको शासन सञ्चालनमा जस्ता कमजोरी होइनन् । इरानी सरकारले आफ्नो ठोस संस्थागत ढाँचाका कारण चार दशकका प्रतिबन्ध, द्वन्द्व र आन्तरिक उथलपुथल सहन सफल भएको छ, जसले जुनसुकै पीडादायी क्षणलाई सामना गर्न सक्छ ।

त्यसो भए भेनेजुयलाको जस्तो हस्तक्षेप इरानजस्तो देशमा कसरी गर्न सकिन्छ भन्ने अमेरिकी शक्तिको सीमाको उदाहरण हो । ट्रम्पले भेनेजुयलामा जस्तै खोक्रो बनेका देशका व्यक्तिगत नेतालाई एक्लो पार्न र हटाउन सक्छन् । यद्यपि, उनी र उनका जनरलले इरानजस्तो जटिल देशलाई नियन्त्रण र रूपान्तरण गर्न सक्दैनन् । यस्तो कुनै पनि परियोजनाले निःसन्देह इराकभन्दा धेरै तीव्र र स्थायी क्षेत्रमा अराजकता र रक्तपात निम्त्याउनेछ ।

*(अज्जाबी समाचार प्रस्तोता, कार्यक्रम प्रस्तोता र मिडिया प्रशिक्षक हुन्)*

*- अलजजिराबाट*

# ट्रम्पको भेनेजुयला आक्रमण : विश्वलाई तीन चेतावनी

✍ डोनाल्ड रोथवेल

जनवरी ३ मा भेनेजुयलामा राष्ट्रपति निकोलस मादुरो र उनकी श्रीमती सिलिया एडेला फ्लोरेस डे मादुरोलाई नियन्त्रणमा लिएर गरिएको अमेरिकी सैन्य कारबाही अन्तर्राष्ट्रिय कानुनअन्तर्गत उत्तिकै जोखिम र गैरकानुनी थियो । ट्रम्प प्रशासनले अब अन्तरिम आधारमा भेनेजुयलामाथि 'शासन गर्ने' भनेको कुरा अझ बढी अच्चम्भित पार्नेखाले छ । अमेरिकाले त्यस देशको विशाल तेललाई पनि नियन्त्रण गर्न खोज्नेछ ।

प्रतिस्पर्धात्मक घरेलु राजनीति र मादुरो शासनको कमजोर अभिलेखका बाबजुद भेनेजुयला अन्तर्राष्ट्रिय कानुनअन्तर्गत एक मान्यता प्राप्त सार्वभौम राज्य हो । जसमा यसको प्राकृतिक स्रोतमाथि स्थायी सार्वभौमिकता समावेश छ । भेनेजुयलाको तेलमाथि हुने अमेरिकी कब्जा अन्तर्राष्ट्रिय कानुनको थप उल्लङ्घन हुनेछ ।

तर, अमेरिकाले अन्तर्राष्ट्रिय कानुनका साथ आफ्नो आक्रमणलाई औचित्य दिने प्रयास गरेको छैन । बरू, ट्रम्प प्रशासनले विश्वव्यापी नियमलाई पूर्ण रूपमा बेवास्ता गर्दै आफ्नो घरेलु कानुन प्रयोग गरिरहेको छ । यो एक कुनै अन्तर्राष्ट्रिय कानुनी आधारविनाको नयाँ रणनीति हो ।

**ट्रम्प प्रशासनको शत्रुता**

पहिलो र दोस्रो ट्रम्प प्रशासनले मादुरो शासनप्रति शत्रुता देखाएका छन् । अमेरिकी सरकारले लगातार दुई प्रमुख मुद्दा वा आरोप उठाउँदै आएको छ, अमेरिकामा अवैध ल्याटिन अमेरिकी आप्रवासी प्रवेशमा भेनेजुयलाले खेलेको भूमिका र अमेरिकामा लागुपदार्थको ओसारप्रसारमा उसको समर्थन ।




२०२४ को अमेरिकी राष्ट्रपति चुनाव अभियानका क्रममा दुवै प्रमुख मुद्दा थिए र ट्रम्पको मागा (मेक अमेरिका ग्रेट अगेन) आन्दोलनका प्रमुख आधार हुन् । मदुरो शासनको वैधतामाथि पनि प्रश्न उठाइएको छ । २०१८ र २०२४ मा सम्पन्न चुनावलाई अमेरिकासहित केही पश्चिमा देशले समर्थन जनाएनन् ।

यद्यपि, मदुरो शासनको वैधता सैन्य हस्तक्षेपका लागि कानुनी आधार होइन । बरू, ट्रम्प प्रशासन भेनेजुयलामा आफ्ना कार्य जायज ठहऱ्याउन अमेरिकी घरेलु कानुनमा भर परिरहेको छ । २०२० मा मदुरो र उनकी श्रीमतीलाई लागुपदार्थको तस्करीको आरोपमा अमेरिकी ग्रान्ड जुरीको अभियोगले कानुनी तर्कलाई भरथेग गर्छ ।

न्युयोर्कमा टेलिभिजन क्यामेरा अगाडि मादुरोलाई थुनामा राखिएका अन्य कुनै पनि कैदीजस्तै परेड गराइएको कुराले अमेरिकी घरेलु कानुनको महत्त्वलाई अझ जोड दिएको प्रस्ट हुन्छ । कुनै पनि विदेशी राष्ट्रप्रमुखलाई उनीहरूको राष्ट्रपति परिसरमा पक्राउ गर्नु, हिरासतमा राख्नु र २४ घन्टाभित्र अमेरिकामा कानुनी रूपमा कारबाही गर्नु अनौठो घटना हो ।

मादुरो र उनकी श्रीमतीले अन्ततः विभिन्न आपराधिक आरोपमा मुद्दाको सामना गर्नुपर्नेछ । निकोलस मादुरो भेनेजुयलाका राष्ट्रपति हुन् र त्यसैले अमेरिकी अदालतमा फौजदारी अभियोजनबाट विदेशी राज्य प्रमुख उन्मुक्तिको हकदार हुन्छन् भन्ने कुरा सम्भवतः खारेज हुनेछ, किनकि ट्रम्प प्रशासनले उनको राष्ट्रपतित्वलाई अवैध मान्दै आएको छ ।

त्यस्तैगरी, अमेरिकी बाह्य-क्षेत्रीय कानुन प्रवर्तनमार्फत मादुरोको गिरफ्तारीको तरिकाले अमेरिकी अदालत झमेलामा पर्नेछैन । एकपटक अमेरिकी ग्रान्ड जुरीमा अभियोग जारी भएपछि अमेरिकाले गिरफ्तारी वारेन्टमार्फत मादुरोको सुपुर्दगी माग गर्न सक्थ्यो ।

ट्रम्प प्रशासनले सम्भवतः यस्तो कुनै पनि सुपुर्दगी अनुरोधलाई भेनेजुयलाले बेवास्ता गर्न सक्ने पहिल्यै अनुमान गरेको थियो । त्यसैले, प्रशासनले न्याय मन्त्रालयका अधिकारीलाई मादुरोको पक्राउ सहज बनाउन अमेरिकी सेनालाई काराकासमा प्रवेश गराउने विवादास्पद कदम चाल्यो ।

**कानुन प्रवर्तन कि कानुन उल्लङ्घन ?**

ट्रम्प प्रशासनले भेनेजुयला र मादुरो शासनविरूद्धको आफ्नो कानुनी अभियानलाई कसरी अगाडि बढाएको छ भन्ने विषयको मूल मर्म अमेरिकी कानुनमाथि यसको निर्भरता हो । सेप्टेम्बरदेखि अमेरिकाले समुद्रमा सैन्य हमलामार्फत कथित भेनेजुयलाको 'लागुपदार्थ व्यापारसँग जोडिएका' साना डुङ्गालाई लक्षित गर्न थाल्यो ।

अमेरिकी कानुनको बाह्य-क्षेत्रीय प्रवर्तनको आधारमा क्यारिबियाभर अमेरिकी प्रवेश बिन्दुमा लागुऔषध ढुवानी गर्ने ज्ञात तस्कर समूहविरूद्ध अमेरिकाले यी कुरालाई जायज ठहऱ्यायो । डिसेम्बरमा अमेरिकी तटरक्षक दलले अमेरिकी प्रतिबन्धको अधीनमा रहेका तेल ट्याङ्कलाई पछ्याउन र जफत गर्न थाल्यो । यो अभ्यास अमेरिकी कानुनको आधारमा पनि जायज थियो, प्रतिबन्धित ट्याङ्करलाई भेनेजुयलाको तटबाट रोकेर जफत गरिएको थियो ।

मादुरो दम्पतीलाई पक्राउ, गिरफ्तारी र नजरबन्द गर्न अमेरिकी कानुन प्रवर्तनलाई अहिले विस्तार गरिएको छ । अमेरिकाले आफ्नै कानुन लागू गरिरहेको छ भन्ने तर्कमा भर पर्दै ट्रम्प प्रशासनले अन्तर्राष्ट्रिय कानुनले जे भने पनि आफ्ना कार्यका लागि घरेलु कानुनलाई आधार मानेको छ । यो अन्तर्राष्ट्रिय कानुनप्रति अमेरिकी अनादरको स्पष्ट उदाहरण हो, जसको लामो इतिहास छ । यसले अमेरिकाको आफ्नै कानुन छ र अन्य सबै कानुनमाथि हाबी छ भन्ने अमेरिकी दृष्टिकोणलाई प्रतिबिम्बित गर्छ । अन्तर्राष्ट्रिय कानुनले आफ्नो राष्ट्रिय हितलाई अगाडि बढाउने क्षमतालाई अनावश्यक रूपमा सीमित गर्नुहुँदैन भन्ने अमेरिकी धारणा छ ।

यो एउटा यस्तो धारणामा पनि आधारित छ कि यसले सामना गर्न सक्ने कुनै पनि अन्तर्राष्ट्रिय आपत्तिलाई सजिलै व्यवस्थित गर्न वा सुरक्षित रूपमा बेवास्ता गर्न अमेरिका सक्षम छ ।

यी घटनाका तत्काल तीनवटा क्षेत्रीय र विश्वव्यापी पाठ छन् । पहिलो, ट्रम्प प्रशासनले घरेलु राजनीतिक इच्छाका आधारमा जसलाई पनि छनोट गर्छ र उसलाई प्रतिबन्ध लगाउने गर्छ । व्यक्ति, संस्था र निगम सबैलाई राष्ट्रपतिको कार्यकारी आदेश, कानुन र बलमार्फत लक्षित गरिएको छ । धेरैजना उच्च सतर्कतामा हुनेछन् ।

दोस्रो, भेनेजुयलाविरूद्धको अमेरिकी कारबाहीले संयुक्त राष्ट्र सङ्घको बडापत्रको उल्लङ्घन गरे पनि संयुक्त राष्ट्र सङ्घ अमेरिकालाई रोक्न लगभग शक्तिहीन हुनेछ । यो यसको सुरक्षा परिषद्का स्थायी सदस्यसँग रहेको भिटो शक्तिको कारणले हो, संयुक्त राष्ट्र सङ्घप्रति ट्रम्पको घृणाको कुरा त परै जाओस् ।

तेस्रो, अमेरिकी सहयोगी र साझेदारले यो असाधारण अमेरिकी कानुन प्रवर्तन अभ्यासको प्रभावबारे धेरै सचेत हुनुपर्छ । यदि, अमेरिकी सेनाले भेनेजुयलामा भन्दा बढी बलियो प्रतिक्रियाको सामना गऱ्यो भने यसले युरोपेली देश र क्यानडाका लागि नेटो सन्धि र अस्ट्रेलियाका लागि एएनजेडयुएस सन्धिको आवश्यकता बढाउन सक्छ । तसर्थ, अमेरिका यही बाटोमा हिँडिरह्यो भने यसको हस्तक्षेपवादको परिणाम विश्वभरका धेरैले महसुस गर्ने सम्भावना छ ।

रोथवेल अस्ट्रेलियन राष्ट्रिय विश्वविद्यालयका अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक हुन् ।

*- द कन्भरसेसनबाट*



# नयाँ पुस्ता र ज्येष्ठ नागरिकबिच नियमित संवादको खाँचो



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें ( रोहित) को प्रमुख आतिथ्यमा भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि. का ७० वर्ष र सोभन्दा माथि उमेरका ज्येष्ठ बचतकर्ताहरूको सम्मान कार्यक्रम पुस २६ गते सम्पन्न भयो ।

ज्येष्ठ नागरिक दिवस (पुस ११) को अवसरमा संस्थाको आयोजनामा भएको उक्त कार्यक्रममा अध्यक्ष बिजुक्छेँले ज्येष्ठ नागरिकहरूको जीवन अनुभवलाई नयाँ पुस्तामा पुस्तान्तरण गर्नुपर्ने आवश्यकता औँल्याउँदै अग्रजहरूको अनुभवलाई लिपिबद्ध गर्नु जरुरी छ भन्नुभयो ।

घर परिवारका सदस्यहरूले दैनिकरूपमा ज्येष्ठ नागरिकहरूसँग स्वास्थ्य स्थिति र आहारविहारबारे दैनिकरूपमा छलफल गर्नुपर्ने सुझाव दिँदै अध्यक्ष बिजुक्छेँले नयाँ पुस्ता र ज्येष्ठ पुस्ताबिच नियमित संवाद आवश्यक छ भन्नुभयो ।

भक्तपुर जिल्ला बाहिरका सांस्कृतिक धरोहरहरूको पुन:निर्माणमा भक्तपुरका सिकर्मी, डकर्मी, ल्वहँकर्मीहरूको महत्त्वपूर्ण योगदान रहेको अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले सहकारी संस्थाहरूले बचत र ऋण कारोबारमात्र नगरी सदस्यहरूलाई विभिन्न सीपमूलक तालिमहरू दिई स्वरोजगार सृजनामा ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले काम गर्दै आएका छन् । नगरपालिकाले ख्वप अस्पताल सञ्चालन गरी देशभरिका बिरामीहरूको सेवा गरिरहेको छ भने घर दैलो नर्सिङ सेवामार्फत नगरवासीहरूलाई स्वास्थ्य सेवा दिइरहेको छ ।”

नेमकिपा २ नं. वडाका इन्चार्ज रत्नकाजी नायोभारीले स्वस्थ हुनसक्नु नै सबभन्दा ठुलो कुरा भएकोले ज्येष्ठ नागरिकहरूले आफ्नो स्वास्थ्य स्थितिबारे परिवारहरूलाई जानकारी गराउनुपर्ने बताउनुभयो ।

संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष आशकुमार कोजु र चञ्चल सुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले १३९ जना ज्येष्ठ नागरिकहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा संस्थाका सचिव कृष्णप्रसाद सुवालले कार्यक्रमको औचित्यताबारे प्रकाश पार्नुभएको थियो । सोही कार्यक्रममा ज्येष्ठ नागरिकहरूको सुगर तथा प्रेसरको परीक्षण गरिएको थियो ।

# नेमकिपाबाट वाग्मती प्रदेशको राष्ट्रियसभा निर्वाचनमा ढुकुछु र महर्जनद्वारा उम्मेदवारी दर्ता




हेटौडा । निर्वाचन आयोगले राष्ट्रिय सभा निर्वाचनको लागि तोकेको कार्यतालिकाअनुसार पुस २३ गते नेपाल मजदुर किसान पार्टीले निर्वाचनको लागि उम्मेदवारी दर्ता गरेको छ ।

वाग्मती प्रदेशको लागि राष्ट्रिय सभा निर्वाचन कार्यालय हेटौडामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले उम्मेदवारी दर्ता गरेको हो ।

पार्टीको तर्फबाट विक्रम ढुकुछु र कविता महर्जनले राष्ट्रिय सभा सदस्यको लागि उम्मेदवारी दिनुभएको छ ।

उहाँहरूलाई प्रदेशसभा सदस्यहरू सुरेन्द्रराज गोसाई, सृजना सैंजू र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले प्रस्ताव र समर्थन गर्नुभएको हो ।

राष्ट्रिय सभाको निर्वाचन आगामी माघ ११ गते हुँदै छ ।

# पथप्रदर्शकहरूबिच समसामयिक विषयमा छलफल

भक्तपुर । भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिको आयोजनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिहरूको समसामयिक विषयमा भक्तपुर नगरमा कार्यरत स्थानीय पथ प्रदर्शकहरूबिच छलफल तथा प्रवचन कार्यक्रम पुस २६ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले देश र जनताको राजनीति नि:स्वार्थ सेवाको निम्ति हुनुपर्छ भन्नुभयो ।

व्यक्तिगत लाभको निम्ति पार्टीमा लाग्ने र लोभलालच भएका व्यक्तिहरूलाई पार्टीमा प्रवेश गराउने गलत प्रवृत्तिले नै देशको राजनीति दूषित भइरहेको बताउँदै उहाँले राजनैतिक पार्टीहरूको अकर्मण्यताकै कारण देशको ऋण २८ खर्ब पुगेको बताउनुभयो । देशको ब्याज तिर्न थप ऋण लिनुपर्ने बाध्यताले देशमा विदेशी चलखेल बढेकोमा चिन्ता व्यक्त गर्दै उहाँले नेमकिपाले देशमा भ्रष्टाचार र देशलाई ऋणमा डुबाउने नेताहरूको सम्पत्ति छानबिन गर्नुपर्ने, भ्रष्टाचारी र देशद्रोहीहरूलाई मृत्युदण्डको कानुनी व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

ठुला पार्टीहरूले चुनावमा पैसा बाँडेर, भोजभतेर गरेर चुनाव जिती सरकारमा गई भ्रष्टाचार र देशद्रोही सन्धि सम्झौता गरेकाले नेपाली जनताले थप दुख: कष्ट भोग्नुपरेको उहाँले बताउनुभयो ।

उहाँले पथप्रदर्शकहरूले कला, संस्कृति र इतिहासका साथै समाज विकासमा आफ्नो जीवन समर्पण गर्ने गौतम बुद्धजस्ता दार्शनिकहरूको जीवनी अध्ययन गर्न जोड दिँदै गौतम बुद्धले दरबारीया सुख सुविधा परित्याग गरेर मानव जातिको हितको लागि बुद्ध दर्शनबाट समाजमा नैतिक शिक्षा प्रदान गर्नुभएको बताउनुभयो । त्यस्तै मार्क्स र एङ्गेल्सजस्ता दार्शनिकहरूले आफ्नो भन्दा पनि समाज विकास एवम् जनताको हकहितका लागि जीवनभर सङ्घर्ष गर्नुभएको स्मरण गराउँदै उहाँहरूको सिद्धान्त र दर्शनबारे अध्ययन गर्नुपर्ने बताउनुभयो ।

विदेशीहरू सहयोगका नाममा नेपाल प्रवेश गरी हाम्रो स्रोत र साधनमाथि आँखा गाड्ने उल्लेख गर्दै उहाँले नेपाल सिध्याउन नेपालीलाई नै प्रयोग गर्न विदेशीहरूले षड्यन्त्र गर्नसक्नेबारे सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “संयुक्त राज्य अमेरिकाले समाजवादी क्रान्तिका नायक ह्युगो चाभेजले भेनेजुयलामा रहेका खनिज साधन उत्खनन् तथा प्रशोधन गर्ने अमेरिकी कम्पनीहरूको राष्ट्रियकरण गरेको कारण भेनेजुयलामाथि आर्थिक नाकाबन्दी लगाएर दु:ख दिएको हो । त्यहाँको तेल तथा महत्त्वपूर्ण खनिज साधन प्रयोग गर्न नै सार्वभौम राष्ट्र भेनेजुयलाका राष्ट्रपतिलाई आतङ्ककारी शैलीमा अपहरण गरिएको हो । सार्वभौम देशमाथि गरिएको अन्तर्राष्ट्रिय कानुनविपरीतको उक्त कार्यको अमेरिका, फ्रान्स, बेलायत, इटाली, भारत, कोलम्बिया, स्विजरल्यान्ड, स्पेन, क्युवा, दक्षिण अफ्रिकालगायत विश्वमै विरोध भइरहेका छन् । हामीले पनि भेनेजुयाली जनताको पक्षमा अमेरिकी साम्राज्यवादको विरोध गरिरहेका छौँ ।

भक्तपुर स्थानीय पथ प्रदर्शक परिचालन समितिका संयोजक गौतमप्रसाद लासिवाले स्थानीय पथ प्रदर्शकहरू विश्वका जुनसुकै देशबाट भक्तपुर घुम्न आउने पर्यटकहरूसँग सीधा सम्पर्क हुने हुनाले कुनै एनजीओ र आईएनजीओबाट परिचालित हुन नहुने र आफ्नो आचरणमा ध्यान दिनुपर्नेमा सतर्क गर्नुभयो । उहाँले भक्तपुरका स्थानीय पथ प्रदर्शकहरू अन्य पर्यटकीय क्षत्रका भन्दा अझ बढी सभ्य र अनुशासित भई भक्तपुरको छवि राम्रो बनाउनेतर्फ जोड दिनुभयो । उहाँले पर्यटकको रूपमा देश कब्जा गर्न आउने विदेशी सैनिकहरूबाट सचेत हुनुपर्ने र हाम्रो गुह्य कुरा केही आर्थिक लोभमा बताउन नहुने बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले पर्यटन क्षेत्रको विकासका लागि आर्थिक लाभभन्दा पनि पथ प्रदर्शकहरूले निर्वाह गर्नुपर्ने भूमिकाबारे प्रस्ट पार्दै आफ्नो ज्ञान र सीप प्रयोग गर्न जोड दिनुभयो ।

कार्यक्रममा पर्यटक प्रहरी पोस्टका प्रहरी सहायक निरीक्षक अजित ठाकुरले पथ प्रदर्शन कार्यमा पथ प्रदर्शकको दायित्वबोध गराउनुभयो ।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका निवर्तमान अध्यक्ष रामसुन्दर भेले र भक्तपुर स्थानीय पथ प्रदर्शक परिचालन समितिका सदस्य मुरज दिदियाले पनि पथ प्रदर्शकहरूको काम र जिम्मेवारीबारे बताउनुभयो ।

# मिनर्वा इ. स्कूलमा सोनाम ल्होछार प्रदर्शनी तथा एसईई उत्तीर्ण विद्यार्थीहरूलाई बिदाइ

भक्तपुर, २६ पुस । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा मिनर्वा इङ्गलिश स्कूलको आयोजनामा सोनाम ल्होछार मञ्जुश्री संवत् २८६२ औं ता (घोडा) अर्थात् घोडा वर्षको पावन अवसरमा भएको सोनाम ल्होछार प्रदर्शनी, एसईई बिदाइ तथा सांस्कृतिक कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा अतिथि प्रजापतिले भाषा र संस्कृति आफ्नो पहिचान भएको बताउँदै भक्तपुर नगरपालिकाले यहाँको मूर्त र अमूर्त सम्पदा संरक्षणमा विशेष प्राथमिकता दिँदै आएको बताउनुभयो ।

सबै जातजाति र भाषाभाषीले आफ्नो इतिहास र परम्परा जोगाउने प्रयास गर्नुपर्ने बताउँदै उहाँले भक्तपुर नपाले आयोजना गरेको भक्तपुर महोत्सवमार्फत यहाँको कला, संस्कृति र जीवनशैली प्रदर्शन भएको स्मरण गर्नुभयो ।

साम्राज्यवादी देश अमेरिकाले स्वतन्त्र र सार्वभौम देश भेनेजुयलामाथि गरेको आक्रमणको न्यायप्रेमी जनताले विरोध र भर्त्सना गर्नुपर्ने बताउँदै अमेरिकाको अहङ्कार धेरै समय नटिक्ने बताउनुभयो ।

नेपाली भाषा र संस्कृतिमाथि विदेशी संस्कृतिको अतिक्रमणलाई रोक्ने प्रयास गर्नुपर्ने बताउँदै उहाँले विद्यार्थीलाई सैद्धान्तिक र व्यवहारिक शिक्षा सँगसँगै दिनु आवश्यक भएको स्पष्ट पार्नुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले मिनर्वा स्कूलले शैक्षिक गतिविधि सँगसँगै विद्यार्थीलाई खेलकुद र सांस्कृतिक क्षेत्रमा पनि उल्लेखनीय काम गर्दै आएको बताउनुभयो । उहाँले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन यहाँका शैक्षिक संस्थाहरूको उल्लेखनीय भूमिका रहेको औँल्याउँदै नगरपालिकाका विविध गतिविधिमा मिनर्वा स्कूलको पनि सक्रिय सहभागिता रहँदै आएको बताउनुभयो ।

नेपाल राष्ट्रिय तामाङ सङ्घका महासचिव प्रविन बलले तामाङ समुदायको नयाँ वर्षको शुभकामना दिँदै विद्यालयले शैक्षिक गतिविधिसँगै सांस्कृतिक क्षेत्रमा पनि राम्रो काम गर्दै आएको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक राजेन्द्र दुवालले विद्यार्थीहरूको सर्वाङ्गीण विकासको लागि विद्यालयले विविध गतिविधि गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि सुनिल प्रजापतिले एसईई उत्तीर्ण विद्यार्थीहरूलाई प्रमाणपत्र र मायाको चिनो वितरण गर्नुभएको थियो भने अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभयो । सोही क्रममा प्रमुख प्रजापतिले ल्होछार प्रदर्शनीको पनि स्थलगत अवलोकन गर्नुभयो ।

# सुर्खेतमा भेनेजुयलामाथि गरिएको आक्रमणको विरोध

सुर्खेत । नेपाल क्रान्तिकारी युवा सङ्घ सुर्खेत र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सुर्खेतको आयोजनामा अमेरिकी साम्राज्यवादले भेनेजुयलामाथि गरेको आक्रमणको विरोधमा पुस २६ गते वीरेन्द्रनगरमा विरोध प्रदर्शन भयो ।

विरोध प्रदर्शन पार्टी कार्यालयबाट सुरु भई एरीचोक, मङ्गलगढी चोक हुँदै वीरेन्द्रचोकमा पुगी कोणसभामा परिणत भएको थियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समितिका सदस्य धनेन्द्र विकले भेनेजुयलामा रहेको अपार तेल भण्डार कब्जा गर्ने उद्देश्यले भेनेजुयलामा हमला गरी राष्ट्रपति निकोलस मादुरो तथा उनका श्रीमतीलाई अपहरण गरे तापनि



अमेरिकाको इच्छा पूरा नहुने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले संयुक्त राष्ट्र सङ्घको बडापत्रमा उल्लेख भएको नियमसम्मत नमानेर अमेरिका सारा संसारका न्यायप्रेमी जनताको खबरदारीले घुँडा टेक्न बाध्य हुने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले विश्वमा आफ्नो प्रभाव कायम गर्न एमसीसी सम्झौता गरेको उल्लेख गर्दै अमेरिकाले विश्वका अन्य देशहरूलाई थिचोमिचो गरिरहेको उल्लेख गर्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ सुर्खेतका अध्यक्ष रणबहादुर राना, नेक्राविसङ्घ सुर्खेतका सदस्य महेन्द्र सिजापती, कानुन अध्ययन समाजका केन्द्रीय सदस्य टीकाप्रसाद पोखरेलले बोल्नुभएको थियो ।

# नेमकिपा काठमाडौँ परिषद् सम्पन्न
# सिद्धान्तहीन मोर्चा वा गठबन्धनले देशले थप दुःख पाउने




काठमाडौँ । नेपाल मजदुर किसान पार्टीको काठमाडौँ जिल्ला परिषद्को बैठकमा पुस २७ गते सम्पन्न भयो । पार्टी सचिव प्रेम सुवालले परिषद्मा भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीको एउटै लक्ष्य देश र जनताको निःस्वार्थ सेवा हो । अहिलेको पुँजीवादी व्यवस्थाको समाजमा शान्ति कायम हुनेछैन । संसारका ७ अर्ब मानिसमध्ये ६० हजारसँग अत्यधिक स्रोत साधन कब्जामा रहेको छ । नेपालमा पनि मुठीभरका मानिस अर्ब डलरपतिमा गनिएका छन् । २० प्रतिशत नेपाली पेटभरि खान नपुग्ने अवस्थामा छन् । उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादी व्यवस्थामा मात्र मानव अधिकारको पूर्ण बहाली हुनेछ ।"

सचिव सुवालले शासक दलहरूले देश र जनताको निःस्वार्थ सेवा नगरेको हुँदा नेपाली समाजमा हुने खानेभन्दा हुँदा खानेहरूको अत्यधिक सङ्कटमा पुगेको उल्लेख गर्दै निर्वाचनमा सिद्धान्तहीन मोर्चा र सरकारमा सिद्धान्तहीन गठबन्धन गर्ने पार्टीहरूबाट देश र जनतालाई थप दुःख हुने स्पष्ट पार्नुभयो ।

संरा अमेरिकी सञ्चारमाध्यममा नेसनल इन्डोमेन्ट फर डेमोक्रेसी (NED) र इन्टरनेसनल रिपब्लिकन इन्स्टिच्युट (IRI)जस्ता संस्थाहरूले डलर पठाएर संसारका कतिपय देशमा विध्वंश मच्चाउने र सरकार उल्टाउने काम गरिरहेको सार्वजनिक भएकोमा संसारका न्यायप्रेमी र स्वतन्त्रताप्रेमी जनता सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"संरा अमेरिकी राष्ट्रपति ट्रम्पले इरानमा भइरहेको सडक प्रदर्शनमाथि त्यहाँको सरकारले दमन भए इरानमा संरा अमेरिकी आक्रमण हुने बताए । यसको जवाफमा इरानले इजरायल र अन्य देशमा रहेका संरा अमेरिकी सैन्य अखडामा आक्रमण गर्ने स्पष्ट पाऱ्यो । तर, संरा अमेरिकी सहरमा भएको जनप्रदर्शनलाई भने ट्रम्प प्रशासनले दमन गर्दै छ ।", सचिव सुवालले थप्नुभयो ।

"ट्रम्प प्रशासनले डेनमार्कको ग्रीनल्यान्ड कब्जा गर्न बल प्रयोग गर्ने बताएपछि डेनमार्कले त्यसो भए उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) र दोस्रो विश्व युद्धपछिको सुरक्षा संरचनासमेत अन्त्य हुने चेतावनी दियो", सचिव सुवालले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "ट्रम्प प्रशासनले भेनेजुयला, कोलोम्बिया, मेक्सिकोलगायत देशमा आक्रमणको धम्की दिनुको अर्थ ती देशमा रहेका तेल, ग्यास र बहुमूल्य धातु कब्जा गर्न हो । ग्रीनल्यान्डमा पनि बहुमूल्य धातु रहेको सार्वजनिक भएको छ ।"

देश र जनताको निःस्वार्थ सेवा गर्ने लक्ष्य नभएका नयाँ वा पुरानो राजनीतिक पार्टी र तिनका नेता र कार्यकर्ताको औचित्य हुनेछैन", सचिव सुवालले स्पष्ट पार्नुभयो ।

पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले पुँजीवादी दलहरूले नयाँ नयाँ ढङ्गले प्रपञ्च रच्दै आइरहेकाले कार्यकर्ताहरू सचेत हुनु जरूरी छ भन्नुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला अध्यक्ष एवं परिषद् अध्यक्ष नारायण महर्जनले विगतका घटनाबाट शिक्षा लिएर अब नयाँ ढङ्गले सुझबुझका साथ सक्रिय हुनुपर्ने बताउँदै काठमाडौँका ११ वटै नगरमा जनसेवाका गतिविधिलाई प्रभावकारी ढङ्गले अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेक्रायुसङ्घका केन्द्रीय सदस्य रमेश वैद्यले सरकार परिवर्तन भए पनि पुँजीवादी व्यवस्थामा कामदार जनताको जीवनस्तर परिवर्तन नहुने भएकोले समाजवादी व्यवस्था स्थापनाको लागि लाग्नु जरुरी छ भन्नुभयो ।

परिषद्मा स्थानीय पार्टी समिति र जनवर्गीय सङ्गठनहरूको प्रतिवेदन पेस भएको थियो ।

दुई दिन बसेको परिषद्ले माघ १० गते पार्टीको ५२ औँ स्थापना दिवस काठमाडौँका विभिन्न नगरहरूमा विविध कार्यक्रम गरी माघ महिनाभरि मनाउने, श्रमिक/मजदुर/सहिद र न्हुज पत्रिकाको अन्तरक्रिया र अध्ययन गोष्ठी गर्ने निर्णय गरेको छ ।

यसअघि नेपाल मजदुर किसान पार्टी, काठमाडौँ जिल्ला समितिको ११ औँ जिल्ला परिषद् बैठक पुस २६ गते सुरु भएको थियो ।

जिल्ला परिषद्को उद्घाटन सत्रमा बोल्दै नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईले राजनीति दर्शन, सिद्धान्त तथा विचारबाट निर्देशित हुने भन्दै सिद्धान्त नभएको पार्टीले देशको नेतृत्व गर्न सक्दैन भन्नुभयो । राजनीतिक दर्शनकै आधारमा कृषि, शिक्षा, स्वास्थ्यको नीति बन्ने भन्दै उहाँले दर्शन नभएको पार्टीले देशलाई कुनै पनि भड्खालोमा जाक्नसक्ने खतरा रहेको धारणा राख्नुभयो ।

केन्द्रीय सदस्य गोसाईले देशको समस्या समाधान कसरी गर्ने भन्नेबारे केही नबोल्ने तर कुनै व्यक्ति सत्तामा आएपछि जादूको छडीले जस्तै परिवर्तन ल्याउनेजस्तो भ्रम अरू केही हुन नसक्ने विचार राख्नुभयो । स्वतन्त्रताको नाममा जनताको भावनामाथि खेलबाड गर्ने पार्टीहरूले काठमाडौँलाई प्रदूषितमात्र बनाएर छोडेको प्रस्ट पार्नुभयो ।

उहाँले भ्रष्टाचारको अन्त्य र सुशासनको नारा दिएर बनेको सरकारले कुनै परिवर्तनको अनुभूति गराउन नसकेकोमा कुनै आश्चर्य नभएको भन्दै पुँजीवादी बन्दोबस्तले कतै पनि सुशासन नल्याउने तर्क गर्नुभयो । उहाँले वर्तमान सरकारले पनि एडीबी र विश्व बैङ्ककै ऋण थप्ने कामबाहेक केही नगरेको भन्दै देशको अर्थतन्त्र बलियो बनाउन बाटोघाटोभन्दा पनि देशको उत्पादकत्वमा विकास गर्नुपर्ने भनाइ राख्नुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य सनकमान महर्जनले भेनेजुयलामा अमेरिकी साम्राज्यवादले गरेको आक्रमणको विरोध गर्दै राष्ट्रपति निकोलस मादुरो र प्रथम महिलाको सकुशल फिर्ता गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिलेको कार्की सरकारले भ्रष्टाचारको अन्त्य र कुशासनबारे केही गर्न सकिरहेको छैन । यो पनि पुँजीपति वर्गकै सेवा गर्ने सरकार हो ।"

पार्टीका अर्का केन्द्रीय सदस्य अनुराधा थापामगरले भारतीय एकाधिकार पुँजी, भारतीय विस्तारवादले नेपालमा गरेको नाकाबन्दीको विरोधमा संसद् र सडकमा आवाज उठाउँदा अन्य पार्टीका नेता-कार्यकर्ताले 'भारतसँग डराउँदैनौ' भनी सुनाएको स्मरण गर्नुभयो ।

अर्का केन्द्रीय सदस्य राजवीर डंगोलले नेमकिपाको सिद्धान्तबाट पोख्त कार्यकर्ताहरू कुनै पनि प्रतिक्रियावादी शक्तिसँग डराउन नपर्ने बताउनुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला समितिका अध्यक्ष नारायण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष गुणदास महर्जन र सचिव शैलेश डंगोलले पनि बोल्नुभएको थियो ।

परिषद्मा जिल्ला समिति, नगर समिति र वर्गीय सङ्गठनका प्रतिवेदनहरू प्रस्तुत भएका थिए ।

# तारकेश्वरको महालक्ष्मी स्कूलमा अमेरिकी नीतिको विरोध

काठमाडौँ । भेनेजुयलामाथि अमेरिकाले गरेको आक्रमणको नेपाललगायत विश्वभरबाट विरोध भइरहेको छ । काठमाडौँ जिल्लाको तारकेश्वर नगरपालिका वडा नम्बर ७ फुटुङमा रहेको महालक्ष्मी इङ्गलिस हाईस्कूलमा अध्यापनरत शिक्षकहरूले पुस २२ गते उक्त घटनाको विरोध जनाएका हुन् । २०२६ जनवरी ३ का दिन अमेरिकाले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीलाई अपहरण गरेको विषयलाई लिएर महालक्ष्मी इङ्गलिस हाईस्कूलका संस्थापक अध्यक्ष सनकमान महर्जन, प्रिन्सिपल विकास डङ्गोल, कोअर्डिनेटर प्रवीण न्यौपानेलगायतका शिक्षकहरूले आ-आफ्नो विचार व्यक्त गर्दै अमेरिकी नीतिको विरोध गरे ।

विद्यालयका संस्थापक अध्यक्ष सनकमान महर्जनले शिक्षकहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाप्रति जानकार हुनुपर्ने आवश्यकता औँल्याउँदै शिक्षक समाजको मार्गदर्शक तथा अगुवा भएको कारण देश विदेशका सामाजिक, आर्थिक तथा राजनीतिक घटनाप्रति चासो राख्नुपर्ने बताउनुभयो ।

अमेरिकाले भेनेजुयलाका राष्ट्रपतिलाई लगाइएको आरोप झूटो भएको उल्लेख गर्दै उहाँले भेनेजुयलामा रहेको अजस्र प्राकृतिक स्रोत तेल र खनिजमाथि आफ्नो कब्जा जमाउने उद्देश्यले अमेरिकाले भेनेजुयलाका राष्ट्रपतिलाई अपहरण गरेको हो भन्नुभयो । उक्त कार्य अत्यन्तै घृणित र निन्दनीय रहेको कुरा विद्यालयका संस्थापक अध्यक्ष सनकमान महर्जनले बताउनुभयो ।

दक्षिण अमेरिकी महादेश भेनेजुयला झण्डै २०० वर्षदेखि स्वतन्त्र र स्वाधीन रहिआएको प्राकृतिक स्रोत साधनले सम्पन्न एक स्वतन्त्र मुलुक हो ।

# नयाँ पुस्ताको आन्दोलनका दोषीहरूलाई कारबाही गर्नुपर्ने



काठमाडौँ । नेपाल क्रान्तिकारी महिला सङ्घ टोखा नगर समितिको आयोजनामा पुस २२ गते टोखामा भेटघाट कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगरले नयाँ पुस्ताको आन्दोलनपछि बनेको सरकार पनि असक्षम भएको चर्चा गर्दै उहाँले आन्दोलनमा दोषीहरूलाई अनुसन्धानको दायरामा ल्याई कडा सजाय गर्नुपर्नेमा सरकारले त्यसो गर्न नसकेको बताउनुभयो ।

उहाँले महिलाहरू हरेक कामको लागि सक्षम भएको उल्लेख गर्दै घरको चुलोचौको सँगसँगै राजनीतिक, सामाजिक रूपले पनि परिपक्व हुनुपर्ने विचार राख्नुभयो ।

उहाँले महिलाहरूको भेटघाट नियमित गर्नु भनेको एक आपसमा नयाँ नयाँ कुरा बुझ्ने र जान्ने अवसर भएको विचार व्यक्त गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले महिला दिदीबहिनीहरू शासक दलले गरेका देशघाती र जनविरोधी कामको बारेमा जानकारी राख्नुपर्ने कुरा औँल्याउनुभयो । उहाँले घरका आफ्ना सन्तानलाई इमानदार र असल व्यक्ति बनाउनमा महिलाहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ टोखा नगर समितिका अध्यक्ष गणेशमाया श्रेष्ठ डंगोलको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेक्रामसङ्घ काठमाडौँ जिल्ला समितिका सदस्य बिन्द्रा महर्जन, नेक्रामसङ्घ टोखा नगर समितिका कृष्णमाया डंगोल र मीना डंगोलले पनि बोल्नुभएको थियो ।

# मादुरो दम्पतीमाथि अमेरिकी सैन्य कारबाही अक्षम्य अपराध

भक्तपुर । नेपाल मजदुर किसान पार्टी भ.न.पा.४ बोलाछेँ एकाइ समितिको आयोजनामा पुस २५ गते सार्वभौम देश भेनेजुयलामाथि अमेरिकी आक्रमण विषयक अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् कोसी प्रदेशका संयोजक उकेश कवांले पार्टीको केन्द्रीय परिषद्को सन्देशबारे बताउँदै अमेरिकी साम्राज्यवादले मुनरो नीतिअनुसार ल्याटिन अमेरिकी देशहरूको सार्वभौमसत्ता अस्वीकार गर्दै अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गरी जननिर्वाचित राष्ट्रपति मादुरोलाई उनकी श्रीमतीसहित सैन्य कारबाहीमार्फत अपहरण गर्नु निन्दनीय तथा अक्षम्य अपराध गरेको बताउनुभयो ।

उहाँले अमेरिकी तेल कम्पनीहरू हटाउन लगाई चीन, रुसलगायत अन्य देशहरूलाई तेल निर्यात गर्दै आएको भेनेजुयलालगायतका ल्याटिन अमेरिकी देशहरूमा उत्तर अमेरिकाको मात्रै नियन्त्रण रहने नीतिविरुद्ध भेनेजुयाली जनता र विश्वका कम्युनिस्ट विचार राख्ने सारा जनताले राष्ट्रपति मादुरोको स-सम्मान रिहाइको माग गरिरहेको चर्चा गर्नुभयो ।

उहाँले नेपालको स्रोत साधनमाथि वैदशिक हस्तक्षेपविरुद्ध जनता एकजुट भई लड्नुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो ।

नेपाल पत्रकार समाजका केन्द्रीय उपाध्यक्ष उद्धव सुजखूले अमेरिकाको नाकैमुनि रहेको समाजवादी देश क्युबाका नेता फिडेल क्यास्ट्रोले अमेरिकी नाकाबन्दीका बाबजुद पनि देश र जनताको निम्ति कठोर सङ्घर्ष गरेको स्मरण गराउँदै वर्गशत्रुविरुद्ध व्यापक जनता एकजुट भई लड्न नसकुञ्जेल आमूल परिवर्तन नहुने विचार व्यक्त गर्नुभयो ।

नेमकिपा भजिसका सदस्य उपेन्द्र सुवालले वर्षौंदेखि स्पेनको उपनिवेश रहेको भेनेजुयला १९९९ मा चाभेजको नेतृत्वमा क्रान्ति भएपछि भेनेजुयलाको तेल भेनेजुयलाका जनताको निम्ति हुनुपर्छ भन्दै विदेशी तेल कम्पनीहरू राष्ट्रियकरण गरिएको हुनाले अमेरिकाले खाद्य पदार्थ, औषधिमा प्रतिबन्ध लगाउँदै आएको र चाभेजलाई जस्तै मादुरोलाई पनि कैयौँपटक हत्या प्रयास भएको तर अमेरिका सफल नभएको बताउनुभयो ।

अमेरिकाकै इसारामा काम गर्ने दक्षिणपन्थी विपक्षी दलकी नेतृ मारिया कोरिना माचाडोलाई नोबेल शान्ति पुरस्कार प्रदान गरिएको उहाँले चर्चा गर्नुभयो ।

नेमकिपा भनसका कृष्णगोविन्द लाखाजूले नयाँ पार्टीहरूप्रति युवा पुस्ताको आकर्षण केबल क्षणिक लाभको लागि भएको उल्लेख गर्दै सिद्धान्त र नैतिकतामा बस्ने युवाहरूले सहकारी ठग, सिंहदरबार जलाउने र एमसीसीका मतियारहरूलाई साथ दिन नहुने विचार व्यक्त गर्नुभयो ।

नेमकिपा बोलाछेँ एकाइ समितिका अध्यक्ष हरि सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा भ.न.पा. ४ वडा पार्टी उपाध्यक्ष कृष्णलक्ष्मी दुवाल, पञ्चरत्न सैंजूलगायतले अमेरिकी हस्तक्षेपको विरोधमा बोल्नुभयो ।

# सूर्यविनायकमा माओ र स्तालिनको सम्झना

भक्तपुर । सूर्यविनायक ८ सिपाडोल नेमकिपाको आयोजनामा माओको १३२ औँ र स्तालिनको १४७ औँ जन्म दिवसको अवसरमा पुस २३ गते कार्यकर्ता भेला भयो । भेलामा नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले कम्युनिस्टहरूले माओ र स्तालिनको योगदान, उहाँहरूको विचार र सिद्धान्त अँगाल्दै अगाडि बढ्नुपर्ने कुरा बताउनुभयो ।

उहाँले देशको समसामयिक राजनीति गतिविधि विषयसँगै साम्राज्यवादी अमेरिकाले एक सार्वभौम राष्ट्र भेनेजुयलामाथि गरेको कायरपूर्ण ज्यादतीको विरोध एवं भर्त्सना गर्नुभयो ।

नेमकिपा सूर्यविनायक नगर समितिका सचिव महेन्द्र बखुन्छेँ, सूनपा ८ नेमकिपाका अध्यक्ष श्यामसुन्दर सुवाल, शिवजी त्वानाबासुले पनि आआफ्नो विचार व्यक्त गर्नुभयो ।

यस्तै कार्यक्रम सूर्यविनायक ८ वडाका काँक्राबारी १० वडाको चितपोलमा पनि सम्पन्न भयो ।

**अपिल**

# सार्वभौम र स्वतन्त्र देश भेनेजुयलामाथि अमेरिकी साम्राज्यवादको बर्बरतापूर्ण हमलाको विरोध गरौँ !

संरा अमेरिकी सेनाले दक्षिण अमेरिकी सार्वभौम र स्वतन्त्र मुलुक भेनेजुयलामाथि जनवरी ३ मा (स्थानीय समयअनुसार राति) कायरतापूर्ण एवम् बर्बरतापूर्ण हमला गऱ्यो । जननिर्वाचित लोकप्रिय राष्ट्रपति निकोलस मादुरो र प्रथम महिला सिलिया फ्लोरेसलाई राजधानी काराकासबाट बलजफ्ती अपहरण गरी आफ्नो देशमा लगेर झूटा मुद्दा चलाइयो ।

संरा अमेरिकाका न्यायप्रेमी जनतासमेत ट्रम्प प्रशासनको यो कदमको विरोधमा प्रदर्शन गर्दै छन् । अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्रको हाकाहाकी उल्लङ्घन गर्ने संरा अमेरिकी साम्राज्यवादीविरुद्ध भेनेजुयाली जनता देशभरि प्रदर्शन गर्दै छन् । भेनेजुयलामाथि संरा अमेरिकी सैन्य आक्रमणलाई विश्वका विभिन्न मुलुकले विरोध र निन्दा गरेका छन् । फ्रान्स, बेलायत, इटाली, भारत, कोलम्बिया, कोस्टारिका, स्वीजरलैन्ड, स्पेन, क्युवा, दक्षिण अफ्रिकालगायत देशमा भेनेजुयला राष्ट्रपति मादुरो दम्पती अपहरणको निन्दा गर्दै अविलम्ब फिर्ताको माग राखी प्रदर्शन भएका छन् ।

दक्षिण अमेरिका र क्यारिबियाली देशहरूलाई आफ्नो 'करेसाबारी' ठान्ने संरा अमेरिकाको मुनरो नीतिका कारण भेनेजुयलाको इतिहासमा बारम्बार संरा अमेरिकी साम्राज्यवादको हस्तक्षेप भइरह्यो । अमेरिकी महादेशबाट युरोपेली उपनिवेशवादीहरूलाई फिर्ता पठाउने सिलसिलामा संरा अमेरिकाका पाँचौँ राष्ट्रपति जेम्स मुनरोले सन् १८२३ मा 'अमेरिका अमेरिकीहरूको मात्र हो' भन्दै त्यस क्षेत्रमा आफ्नो साम्राज्यवादी नीति फैलाए । त्यही नीतिलाई मुनरो नीति भनिन्छ । दक्षिण अमेरिकी स्वाधीनता आन्दोलनका नेता सिमोन बोलिभार (भेनेजुयला) ले संरा अमेरिकाको सो नीतिलाई अस्वीकार गर्दै साम्राज्यवादविरुद्ध सङ्घर्ष सुरु गर्नुभयो ।

संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को हालै भएको बैठकमा फ्रान्स, रुस, चीनलगायत देशले राष्ट्रपति मादुरो दम्पतीको अपहरणको निन्दा गर्दै तत्काल फिर्ता गर्न जोड दिए । ठीक यही समयमा ट्रम्प प्रशासनका विदेश मन्त्री मार्को रुवियोले संयुक्त राष्ट्र सङ्घको भनाइबारे आफूलाई चासो नभएको ठाडो अहङ्कार देखाए । ट्रम्प प्रशासनले मेक्सिको, कोलोम्बिया, डेनमार्क (ग्रीनल्याड), क्युवालगायत देशहरूलाई पनि आक्रमणको धम्की दिँदै छ । यसअघि क्यानाडालाई पनि संरा अमेरिकाको एकाउन्न राज्य बनाउने धम्की दिएको थियो ।

सन् १९९८ मा पहिलो पटक राष्ट्रपति निर्वाचित समाजवादी नेता ह्युगो चाभेजको सरकारले संरा अमेरिकी कम्पनीहरूलाई समेत हटाउँदै बोलिभारियाली समाजवादी क्रान्तिकारी प्रक्रिया थालनी गर्नुभयो । चाभेजले अमेरिकी साम्राज्यवादी नीतिबाट पीडित ल्याटिन अमेरिकी देशहरूको एकताको लागि अल्बा-टिसिपी र सेलाकजस्ता क्षेत्रीय सङ्गठनहरू निर्माण गर्नुभयो । संरा अमेरिकी साम्राज्यवादले भेनेजुयलाको अर्थतन्त्र तहसनहस पार्न सन् २०११ देखि आर्थिक प्रतिबन्धहरू लगाएको हो ।

सन् २०१३ मार्च ५ का दिन क्यान्सरका कारण लोकप्रिय नेता चाभेजको अल्पायुमै निधन भयो र उहाँका उत्तराधिकारी अर्का समाजवादी नेता निकोलस मादुरोले भेनेजुयलाको सरकार सम्हाल्नुभयो । सन् २०१३, २०१८ र २०२४ को निर्वाचनमा अत्यधिक बहुमतसहित राष्ट्रपति निर्वाचित भएका मादुरोले बोलिभारियाली समाजवादी प्रक्रियालाई निरन्तरता दिनुभयो । तर, मादुरोको समाजवादी विकासमा पनि संरा अमेरिकी साम्राज्यवाद र भेनेजुयलाकै दक्षिणपन्थीहरूले अवरोध गरे ।




सन् २०१८ मा संरा अमेरिकी ट्रम्प प्रशासनले भेनेजुयलाको संसद्का विपक्षी नेता ह्वाँ ग्वाइडोलाई सडकबाटै राष्ट्रपति घोषणा गर्न सघायो । सन् २०२४ को निर्वाचनमा हार हुने स्पष्ट भएपछि भेनेजुयलाका दक्षिणपन्थीहरूले संरा अमेरिकी सरकारको उक्साहटमा धाँधली भएको झूटो आरोप लगाए र तिनीहरू मतगणनाबाट बाहिरिए । त्यहाँको संवैधानिक अदालतले मादुरो राष्ट्रपति पदमा पुन: निर्वाचित भएको घोषणा गऱ्यो । संरा अमेरिकी साम्राज्यवादले मादुरोमाथि अमेरिकामा लागुपदार्थ तस्करी गरेको आरोप लगाउँदै युद्धको धम्की दियो र जनवरी ३ का दिन राति ट्रम्प प्रशासनले सैनिक आक्रमण गरी भेनेजुयाली राष्ट्रपति मादुरो दम्पतीलाई बलपूर्वक अपहरण गऱ्यो ।

ट्रम्प प्रशासनको यो कदमविरुद्ध नेपाल मजदुर किसान पार्टीले पुस २० गते आइतबार प्रेस विज्ञप्ति प्रकाशित गरी राष्ट्रपति मादुरो दम्पतीको अपहरणको विरोध गऱ्यो र उहाँहरूको सकुशल फिर्ताको माग गऱ्यो । भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा विश्वका जनतासँगै नेपाली जनताको तर्फबाट नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ र नेपाल क्रान्तिकारी युवा सङ्घ ऐक्यबद्धता व्यक्त गर्दछ ।

ट्रम्प प्रशासनलाई भेनेजुयाली जनताको सार्वभौमिकता र स्वतन्त्रताको सम्मान, अन्तर्राष्ट्रिय कानुनको पालना तथा संयुक्त राष्ट्र सङ्घको बडापत्रको कदर गर्न हामी आह्वान गर्दछौँ । साम्राज्यवादविरोधी सङ्घर्षमा संसारका न्यायप्रेमी जनतासँगै सम्पूर्ण नेपाली जनतालाई हामी एक हुन अनुरोध गर्दछौँ ।

**नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ**
**नेपाल क्रान्तिकारी युवा सङ्घ**
२०८२ पुस २५, शुक्रबार

## अमेरिकी साम्राज्यवादको विरोध र भेनेजुयलाप्रति ऐक्यबद्धताको केही झलक










# नागरिक भावनाको विकासलाई निरन्तर जोड दिनुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भक्तपुर नगरपालिकाको १९ औं नगरसभाको पुस २४ गते एक समारोहबिच पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो । सभामा सचिव सुवालले भक्तपुरलाई सफा, सुन्दर र स्वच्छ नगरको रूपमा विकास गर्न नागरिकहरूमा नागरिक भावनाको विकासलाई निरन्तर जोड दिइर हनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुरलाई स्वच्छ नगर बनाउन नगरका सडक, गल्ली र चोकहरू सबै सफा राख्नुपर्छ भन्दै उहाँले भक्तपुर औद्योगिक क्षेत्रका प्रदूषण फाल्ने उद्योगहरूलाई पायक पर्ने ठाउँमा स्थानान्तरण गर्न पहल गर्नुपर्ने बताउनुभयो ।

भक्तपुरको सांस्कृतिक सम्पदा संरक्षणसँगसँगै पर्यटन उद्योगको विकासमा पनि जोड दिनुपर्ने उल्लेख गर्दै उहाँले भक्तपुरको विकास निर्माणको काम उपभोक्ता मोडलबाटै अगाडि बढाउनु उपयुक्त हुने बताउनुभयो ।

जनताको समस्या सम्बोधन गरी देको मिवा आवास योजनालाई छिट्टै सम्पन्न गर्नेतर्फ नगरपालिकाले अगाडि बढ्न मार्गनिर्देश गर्दै उहाँले विद्यालय र विश्वविद्यालयलाई उत्पादन श्रमसँग जोड्ने शिक्षा आवश्यक रहेको बताउनुभयो ।

अमेरिकाले भेनेजुयलामाथि गरेको आक्रमण निन्दनीय रहेको उल्लेख गर्दै सचिव सुवालले अमेरिकाले भेनेजुयलामाथि गरेको साम्राज्यवादी आक्रमणले संयुक्त राष्ट्र सङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानुनसमेत उल्लङ्घन भएको बताउनुभयो ।

नयाँ पुस्तालाई नयाँ विचार, सूचना र प्रविधिसँग जोड्दै लानुपर्ने आवश्यकता औँल्याउँदै उहाँले विद्यालयमा पाठ्यक्रमअनुसार विद्यालय शिक्षकको बन्दोबस्त गर्नुपर्ने, समय समयमा खाद्य अनुगमन गर्नुपर्ने, सांस्कृतिक नगर बनाउन प्रयास जारी राख्नुपर्ने, सडकहरूमा हरियाली कायम गर्नुपर्ने, युवाहरूलाई कुलतबाट टाढा राख्नुपर्ने र नयाँ पुस्तालाई खेलकुद, सङ्गीत, वाद्यवादन, नृत्य, चित्रकलालगायत अतिरिक्त क्रियाकलापमा पनि संलग्न गराउनुपर्ने बताउनुभयो ।

नगरसभा उद्घाटन कार्यक्रममा सभाका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आ.व. २०८२/८३ मा पारित बजेटको आधारमा साउनदेखि पुस २० गतेसम्म भएका कार्यहरूलाई सङ्क्षेपमा प्रस्तुत गर्नुभयो ।

उहाँले ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको भक्तपुर नगरपालिकाको नेतृत्वमा बसेर काम गर्न पाउँदा गौरवको अनुभूति भएको बताउँदै जनताको बलियो साथ र सहयोगबिना भक्तपुरको यो स्तरको विकास सम्भव नभएको बताउनुभयो ।

उहाँले स्थानीय तहहरू अधिकारसम्पन्न र स्वायत्त भएमात्रै जनताका आवश्यकताहरू छिटो-छरितो पूरा गर्न सकिन्छ भन्ने मान्यताअनुसार भक्तपुर नगरपालिकाले पूर्ण स्वायत्तताको अभ्यास गरिरहेको बताउँदै स्थानीय तहहरूलाई अधिकारसम्पन्न बनाउन समय-समयमा सरकारको ध्यानाकर्षण गरिरहेको बताउनुभयो ।

भक्तपुरलाई पारदर्शी, भ्रष्टाचारमुक्त र सम्पदा संरक्षित तथा पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न कटिबद्ध भएर लागिरहेको बताउँदै उहाँले जनप्रतिनिधि, स्थानीय जनता र राजनैतिक कार्यकर्ताहरूको एकमनको एकतालाई अझ बलियो बनाउनुपर्ने आवश्यकता महसुस भएको बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले भक्तपुरको ऐतिहासिक, सांस्कृतिक समृद्धि र आधुनिक विकासले भक्तपुरको विकास 'एकादेशको कथा' जस्तै बनेको छ भन्दै पुराना सम्पदा र नयाँ विकासका प्रयासहरूले आजको भक्तपुर निर्माण भएको बताउनुभयो ।

भौतिक पूर्वाधारका संरचनाहरू निर्माण हुनुमात्रै विकास होइन भन्दै उहाँले विकासको परिभाषालाई नै पुन:व्याख्या गर्नुपर्ने आजको आवश्यकता हो भन्नुभयो ।

सांसद गोसाईले भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलन देशको विकासको निम्ति हो वा विनाश भन्ने विषय अहिले विचारणीय भएको बताउँदै भक्तपुर नगरपालिकाको नियमित प्रकाशनहरू 'भक्तपुर मासिक' र 'ख्वप पौ' भक्तपुरको विकासको प्रतिबिम्ब हो भन्नुभयो ।

नगरपालिकाले सञ्चालन गरेको जनज्योति पुस्तकालयलाई स्तरीय पुस्तकालयको रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नगरपालिकाले प्रावि तहका विद्यालयहरूको सुधारतर्फ पनि ध्यान दिनुपर्ने र विद्यालयहरूका गणित र विज्ञान प्रयोगशालाहरू निर्माणमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरलाई नमुना नगरको रूपमा अघि बढाउन योगदान पुऱ्याउनुहुने सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दै जनताको नि:स्वार्थपूर्वक सेवा गर्ने अठोटका साथ भक्तपुरका जनप्रतिनिधिहरू अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर जिल्ला प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले भक्तपुर नगरपालिकाले प्रगतिउन्मुख काम गरिरहेको बताउँदै देशकै सानो नगरपालिका भएर पनि देशलाई दिशानिर्देश गर्ने उदाहरणीय काम भक्तपुर नगरपालिकाले गरेको बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका नि. मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले अस्पतालका सेवा र प्रगतिहरूबारे र ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले कलेजबाट प्रवाहित सेवा सुविधाबारे अवगत गराउनुभयो ।

नगरसभाको उद्घाटन कार्यक्रममा भनपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने भ.न.पा ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।




# भक्तपुर नगरपालिकाको उन्नाइसौँ नगरसभा सम्पन्न

भक्तपुर । भक्तपुर नगरपालिकाको उन्नाइसौँ नगरसभा पुस २८ गते सम्पन्न भयो ।

नगरसभा सफलतापूर्वक सम्पन्न भएकोमा सभाध्यक्ष नगरप्रमुख सुनील प्रजापतिले उद्घाटन कार्यक्रमका प्रमुख अतिथि, अतिथि, राजनैतिक तथा सामाजिक अगुवा, बुद्धिजीवी साथै नगरसभा अवधिभर सहयोग गर्ने जनप्रतिनिधि र कर्मचारीलगायत सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले जनप्रतिनिधिहरूलाई जनताको भावनाअनुसार काम गर्न प्रेरित गर्दै स्थानीय तहको सेवा प्रवाह प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले आफ्नो पदअनुसार काम गर्न जरुरी छ भन्नुभयो ।

नगर प्रमुख प्रजापतिको अध्यक्षतामा बसेको नगरपालिकाको उन्नाइसौँ नगरसभाको सोमबार बसेको बैठकले कर प्रशासनसम्बन्धी संशोधन प्रस्ताव, कर्मचारी म्याद थप प्रस्ताव र विभिन्न योजनाको रकमान्तरण तथा बजेट स्रोत सुनिश्चितताको लागि बजेट संशोधन प्रस्ताव र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

सभामा अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरणसम्बन्धी अस्थायी समन्वय समिति, खेलकुद समिति, आर्थिक तथा लेखा समिति, महिला बालबालिका तथा समाज कल्याण समिति, निर्माण समिति, बजार अनुगमन समिति, योजना अनुगमन समिति, वातावरण तथा पर्यटन समिति, शिक्षा समिति र न्यायिक समितिको प्रतिवेदन सम्बन्धित समितिका संयोजक तथा सदस्यहरूले प्रस्तुत गरेका थिए ।

सभामा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिकाको १९ औँ नगरसभाको प्रतिवेदन सङ्क्षिप्तमा प्रस्तुत गर्नुभयो ।

भक्तपुर नपाको उन्नाइसौँ नगरसभाले राष्ट्रपति मादुरो दम्पतिमाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन र उहाँहरूलाई सकुशल रिहाको लागि प्रस्ताव पारित गरेको थियो ।

२०८२ पुस २४ गतेबाट सुरु भई पुस २८ गते सम्पन्न भक्तपुर नपाको उन्नाइसौँ नगरसभा तीन दिन चलेको थियो ।

### राष्ट्रपति मादुरो दम्पतीमाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन नगर सभाबाट प्रस्ताव पारित

१९ औँ नगरसभा पुस २५ गते नगरसभाको बैठक पनि बसेको थियो ।

नगरसभाको बैठकले राष्ट्रपति मादुरो दम्पतीमाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन र उहाँहरूलाई सकुशल रिहा गरी अन्तर्राष्ट्रिय कानुनको पालना गर्न प्रस्ताव पारित गऱ्यो ।

प्रस्तावमा भनिएको छ, 'गत जनवरी ३, २०२६ को राति अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रत्यक्ष निर्देशनमा विशेष सैनिक दस्ता डेल्टाफोर्सले करिब १५० लडाकु हेलिकप्टर र अन्य युद्धक विमानहरूको प्रयोग गरी स्वतन्त्र र सार्वभौम देश भेनेजुयलामाथि आक्रमण गरी राष्ट्रपति निकोलस मादुरो तथा उनका पत्नी सिलिया फ्लोरेसलाई अपहरण गरी आफ्नो देशको अदालती कारबाही अगाडि बढाउनु अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्रको उल्लङ्घन भएको ठहर गर्दै विश्वका न्यायप्रेमी जनताले अमेरिकी साम्राज्यवादको विरोधमा प्रदर्शन गरिरहेका छन् ।

आफ्ना छिमेकी देशहरूमाथि प्रभुत्व जमाएर साना देशहरूको स्रोत साधन लुट्न सत्ता परिवर्तनका घृणित कार्यहरू गर्ने मुनरो नीतिलाई पुन: लागु गर्ने विभेदकारी ट्रम्प सरकारको भर्त्सना गर्दै नियन्त्रणमा राखिएका राष्ट्रपति मादुरो दम्पतीमाथि लगाइएको झूटा मुद्दा फिर्ता लिन र उहाँहरूलाई सकुशल रिहा गरी अन्तर्राष्ट्रिय कानुनको पालना गर्नसमेत यो नगरसभा जोड्दार माग गर्दछ ।'

सभाको विशेष समयमा सभासद् मन्जुमैया लाखा, सभासद् कृष्णनारायण दुमरु, सभासद् हेरा ख्याजु, सभासद् कृष्णगोपाल चौगुठी, सभासद् कृष्णलाल किसी, सभासद् सूर्यप्रसाद श्रेष्ठ, सभासद् हरिरत्न गोर्खाली, सभासद् इन्द्रबहादुर प्याठ, सभासद् गोविन्द दुवाललगायतले ध्यानाकर्षण गर्नुभएको थियो ।

सभामा भक्तपुर नगरपालिका १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, ३ का वडाध्यक्ष राजकृष्ण गोरा, ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, ७ का वडाध्यक्ष उकेश कवां, ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजु, ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व र १० नं. वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले सम्बन्धित वडा कार्यालयको अर्धवार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

### नगरसभाले मादुरो दम्पत्तीको सकुशल रिहाइ प्रस्ताव पारित

भक्तपुर नगरपालिकाका प्रमुख एवम् उन्नाइसौँ नगरसभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाको उन्नाइसौँ नगरसभाको पहिलो बैठक पुस २४ गते बस्यो ।

बैठकले नगरसभाको उद्घाटन सफलतापूर्वक सम्पन्न भएकोमा धन्यवादज्ञापन प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो । बैठक सुरु गर्दै सभाध्यक्ष प्रजापतिले विभिन्न देशबाट सञ्चालित आईएनजीओ र एनजीओको पैसाले राजनीतिक परिवर्तन ल्याउन सक्नेतर्फ सचेत हुनुपर्छ भन्नुभयो ।

अमेरिकाले भेनेजुयलामाथि गरेको आक्रमणजस्तै नेपालमा पनि कुनै विदेशी शक्तिले आक्रमण गर्न सक्नेतर्फ सचेत हुनुपर्ने उहाँले बताउनुभयो ।

---

**राष्ट्रियसभाको...**

छन्, जितेर आउँछन् । राष्ट्रियसभामा विभिन्न जात-जाति, भाषाभाषी, संस्कृतिलगायतका प्रतिनिधिहरू र विभिन्न क्षेत्रका विशेषज्ञहरू प्रतिनिधित्व गराउने उद्देश्य राखिएको हुन्छ । पार्टीका नेता र कार्यकर्ताहरूलाई नै निर्वाचित गर्ने हो भने राष्ट्रियसभाको कुनै अर्थ हुँदैन ।

अहिलेसम्म राष्ट्रियसभाको गठन विधिलाई हेर्ने हो भने प्रतिनिधिसभामा पराजित भएका, नेताहरूका नातागोता, नजिकका कार्यकर्ताहरूलाई नै पठाउने गरिएको छ । राष्ट्रियसभा देशको समस्या समाधान गर्ने बौद्धिक व्यक्तित्वहरू र पछाडि पारिएका वर्ग, जाति, भाषाभाषीको सदन बन्नुपर्नेमा शासक दलहरूको कार्यकर्ता व्यवस्थापन गर्ने ठाउँमा सीमित भएको छ । यसले राष्ट्रियसभाको औचित्यमाथि नै गम्भीर प्रश्न उठेको छ ।

**राष्ट्रिय सभाको आवश्यकता किन ?**

प्राय: प्रजातान्त्रिक मुलुकहरूमा दुई सदनात्मक व्यवस्था गरिएको पाइन्छ । नेपालमा सङ्घीयता लागू भएपछि राष्ट्रियसभाको आवश्यकता र महत्त्व झन् बढेको छ । स्थानीय र प्रदेशसभा सदस्यहरूले निर्वाचित गर्ने भएको हुँदा ती सांसदहरू सङ्घीय प्रतिनिधि हुन्छन् । एउटा मात्र सदन भएको अवस्थामा प्रतिनिधिसभाले गरेको निर्णय गलत हुन गए त्यसलाई सच्याउने समेत ठाउँ हुँदैन । प्रतिनिधिसभाले सधैँ देश र जनताको लागि ठिक निर्णय गर्छ भन्ने पनि छैन । त्यसैले प्रतिनिधिसभाको निर्णय सच्याउन पनि राष्ट्रियसभाको आवश्यकता पर्दछ ।

केही समयअघि कर्मचारी विधेयक प्रतिनिधिसभाले पारित गऱ्यो तर 'कुलिङ पिरियड' को विषयलाई लिएर विवाद चर्कियो । पछि प्रतिनिधिसभामा समर्थन गर्ने दलहरूले नै राष्ट्रियसभामा सच्याउने प्रयास गरे । भदौ २३ र २४ गतेको युवाहरूको प्रदर्शनीले सरकार नै पल्टाइदियो । संसद्को दुवै सदनमा विचाराधीन विधेयकहरू निष्कृय हुने अवस्था आयो । कर्मचारी विधेयकलगायत धेरै विधेयकहरू निष्कृय भए ।

दुई सदन हुँदा प्रक्रियागत रूपमा ढिलो हुनु स्वाभाविक छ तर एउटा सदनमा उत्पत्ति भएको विधेयक अर्को सदनमा पनि व्यापक छलफल हुने भएकोले परिमार्जन गर्ने अवसर प्राप्त हुन्छ । पहिले नागरिकता विधेयक प्रतिनिधिसभाबाट पारित भएपछि राष्ट्रियसभाले लामो समयसम्म रोकेको इतिहास पनि छ । तर, पछि विदेशीको इसारामा त्यसलाई पारित गरिछाडियो ।

संसदीय व्यवस्थाको जननी मानिने बेलायतमा पनि माथिल्लो सदन हाउस अफ लयर्सको व्यवस्था छ तर नेपालमा जस्तो सभाका सदस्यहरू निर्वाचित होइनन् कि वंशजको आधारमा हस्तान्तरण हुँदै जाने व्यवस्था छ । त्यहाँ भारदारहरू, काजीहरू, चौतारियाहरू सदस्य रहने व्यवस्था छ भने वहालवाला राजा वा रानीका तर्फबाट मनोनित हुने लर्डहरू पनि हुन्छन् । त्यसरी विभिन्न क्षेत्रहरूबाट प्रतिनिधित्व गर्ने लर्डहरू ११७० भन्दा बढी हुन्छन् । ती सदस्यहरूको खासै महत्त्व राख्दैन । त्यहाँ तल्लो सदन (हाउस अफ कमन्स) शक्तिशाली हुन्छ । तल्लो सदन विघटन भएको वा निष्कृय रहेको अवस्थामा माथिल्लो सदन पनि निष्कृयसरह हुन्छ ।

संसारमा माथिल्लो सदनको गठन प्रक्रिया भिन्न भिन्न रहेको पाइन्छ । नर्वेमा प्रतिनिधिसभाको निर्वाचनबाट गठिन सदस्यहरूमध्येबाटै एकतिहाइ सदस्यहरू माथिल्लो सदनको लागि निर्वाचित गरिन्छ र त्यो अवधिभर नै उनीहरूको पनि पदावधि कायम रहेको हुन्छ ।

भारतमा भने २५० सदस्यमध्ये २३८ सदस्य विधानसभा र सङ्घीय इलाकाहरूबाट निर्वाचित हुने र १२ जना सदस्यहरू राष्ट्रपतिबाट मनोनित हुने व्यवस्था छ । राष्ट्रपतिबाट मनोनित हुनेमा साहित्य, विज्ञान, कला र समाज सेवाको क्षेत्रमा विशेष ज्ञान वा अनुभव हुनुपर्ने व्यवस्था छ ।

यसरी विभिन्न देशको अनुभवले पनि राष्ट्रियसभाको आवश्यकता रहेको देखाउँछ । तर, नेपालमा भागबन्डामा निर्वाचित गर्ने परम्पराले जुन उद्देश्यले राष्ट्रियसभाको गठनको व्यवस्था गरिएको हो, त्यो पूरा हुन सकिरहेको छैन । प्रतिनिधिसभाको जस्तो संरचना छ राष्ट्रिय सभाको पनि उस्तै छ । संरचना उस्तै, काम उस्तै छ भने दुईवटा सदनको आवश्यकता नै किन पऱ्यो भने प्रश्न पनि उठेको छ ।

गत निर्वाचनमा नेकाका कृष्णप्रसाद सिटौला झापामा प्रतिनिधिसभा सदस्यमा पराजित भए । पछि उनी राष्ट्रियसभा सदस्यमा निर्वाचित भए । यो वर्ष एकीकृत समाजवादीका नेतृ रामकुमारी झाँक्री एमाले प्रवेश गरिन् र माघ ११ गते हुने निर्वाचनका लागि उनी एमालेको तर्फबाट राष्ट्रियसभामा उम्मेदवार बनेकी छिन् । उनी निर्वाचित हुने पनि निश्चित छ । प्रतिनिधिसभा सदस्य, मन्त्री पनि भइसकेका व्यक्ति पुन: राष्ट्रियसभाको सदस्य भएपछि राष्ट्रियसभाको औचित्य कसरी पूरा हुन सक्छ ?

वास्तवमा राष्ट्रिय सभामा दलको सदस्य नभए पनि राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका व्यक्तित्वहरू, अवकाश प्राप्त प्राध्यापकहरू, वैज्ञानिकहरू, कुनै न कुनै क्षेत्रमा विशिष्ट योगदान गर्न सक्ने सक्षम मानिसहरूलाई निर्वाचित गर्नुपर्ने हो । दलित, अपाङ्गता भएका व्यक्ति, पिछडिएका महिलालगायत बोल्न नसक्ने र नीति निर्माण तहमा पुग्न नसक्ने विभिन्न जात, क्षेत्र वा समुदायका प्रतिनिधित्व गराइएको भए ती मानिसहरूले चित्त बुझाउने ठाउँ रहने छ । यसैको लागि राष्ट्रियसभा आवश्यक भएको हो ।

---

# भेनेजुयलामा अमेरिकी आक्रमणविरुद्ध महिला भेला

भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर नगर समितिले पुस २३ गते अमेरिकाले भेनेजुयलामा गरेको आक्रमणको विरोधमा महिला भेला गऱ्यो ।

भेलामा वाग्मती प्रदेश सांसद सृजना सैंजूले भेनेजुयलाको इतिहास र वर्तमान अवस्थाबारे चर्चा गर्दै हाम्रोजस्तो सार्वभौमिक देश पनि सचेत हुनुपर्ने कुरा स्पष्ट पार्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका सदस्य गंगाराम ज्याख्वले जनवरी ३ को भेनेजुयलामा भएको आक्रमणले विश्वको ध्यान गएको कुरा स्पष्ट पार्नुभयो । उहाँले अन्तर्राष्ट्रिय कानुन कुल्चेर गरेको सो आक्रमणले अमेरिकी साम्राज्यवादले विश्वमा अशान्ति मच्चाएको स्पष्ट हुन्छ भन्नुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले विश्वको राजनीतिक घटनाक्रम, अन्तर्राष्ट्रिय कानुन, आन्तरिक र बाह्य हस्तक्षेपबारे स्पष्ट पार्नुभयो ।

आयोजक समितिका अध्यक्ष एवं सभापति रामेश्वरी कोजुले विश्व राजनीतिबाट हाम्रो जस्तो सार्वभौम सम्पन्न देश पनि अछुटो रहन नसक्ने बताउनुभयो ।

उक्त कार्यक्रममा समितिका सचिव मञ्जुमैयाँ लाखाले भेलाको आवश्यकताबारे चर्चा गर्नुभएको थियो ।

भ.जि.का.द.नं. १-०५०/५१
भ.पु.जि.हु.का.द.नं.१-७४/७५





**सन्तानलाई...**

काठमाडौँ विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका निर्देशक प्रा.डा. ली सोङ छ्वङले नेपालका विद्यार्थीमा चिनियाँ भाषा र संस्कृतिप्रतिको आकर्षण र सिकाइ निकै उत्साहप्रद रहेको र यसले दुई देश र दुई समाजबिचको सम्बन्ध अझ प्रगाढ हुने बताउनुभयो ।

उहाँले आफ्नो संस्थाको प्रत्यक्ष परोक्ष सहयोगमा ७० हजारभन्दा बढीले चिनियाँ भाषा सिकिरहेको र बाल विकास स्कूल नमुना सिकाइ केन्द्र जत्तिकै भएको बताउनुभयो ।

काठमाडौँ विश्वविद्यालय समावेशी शिक्षा विभाग प्रमुख तथा ईसीडी तथा व्यावसायिक अध्ययनविज्ञ प्रा. वासु सुवेदीले शिक्षाले सीप, संस्कार, जीवन र जीविका दिनुपर्छ भन्दै बालमैत्री अवधारणाअनुसार बालबालिकासित व्यवहार गर्नु र अध्यापन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले विद्यार्थीले प्राप्त गर्ने ग्रेडमा भन्दा उसको सिकाइ र चारित्रिक विकासमा जोड दिनुपर्ने बताउनुभयो ।

समारोहमा बालमनोविज्ञ प्रियङ्का चौगुठीले बालबालिकाको व्यवहार समस्या नभई भावना सञ्चारको माध्यम भएको बताउँदै त्यसैलाई बुझेर शिक्षक र अभिभावकले व्यवहार गर्नुपर्ने बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले बाल विकास स्कूलले निरन्तर उन्नत बालमैत्री शिक्षण विधि र बाल मनोविज्ञानअनुसार शिक्षा प्रदान गर्ने कोसिस गरिरहेको बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई आत्मकेन्द्रित र स्वार्थी बन्ने नभई मिलनसार र सहयोगी बन्ने शिक्षा दिनु आवश्यक छ भन्नुभयो ।

समारोहमा विद्यालयकी शिक्षिका सीता प्रजापतिले प्रगति प्रतिवेदन पेस गर्नुभयो भने कक्षा १ देखि ४ सम्मका कोअर्डिनेटर शिक्षिका बिना कर्माचार्यले स्वागत मन्तव्य राख्नुभयो ।

समारोहमा कक्षा १ देखि ४ सम्मका विद्यार्थीहरूले विभिन्न आकर्षक गीत, नृत्य, नाटक तथा सांस्कृतिक प्रस्तुतिहरू प्रदर्शन गरेका थिए ।



**देश...**

साहित्यकार तथा शिक्षासेवी सूर्यप्रसाद लाकोजूले नेपालभाषा आ-आफ्नो ठाउँको फरक देखिए तापनि आफ्नोजस्तो बोलीचालीको छ त्यसलाई प्रयोगमा ल्याउनुपर्छ भन्नुभयो ।

नेपालभाषा साहित्य त:मुंज्याका उपाध्यक्ष कृष्णकुमार वैद्यले त:मुंज्याले साहित्य, कलालाई मनोरञ्जनको साधनको रूपमा मात्र नभई देश र जनताको गहकिलो छलफल गर्ने डबलीको रूपमा अगाडि बढाइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "साहित्य र कला मानिसकै सिर्जना भएकोले साहित्यकार र कलाकारहरूले समाजमा आपूले भोगिरहनुपर्ने अवस्थालाई उजागर गर्छन् । त्यसैले साहित्य र कला राजनीतिबाट अलग्ग हुँदैन ।"

साहित्यकार तथा समाजसेवी शमशेरबहादुर न्हुच्छेप्रधानको सभापतित्वमा भएको कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवालले बनेपाका सांस्कृतिक गुरु नारायणप्रसाद जोशीलाई दोसल्ला ओढाइ सम्मानपत्र प्रदान गर्नुभयो ।

सम्मेलनमा कथातर्फ प्रथम टीकाभक्त भोछिभोया, द्वितीय सृष्टि डंगोल, तृतीय श्रीया पहिजू र सान्त्वना एल.के. सुन्दर र कवितातर्फ प्रथम सकुन्तला महर्जन, द्वितीय सिद्धिबहादुर कर्माचार्य, तृतीय उत्सुक विजय र सान्त्वना एन्जिलिना बासुकलालाई हुन सफल भएको थियो ।

त्यसैगरी लेख रचना वाचन गर्नुभएका हर्षनारायण कर्माचार्य र मणिराज श्रेष्ठलाई प्रमाणपत्र प्रदान गरिएको थियो । सांस्कृतिक विधा प्रस्तुत गरिएका सङ्घ-संस्था र कलाकारहरूलाई प्रमाणपत्र र मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रममा नेपालभाषा साहित्य त:मुंज्या काभ्रेका अध्यक्ष सत्यनारायण श्रेष्ठले धन्यवाद व्यक्त गर्नुभएको थियो । कोषाध्यक्ष पुण्यशोभा श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । साहित्य सम्मेलनपछि सांस्कृतिक कार्यक्रम भएको थियो ।

चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।

जाडो तथा चिसोको समयमा:

❖मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
❖बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।
❖चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
❖तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
❖शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
❖घर तथा कोठा न्यानो बनाऔं।
❖नियमित घाम ताप्ने गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**नेमकिपाका...**

त्यस्तै, पार्टी लुम्बिनी प्रदेशका संयोजक हरिसुन्दर बासीले जसको लाठी उसैको भैंसी अमेरिकी नीति धेरै समय नटिक्ने भन्दै अमेरिका हतियारको व्यापारी देश भएको प्रस्ट पार्नुभयो ।

सभामा वाग्मती प्रदेशसभा सदस्य सृजना सैजुले अमेरिकाले अँगालेको मुनरो नीति म्याद सकिएको औषधि हो भन्दै अमेरिकाले भियतनाम, उ. कोरिया र क्युवाको इतिहासबाट पाठ सिक्ने चेतावनी दिनुभयो ।

उक्त कार्यक्रममा विनोद विकले प्रगतिशील गीत गाउनुभएको थियो ।

सभामा केन्द्रीय सदस्य सरोजराज गोसाईले अमेरिकी राजदूतावासमा बुझाइएको विरोध पत्र वाचन गर्नुभएको थियो ।

नेक्राविसङ्घ काठमाडौँका अध्यक्ष रोजित महर्जनले भेनेजुयलामाथि संरा अमेरिकाले गरेको हस्तक्षेपको विरोधमा नेक्रायुसङ्घ र नेक्राविसङ्घले प्रकाशित गरेको अपिल वाचन गर्नुभएको थियो ।

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईको नेतृत्वमा गएको टोलीले भेनेजुयलामाथि अमेरिकी साम्राज्यवादको बर्बरतापूर्ण हमलाको विरोधमा नेमकिपाको विरोधपत्र महाराजगञ्जस्थित संरा अमेरिकी राजदूतावासमा बुझाएको थियो ।

सभाअघि रत्नपार्कबाट सुरु भएको विरोध जुलुस, भोटाहिटी, असन, त्यौड, बाङ्गेमुडा, जुद्ध सालिक, न्युरोड हुँदै पुन: रत्नपार्कमा पुगी सभामा परिणत भएको थियो ।

जुलुस सुरु हुनुअघि नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले अमेरिकी दबाबमा एमसीसी सम्झौता गराएर नेपालको भूमिमा गुप्तचरहरूलाई चलखेल गर्ने अवसर दिएको उल्लेख गर्दै जेनजीका युवा विद्यार्थीहरू आमूल परिवर्तनको निम्ति समाजवादी आन्दोलनमा लाग्नुपर्ने बताउनुभयो ।

एकक्षण

प्रधान

# भक्तपुरका जनता किन साम्राज्यवादविरोधी भए ?

राजधानीका तीन सहरमध्ये कुनै बेला भक्तपुर सबैभन्दा पिछडिएको, अशिक्षित र गरिब सहर थियो । भक्तपुर इतिहासमा एक सुन्दर राजधानी, अनेक मठमन्दिर एवं सांस्कृतिक धरोहर र ऐतिहासिक स्मारकहरूको क्षेत्र थियो । तर, राणाकालका शासकहरूले देश र जनताको जीवन र देशलाई सुधार गर्नुभन्दा शोषणलाई प्राथमिकता दिए । त्यही सिलसिलालाई २००७ सालपछि जनताका सरकार भन्ने शासकहरूले पनि खासै ध्यान दिएनन् । पञ्चायतकालमा पनि जनताको रोजगारी शिक्षा र सफाइमा खासै ध्यान दिइएन ।

त्यसपछि नयाँ पुस्ताका युवा किसान कार्यकर्ताहरूलाई रातिराति किसानहरूको पाठशालाहरू खोले । त्यसपछि किसान महिलाहरूको रात्री स्कूलहरू खोले । त्यसको केही वर्षपछि टोलटोल र केही गाउँहरूमा युवाहरूले पाटीपौवाहरूमा स-साना बालबालिकाहरूलाई स्वयम्सेवकहरू भई पढाउन थाले । त्यसको पनि दसौं वर्षपछि मात्र बल्ल बल्ल पञ्चायत सरकारले एक दुई वटा प्राथमिक विद्यालयलाई स्वीकृत दिएको थियो ।

जनताले बुझ्न थाले, आफ्नो आवश्यकताको निम्ति सरकारको मुख ताक्नुभन्दा स्थानीय जनताले नै आपसमा छलफल र बैठक बसी काम गर्नु छिटो हुन्छ । २०१९ सालपछि गल्ली र गाउँका किसानहरू जनप्रतिनिधिमा आफ्ना आवश्यकता आफैंले बुझे । नगरपालिका पनि 'खानेपालिका' को सट्टा जनताको पालिका बनाए । गाउँ र गल्लीका किसान, सिकर्मी, डकर्मी र सारा किसान जनता मिलेर टोलटोलको पोखरी सफाइ र मर्मतको पनि काम थाले, गल्लीहरूमा ढल सफा गरेर बाटाहरूको मर्मत र सम्भार गरे, सरकारको मुख ताक्न छोडे ।

किसान जनतालाई दु:ख दिने, बाली खाइदिने, धर्मको नाममा छोडेका साँढेहरूलाई नगरकोटको वनमा धपाउने कार्य गरे । तर, स्थानीय सामन्तहरूले साँढे धपाउने राम्रो काम गर्ने जनतालाई शारीरिक आक्रमण गरी निहत्था धेरै किसानहरूलाई घाइते बनाए । किसान जनताले थाहा पाए कि स्वीकृत पाएर गरेको कार्यलाई समेत प्रशासकहरूले स्थानीय प्रतिक्रियावादीहरूको कुरा सुनी जनतालाई थुन्ने र मुद्दा लगाउने काम गरे । किसानहरूले पक्राउ परेका कार्यकर्ता छुटाउन 'साँढे धपाउ आन्दोलन' चालु राखे ।

देशमा भूमिसुधार लागू भयो । भूमिसुधारको ऐनअनुसार किसानले धानबालीको २ भाग र जग्गा धनीले एक मात्र पाउने भए । गहुँबाली सबै जोताहाकै हुने भयो । किसानले ऋण लिएकोमा सावाँभन्दा ब्याज बढी तिरिसकेको भए ऋण तिर्न नपर्ने भयो । ज्याला नदिई मालिककहाँ काममा जानुपर्ने बेठ-बेगारी जानै नपर्ने भयो ।

भूमिसुधारको नयाँ बन्दोबस्तले जोताहा किसान जनताको जीवन स्तरमा बिस्तारै परिवर्तन भयो । एक दुई वर्षभित्र किसानहरूको घरघरमा पानी चुहिएको छाना मर्मत गर्न र विद्यालयहरूमा केटाकेटीको भर्नाको सङ्ख्या दोब्बरभन्दा बढी देखियो ।

तर, जग्गा धनीहरूले किसानलाई बाली बुझाएको भर्पाई दिन मानेनन् । भरपाईबिना किसानले पनि बाली तिर्न मानेनन् । बाली नतिरेको निहुँमा किसान जग्गाबाट बेदखल वा निष्कासन हुने सम्भावना भयो । त्यसैले भर्पाई आन्दोलन सुरु भयो । तर, प्रशासकहरूको मिलेमतोमा जग्गा धनी र जोताहा किसानबिच कानुनी र गैरकानुनी सङ्घर्ष हुँदा किसान कार्यकर्तामाथि कुटपिट र लुटपिटको मुद्दा चलाइयो । केही किसान कार्यकर्ताहरू कारागारमा बन्दी बनाइए । किसानको पक्षमा केही वर्ष 'बाली काट्ने आन्दोलन' चल्यो र केही किसान कार्यकर्ता पक्राउ परे ।

२०२०-२२ सालतिर मेक्सिकोमा विकास गरिएको 'लेमा गहुँ' को बीउ भक्तपुरमा परीक्षण गरियो । एक रोपनीमा दुई मुरी मात्र फल्ने खेतमा लेमा गहुँ ६ मुरी सजिलै उब्जनी भयो र छ्वाली पनि दोब्बरभन्दा बढी भयो । एकातिर किसानले गहुँ तिर्नै नपर्ने र अर्को तिर गहुँ पनि धेरै फल्दा किसानहरूको जीवन स्तरमा प्रस्ट परिवर्तन देखियो । त्यस्तै धानबालीमा पनि ताइचिन नयाँ बीउले धानबालीमा उल्लेखनीय वृद्धि भयो ।

किसान जनताको आर्थिक जीवनमा आएको सकारात्मक परिवर्तनले भक्तपुर जिल्लाको सहर, बजार र पसलहरूको आम्दानीको स्रोतमा उल्लेखनीय वृद्धि भयो । त्यसमा चिया पसल, धागो र चुरा पसल, धुप र बत्ती र अन्य धार्मिक कार्यको निम्ति चाहिने माल सामानको व्यापार बढ्यो । टोपी, लुगा, जुत्ता र महिलाहरूको श्रृङ्गारको सामान र विद्यालयको भर्नाको सूची पनि वृद्धि हुँदै गयो ।

**भ्रष्टाचारी सहकारी संस्थाको विरोध**

तीन महिनासम्म मात्र खान पुग्ने जोताहा किसान अथवा गरिब किसानहरूको निम्ति खेतीपातीको बेला मल, बीउ र ज्याला दिन पनि रकम नहुने र बढी ब्याज दिएर ऋण तिर्नुपर्ने स्थितिबाट मुक्त पार्न सहकारी संस्थाको बन्दोबस्त गरियो । भूमिसुधारको ऐनअनुसार धनी किसानले अलि बढी तथा मध्यम र गरिब किसानले अलि बढी बचतकोषमा राख्ने नियम बनाइएको थियो । जग्गाधनीहरूले पनि अलि कम बचतकोषमा बाली अथवा रकम जम्मा गर्नुपर्दथ्यो ।

'धान रोप्ने र गहुँ छर्ने' कामपछि 'भक्तपुरको नवदुर्गा सहकारी संस्था' ले चितवन र मकवानपुर (हेटौँडा) बाट मकै, तोरी र रासायनिक मलको व्यापार गर्थ्यो । तर, 'सहकारी संस्थाका कार्यकारी अधिकारीहरू' ले त्यसको हिसाब नराखी भ्रष्टाचार गरेको देखियो । संस्थाका सदस्यहरूलाई हिसाब नदेखाए ऋण नतिर्ने अडान लिएपछि प्रशासनले नक्कली साधारणसभाबाट पुरानै पदाधिकारीहरू निर्वाचित भएको निर्णय तयार गऱ्यो । त्यसको विरोधमा नेपालमा पहिलो पटक सहकारी संस्थाको भ्रष्टाचारविरोधी सङ्घर्ष भयो । झन्डै दुई वर्ष भ्रष्टाचारविरोधी आन्दोलन भयो' धेरै किसान कार्यकर्ताहरू बन्दी बनाइए ।

**राजनीतिक चेतना र साम्राज्यवादविरोधी सङ्घर्ष**

टोलटोलमा किसानहरूको रात्रि कक्षाहरू सञ्चालनमा वर्णमालाको सावाँ अक्षर लेख्न र पढ्न सिकाइन्थ्यो । स-साना हिसाब र भूगोल पढाइन्थ्यो । बिस्तारै महादेशहरू तथा बेलायती पुँजीवादी क्रान्ति, अमेरिकी स्वतन्त्रता आन्दोलन र फ्रान्सेली क्रान्तिका छापाहरूमार्फत जानकारी दिइन्थ्यो ।

पछिपछि युरोपका मजदुर आन्दोलनहरू, पेरिस कम्युन र रुसी समाजवादी क्रान्तिसम्म परिचय गराइयो ।

दोस्रो विश्वयुद्धपछि कोरियाली जनताको पितृभूमिको रक्षामा १९५० देखि १९५३ सम्मको सङ्घर्ष भियतनामी जनताको अमेरिकाविरोधी सङ्घर्ष, इन्डोनेसिया, अफ्रिका र क्युवाको समाजवादी क्रान्तिबारे पनि शिक्षित गरिन्थ्यो । यसलाई अन्तर्राष्ट्रवादी आन्दोलनहरूको सङ्घर्षको रूपमा लिइन्थ्यो ।

यसकारण, नेपालमा अमेरिकी साम्राज्यवादले भियतनाममाथि गरेको आक्रमणको विरोध नेपालमा पहिलो जुलुस भक्तपुरमा भएको थियो । त्यसपछि बरोबर आजसम्म विभिन्न देशमा भएको साम्राज्यवादविरोधी सङ्घर्षहरूको समर्थनमा प्रदर्शन भइरहेको छ । राजनीतिक चेतनाले अमेरिकी साम्राज्यवादविरोधी सङ्घर्ष स्वाभाविक हुँदै गयो ।

**लम्कीमा...**

मिलेको बताउनुभयो । कामदार जनताको मुक्ति समाजवादमा हुने उल्लेख गर्दै उहाँले नेपालको कम्युनिस्ट आन्दोलनमा पार्टीले प्रकाशस्तम्भको रूपमा काम गरिरहेको स्पष्ट पार्नुभयो ।

नेपालमा नामधारी कम्युनिस्टले कम्युनिस्टको बदनाम गरेकोले अब यही फागुन २१ मा हुने निर्वाचनमा जनताको घरदैलोमा पुगी निर्वाचनबारे जनतालाई सचेत पार्नुपर्ने विचार व्यक्त गर्दै उहाँले नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरका रूपमा लिने प्रस्ट पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले परिषद्मा भएका विभिन्न निर्णयकाबारे बोल्दै पार्टीको ५२ औँ स्थापना दिवस २०८२ माघ १० गतेको अवसरमा माघ महिनाभरि क्रान्तिकारी नेताहरूको जीवनी अध्ययन गर्ने, संसारका मजदुर र कम्युनिस्ट आन्दोलनबारे अध्ययन अन्तरक्रिया गरी मनाइने बताउनुभयो ।

पार्टी कार्यकर्ताले पार्टी प्रकाशन 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिकलगायतका अन्य प्रकाशन निरन्तररूपमा अध्ययन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले पार्टी परिषद्ले नेपाली जनताद्वारा भेनेजुयलामाथि अमेरिकी आक्रमणको कडा रूपमा निन्दा एवं भर्त्सना गरेको स्पष्ट पार्नुभयो ।

अब आउने निर्वाचनमा साम्राज्यवादी र भारतीय एकाधिकार पुँजीका पक्षपातीहरूलाई हराउनु देशभक्त नेपालीहरू ठाउँमा आउनुपर्ने बताउनुभयो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३